सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२७ भदौ २०८०, बुधबार (13 Sep 2023, Wednesday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १५३ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

■ ६० किलो सुन तस्करी

सिआइबीले आज अनुसन्धान प्रतिवेदन बुझाउँदै

३० अभियुक्तविरुद्ध बरामद सुनको मूल्यबराबर बिगो दाबी



● डिआइजी **कुबेर कडायत,** प्रवक्ता, नेपाल प्रहरी

६० किलो सुन तस्करीसम्बन्धी अनुसन्धान सकिएको छ। अनुसन्धान प्रतिवेदन बुधबार सरकारी वकिल कार्यालयमा पेस हुनेछ। त्यसअघि सिआइबीले पत्रकार सम्मेलनमार्फत आवश्यक विवरण पनि सार्वजनिक गर्ला।

टेकराज थामी/नयाँ पत्रिका

करिब ४० दिन लगाएर नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले ६० किलो सुन तस्करीसम्बन्धी अनुसन्धान टुंग्याएको छ। सिआइबीले अनुसन्धान प्रतिवेदन बुधबार जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंमा पेस गर्दै छ। तस्करी प्रकरणमा ३० जना अभियुक्त छन्।

नेपाल प्रहरीको केन्द्रीय प्रवक्ता डिआइजी कुबेर कडायतले ६० किलो सुनको अनुसन्धान प्रतिवेदन सरकारी वकिल कार्यालयमा पेस गरिने बताए। '६० किलो सुन तस्करीसम्बन्धी अनुसन्धान सकिएको छ। अनुसन्धान प्रतिवेदन बुधबार सरकारी वकिल कार्यालयमा पेस हुनेछ। त्यसअघि सिआइबीले पत्रकार सम्मेलनमार्फत आवश्यक विवरण पनि सार्वजनिक गर्ला,' उनले भने।

सिआइबीले २१ साउनदेखि अवैध सुन चोरी पैठारी तथा संगठित अपराधअन्तर्गत ६० किलो सुन तस्करीको अनुसन्धान गर्दै आएको छ। बरामदपछि राजस्व अनुसन्धान विभागले ६० किलो सुन अनुसन्धानको सम्पूर्ण मिसिल सिआइबीलाई बुझाएको थियो। त्यसयता घटनामा संलग्न १२ अभियुक्त पक्राउ परेका छन्। सुन राखिएका विभिन्न पाँच गोदाममा छापा मारिएको थियो।

सिआइबीका अनुसार घटनामा

» पृष्ठ ११ मा क्रमशः



सिआइबीले अभियुक्तविरुद्ध ६० किलो ७१६ ग्राम सुनको मूल्यबराबरको बिगो दाबी गरेको छ। बुधबारको बजार भाउअनुसार बिगो दाबी गरिएको सुनको मूल्य ५६ करोड ४४ लाख रुपैयाँ पर्छ। 'घटनामा ३० अभियुक्त पक्राउ परेका छन्। उनीहरूविरुद्ध बरामद भएको सुनको मूल्यबराबर बिगो दाबी माग गरिएको छ। यो भनेको करिब ५६ करोड ४४ लाख हुन आउँछ,' स्रोतले भन्यो।

मलद्वारमा लुकाई फेरि एक किलो सुन तस्करी

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयबाट बाहिरिएको करिब एक किलो सुन प्रहरीले बरामद गरेको छ। तस्करीमा संलग्न तीन व्यक्ति पनि पक्राउ परेका छन्। हिमालयन एयरलाइन्समार्फत सोमबार दुबईबाट काभ्रे खानीखोलाका बाबुलाल दोडले मलद्वारमा लुकाएर सुन तस्करी गरेका हुन्। उनलाई विमानस्थलबाट निस्किएलगत्तै जिल्ला प्रहरी परिसर, काठमाडौंको टोलीले सोमबार बेलुका पक्राउ गरेको हो। कालो टेपले बेरिएको दुईवटा लाम्चो र डल्लो सुन उनले मलद्वारमा लुकाएर तस्करी गरेका थिए। भन्सार जाँच छल्न उनले मलद्वारमा सुन लुकाएका हुन्।

अनुसन्धानका क्रममा सुन तस्करीमा उनलाई सघाउने काभ्रे रोशीका जगत लामा र काभ्रे महाभारतका मिङ्मा दोर्जे स्याङ्तानलाई पनि पक्राउ गरिएको जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी कुमोद ढुंगेलले जानकारी दिए। बरामद सुन नौ सय ६० ग्राम छ।

सुनसहित पक्राउ परेका बाबुलाल भिजिट भिसामा दुबई गएका थिए। पटक-पटक गएकाले यसअघि पनि उनले सुन ल्याएको हुन सक्ने आशंका छ। सुन तस्करी गराउने गिरोहका नाइके भने फरार रहेको स्रोत बताउँछ। काभ्रेका केही स्थानीय नेतासँग पनि तस्करहरूको साँठगाँठ देखिएको छ। प्रहरीले पक्राउ परेकालाई थप अनुसन्धानका लागि विमानस्थलस्थित भन्सार कार्यालय पठाएको छ। यो घटनाको प्रहरीबाट पनि थप अनुसन्धान गर्ने तयारी छ।

मध्यमार्गी नेताको शान्त प्रस्थान

संविधान निर्माणमा सहमति र एकताको सूत्रधारका रूपमा अनवरत क्रियाशील रहेका कारण संविधानसभा अध्यक्ष सुवास नेम्वाङ एमाले मात्र होइन, अन्य दलका लागि पनि स्वीकार्य पात्र थिए



सुवासचन्द्र नेम्वाङ
(२८ फागुन ००९-२६ भदौ ०८०)

शोकमा बिहीबार सार्वजनिक बिदा, राजकीय सम्मानका साथ अन्त्येष्टि गरिने

● नेम्वाङको पार्थिव शरीर श्रद्धाञ्जलीका लागि बुधबार १ बजेसम्म पार्टी कार्यालयमा र त्यसपछि बालुवाटारस्थित निवासमा राखिने।

● तीन दिनसम्म पार्टीको केन्द्रीय कार्यालय, प्रदेश कार्यालय र जिल्ला कार्यालय तथा इलाम निर्वाचन क्षेत्र नं. २ मा शोकपुस्तिका राखिने। पार्टी र पार्टीसम्बद्ध जनवर्गीय संगठनको औपचारिक कार्यक्रम तीन दिनसम्म स्थगित। २ असोजमा पार्टी मुख्यालयमा विशेष श्रद्धाञ्जली सभा।

शुरोजंग पाण्डे, कमलराज भट्ट
तस्बिर : **संजित परियार, अमुल थापा**

संविधानसभाबाट संविधान बनाउने मौका विरलै देशले पाउँछन् र त्यसमा पनि सभाको दुई-दुईपटक अध्यक्षता गर्ने जिम्मेवारी भन्ने दुर्लभ अवसर हो। सुवास नेम्वाङलाई त्यस्तो अभूतपूर्व अवसर मिल्यो, जसको नेतृत्वमा ३ असोज ०७२ मा संविधानसभाबाट नेपालको संविधान जारी भयो। उनै नेम्वाङको अकल्पनीय निधनले देशले एक मध्यमार्गी वरिष्ठ राजनीतिज्ञ गुमाएको छ, राजनीतिक

» पृष्ठ ११ मा क्रमशः



मेरा लागि उहाँ पार्टीको उपाध्यक्ष मात्र होइन, हितैषी मित्र र सुखदुःखको साथी हुनुहुन्थ्यो। लोकतान्त्रिक संविधान निर्माण गर्न उहाँले पुऱ्याउनुभएको योगदान सधैँ सम्झिरहनेछौँ। मृदुभाषी, विनम्र, शालीन मेरा साथी सुवास नेम्वाङप्रति भावपूर्ण श्रद्धाञ्जली।

- केपी ओली, अध्यक्ष, एमाले



संविधानसभा अध्यक्ष तथा पूर्वसभामुख कमरेड सुवास नेम्वाङको असामयिक निधनको खबरले मर्माहत भएको छु। दिवंगत कमरेड नेम्वाङप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछु।

- पुष्पकमल दाहाल प्रचण्ड, प्रधानमन्त्री



एमाले उपाध्यक्ष एवं संविधानसभा अध्यक्ष सुवास नेम्वाङजीको निधनले स्तब्ध भएको छु। उहाँको आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा गाहिरो समवेदना व्यक्त गर्दछु।

- शेरबहादुर देउवा, सभापति, काग्रेस

■ अरू नेता कसले के भने ? पृष्ठ ११

■ अस्वस्थ थिए नेम्वाङ, छोरीले रुँदै गरेकी थिइन् खबर

युवा संघको कार्यक्रममा भाग लिन सुवास नेम्वाङ धरान पुगेका थिए। शनिबार कार्यक्रमलाई सम्बोधन गरेका उनी आइतबार संसदीय समितिको बैठकमा सहभागी भएका थिए। सोमबारबाट उनको स्वास्थ्यमा असहजता देखिएको थियो। त्यसैले संविधानसभा अध्यक्ष हुँदादेखि नै आफ्नो नियमित स्वास्थ्य जाँच गर्दै आएका संसद् सचिवालयका प्यारामेडिक्स (इमर्जेन्सी मेडिकल केयर पर्सन) प्रदीप घिमिरेलाई बालुवाटारस्थित घरमै डाकेका थिए।

'एउटा त धरान गएर फर्किँदाको धपेडी थियो। सोमबार बिहान निद्रै लागिराछ भनेर फोन गर्नुभएको थियो। मैले सुगर लो भयो होला, अलिकति चिनीपानी खानुस्, म आउँछु भनेँ,' घिमिरेले सुनाए, 'कुराकानीपछि उहाँले खानुभएछ। म पुगेर सुगर जाँच्दा १३८ थियो। त्यसपछि अक्सोमिटरमा हेर्दा ९५ देखायो, भनेपछि अक्जिसन पनि सन्तुलनमा आयो। प्रेसर पनि ठीक थियो। अवस्था सामान्य भएपछि हामीले मह, चिनीपानी हालेर खुवायौँ।' सबै अवस्था सामान्य भएपछि घिमिरेले नेम्वाङलाई 'सरलाई अहिले केही अप्ठ्यारो छ' भनेर सोधेका थिए। नेम्वाङले 'छैन' भनेपछि उनी 'सुगर तल झरेकाले असहज भएको हो, आज रेस्ट गर्नुस्, फेरि आउँला' भनेर छुट्टिएका थिए। असहज भए पनि नेम्वाङ सोमबार सिंहदरबारस्थित कार्यकक्षमै थिए।

संसद् सचिवालयका प्यारामेडिक्स घिमिरे नेम्वाङको फलोअपका लागि उनको निजी निवास बालुवाटार पुगेका थिए। 'बेलुका अफिस सकेर म फेरि गएँ। सुरुमै सुगर जाँच गर्दा बिहानको १३८ बाट बढेर दिनभरको स्वस्थ खानपिनबाट १५२ पुग्यो। जुन नर्मल थियो। प्रेसर लिँदा १३०/८० आयो, त्यो पनि नर्मलै हो,' उनले भने, 'बिहानभन्दा साँझ थप नर्मल भएपछि मैले

» पृष्ठ ११ मा क्रमशः

स्थानीय तह र बैंक कर्मचारीको मिलेमतोमा सामाजिक सुरक्षा भत्तामा अनियमितता





नवराज जैसी, निर्देशक, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

कतिपय स्थानीय तहमा इएफटी लागू गरेपछि लागत कम भएको छ, विगतमा हिनामिना भएको हो कि भन्ने आशंकामा छानबिन भइरहेको छ।

नयाँ पत्रिका

सामाजिक सुरक्षा भत्ता वितरणलाई बैंकिङ प्रणालीमा लगिए पनि अनियमितता रोकिएको छैन। स्थानीय तह तथा बैंकका कर्मचारी नै मिलेर सामाजिक सुरक्षा भत्ता हिनामिना भइरहेको छानबिनमा खुलेको छ।

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले गरेको छानबिनमा कतिपय स्थानीय तहले बैंकका कर्मचारीसँग मिलेर सामाजिक सुरक्षा भत्ता हिनामिना गर्दै आएको पुष्टि भएको हो। जसमा थप अनुसन्धान गरी कारबाही गर्न विभागले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई हालै पत्राचार गरेको छ। रौतहटलगायत केही जिल्लामा मृत्यु भइसकेका व्यक्ति तथा एकै व्यक्तिको विवरण फरक पारेर सामाजिक भत्ता हिनामिना भएको प्रारम्भिक छानबिनमा खुलेपछि विभागले आयोगलाई पत्राचार गरेको हो।

सरकारले सामाजिक सुरक्षा भत्ता वितरणको जिम्मेवारी स्थानीय तहलाई दिएको छ। स्थानीय तहले बैंकहरूमार्फत वितरण गर्दै आएका छन्। कतिपय बैंकका कर्मचारी नै मिलेर फर्जी

» पृष्ठ ११ मा क्रमशः

निकुञ्जभित्र ठूला जलविद्युत्, केबलकार र रिसोर्ट सञ्चालन गर्न मिल्ने गरी नियमावली संशोधन गरिँदै



निकुञ्जभित्र जलविद्युत् बनाउँदा हिउँदमा पनि ५० प्रतिशत पानी छाड्नुपर्ने

तराईका निकुञ्जमा रिसोर्ट र होटेल चलाउन दिइने

● **वीरेन्द्र महतो,** वनमन्त्री



सर्वोच्च अदालतले नियमावली बनाएर जानु भनेपछि मस्यौदामा छलफल भइरहेको छ। सबै पुरानै कुरा छन्, केही पनि परिवर्तन भएको छैन।

यम बम/नयाँ पत्रिका

सरकारले राष्ट्रिय निकुञ्ज र आरक्षभित्र ठूला जलविद्युत् आयोजना, होटेल, रिसोर्ट, केबलकार, प्याराग्लाइडिङसहित सेवा सञ्चालनका लागि प्रक्रिया अगाडि बढाएको छ। त्यसका लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण निमावली, २०३० (पाँचौँ संशोधन ०७६) र ६ वटा निकुञ्जका नियमावली खारेज गरेर नयाँ नियमावली जारी गर्ने तयारी छ।

१३ जेठ ०७८ मा तत्कालीन सरकारले यती वर्ल्ड इन्भेस्टमेन्ट कम्पनीलाई लाङटाङ निकुञ्जको भित्री भाग (कोर एरिया)मा ३१० मेगावाटको जलविद्युत् आयोजना निर्माण गर्न दिने र पानीको प्राकृतिक बहाव १० प्रतिशत मात्र छोडे पुग्ने गरी 'संरक्षित क्षेत्रभित्र भौतिक पूर्वाधारको निर्माण एवं सञ्चालनसम्बन्धी कार्यनीति ०६५ संशोधन गरेको थियो। मन्त्रिपरिषद्को निर्णयविरुद्ध दायर मुद्दामा सर्वोच्च अदालतले संशोधन खारेज गरेको थियो।

सर्वोच्चको पूर्ण इजलासले ३२ जेठमा निकुञ्ज तथा संरक्षित क्षेत्रभित्र भौतिक पूर्वाधारको निर्माण एवं सञ्चालनसम्बन्धी कार्यविधि वा निर्देशिका बनाएर लागू गर्न भनेपछि नियमावली जारी गर्न लागिएको हो। वन मन्त्रालयले निकुञ्जभित्र केबलकारसमेत सञ्चालन गर्न पाउने गरी नियमावली संशोधन गर्न लागेको हो। वनमन्त्री वीरेन्द्र महतोले यसअघि कार्यविधि, कार्यनीतिमा रहेका व्यवस्थालाई एकत्रित गरेर नियमावली जारी गर्न लागिएको जिकिर गरे। 'सर्वोच्च अदालतले नियमावली बनाएर जानू भनेपछि मस्यौदामा छलफल भइरहेको छ। सबै पुरानै कुरा छन्, केही पनि परिवर्तन भएको छैन,' उनले भने।

यसअघि निकुञ्ज तथा आरक्षभित्र स्थानीय उपभोक्ताका लागि एक मेगावाटभन्दा कम क्षमताको मात्र विद्युत् उत्पादन तथा प्रसारण गर्ने पाइने व्यवस्था रहेकामा वन मन्त्रालयले नयाँ नियमावलीमार्फत व्यावसायिक विद्युत् उत्पादनका लागि पनि बाटो खोल्दै छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभागले तयार पारेको नियमावलीको मस्यौदामा उल्लेख भएअनुसार निकुञ्ज वा आरक्षभित्र बग्ने नदीमा एउटै नदीको प्रवाहमा एक स्थानभन्दा बढी स्थानबाट विद्युत् उत्पादन गर्न पाइनेछैन। तर, स्थानीय उपभोक्ताका लागि एक मेगावाटभन्दा कम क्षमताको विद्युत् उत्पादन तथा प्रसारणबाहेक अन्य जलविद्युत् आयोजनाको सबै संरचना निकुञ्ज वा आरक्षभित्र पर्ने गरी सञ्चालन गर्न पाइनेछैन।

विद्युत् उत्पादन गर्न नदी, खोला थुन्दा वा फर्काउँदा निकुञ्ज वा आरक्षभित्र बग्ने नदी, खोलामा उच्च सुक्खा मौसम अवधिभर न्यूनतम बहावको कम्तीमा ५० प्रतिशत छाड्नुपर्ने मस्यौदामा उल्लेख छ। तर, सिमाना वा सीमाबाट बग्ने नदी खोलामा २५ प्रतिशत अथवा वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनमा उल्लेख भएबमोजिम जुन बढी त्यति प्राकृतिक बहाव छाडे पुग्नेछ।

आयोजनालाई निकुञ्ज र आरक्षभित्र जग्गा प्रयोग गर्नुपर्ने भएमा संवेदनशील क्षेत्रबाहिर मात्र सम्भाव्य अध्ययन र स्थान छनोटको

» पृष्ठ ११ मा क्रमशः

अर्थ पत्रिका पृष्ठ।९

■ एमसिसी कार्यान्वयनमा थपियो झमेला : **प्रसारणलाइन निर्माण गर्न न्यूनतम प्रस्ताव नै बजेटभन्दा २० अर्ब बढी**



टेन्डरमा सहभागी कम्पनीले न्यूनतम ३६ करोड ५९ डलर प्रस्ताव गरे, तर एमसिएको बजेट भने २२ करोड ६ लाख डलर मात्रै, एमसिसीले थप रकम नदिने हुँदा नेपाल सरकारलाई दायित्व बढ्ने जोखिम

■ श्रम सम्झौता पुनरावलोकन गर्न प्रधानमन्त्रीको निर्देशन

■ माथिल्लो त्रिशूली-१ को शिलान्यास, ०८३ मंसिरभित्र सञ्चालन हुने

■ हवाईजहाजमा इन्धन भर्न रिफ्युलर खरिद

सुदूरपश्चिमको राजधानी निर्माणमा अन्योल

स्थायी राजधानी तोकिएको गोदावरीको जग्गा भोगाधिकार अझै प्रदेशलाई आएन, फाइल सिंहदरबारमै अड्कियो

■ राजधानी सार्ने मुख्यमन्त्रीको अभिव्यक्तिले तरंग

● **कमलबहादुर शाह,** मुख्यमन्त्री



राजधानीको विषय जतिसक्दो चाँडो टुंग्याउँछौँ, अब धेरै समय पर्खँदैनौँ। सार्नुपर्छ भन्नेमा छैनौँ, तर संघीय सरकारले भोगाधिकार नदिने हो भने त्यसैमा अल्झिएर बस्न पनि सकिँदैन। विकल्पबारे सोच्नुपर्छ।

● **दीर्घ सोडारी,** सांसद, एकीकृत समाजवादी



त्यसवेला प्रधानमन्त्रीलाई पटक-पटक भेटेर जग्गाको भोगाधिकार दिन माग गरेका थियौँ, तर हुन्छ भन्ने आश्वासन मात्र पायौँ। संघले जग्गाको भोगाधिकार दिएको भए त्यतिवेलै पूर्वाधार निर्माणको काम सुरु भइसक्थ्यो।

धनगढीमा **तेजराज भट्ट**

सुदूरपश्चिम प्रदेश सभाले प्रदेशको स्थायी राजधानी तोकेको पाँच वर्ष बिते पनि अहिलेसम्म राजधानी निर्माणको काम अगाडि बढ्न सकेको छैन। लामो समयसम्म प्रदेशले संघ सरकारबाट जग्गाको भोगाधिकार नपाउँदा राजधानी निर्माणमा अन्योल देखिएको छ।

» पृष्ठ ११ मा क्रमशः



सदनमा तत्कालीन नेकपाको दुईतिहाइ बहुमतले स्थायी राजधानी गोदावरीमा राख्ने निर्णय गर्दा प्रमुख प्रतिपक्षी रहेको कांग्रेसले बैठक बहिष्कार गरेको थियो। धनगढीमा राजधानी हुनुपर्ने प्रस्ताव दर्ता गराएको कांग्रेसले गोदावरीमा राजधानी तोकिएको विरोधमा केही समय आन्दोलनसमेत गरेको थियो। अहिले कांग्रेसका केही नेताले राजधानी सार्न छलफल थालेका छन्।

कांग्रेस संसदीय दलका नेतासमेत रहेका मुख्यमन्त्री कमलबहादुर शाहले डडेल्धुरामा आयोजित पत्रकार सम्मेलनमा आवश्यक परे राजधानी सार्न सकिने र आवश्यक परे नाम पनि परिवर्तन गर्न सकिने बताएका थिए। कांग्रेसबाट भौतिक पूर्वाधार विकासमन्त्री प्रकाश देउवाले पनि यसबारे छलफल थालेको बताएका छन्। गोदावरी पर्ने क्षेत्र नम्बर ५ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित कांग्रेसका प्रदेश सभापति वीरबहादुर बलायरले पनि गोदावरीमा राजधानी बनाउन सम्भव नभएकाले सार्नुपर्ने बताउँदै आएका छन्।

गोदावरीकै चौकीडाँडा वन क्षेत्रको खाली जमिन वा धनगढी र अत्तरियाको बीचमा रहेको मत्स्य विकास केन्द्रको जमिनमा राजधानी बनाउन सकिने विषयमा छलफल भइरहेको नेताहरूले बताएका छन्। यद्यपि, कांग्रेसले चाहेर मात्र राजधानी सार्ने निर्णय सम्भव छैन। राजधानी सार्न दुईतिहाइको निर्णय आवश्यक पर्छ। सत्तापक्ष तयार भएमा भने राजधानी सार्ने निर्णय गर्न दुईतिहाइ पुग्छ। सत्तापक्षीय दल एकीकृत समाजवादीको संसदीय दलका नेतासमेत रहेका पूर्वमन्त्री सोडारीले भने निर्णय भएकै ठाउँमा राजधानी हुनुपर्ने पक्षमा आफ्नो पार्टी रहेको बताए।

मुख्यमन्त्री शाहले राजधानी सार्नुपर्छ भन्ने निष्कर्षमा आफूहरू नपुगेको बताएका छन्। 'सार्नुपर्छ भन्नेमा छैनौँ, तर संघीय सरकारले भोगाधिकार नदिने हो भने त्यसैमा अल्झिएर बस्न पनि सकिँदैन,' उनले भने, 'विकल्पबारे सोच्नुपर्छ।' छलफल चलाउनुपर्ने अवस्था आइसकेको उनले बताए। वनका कारण जमिन नदिएको बुझिए पनि यसबारे संघीय सरकारसँग आफूले कुरा भने गरिनसकेको मुख्यमन्त्री शाहले बताए। जग्गाको भोगाधिकारबारे संघीय सरकारसँग छिट्टै निर्णायक छलफल गरिने उनको भनाइ छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

भक्तपुरमा पञ्चदान पर्वको रौनक

भक्तपुर/ भाद्र कृष्ण त्रयोदशीका अवसरमा मंगलबार भक्तपुरमा पञ्चदान पर्व मनाइएको छ। बौद्ध धर्मावलम्बीको महत्त्वपूर्ण एवं ठूलो पर्वका रूपमा मनाइने पञ्चदानमा भक्तपुरका पाँच बिहारबाट निस्केका दीपङ्कर बुद्धलाई दिनभर नगरका विभिन्न स्थान तथा बौद्ध बिहारमा परिक्रमा गराइएको छ। दीपङ्कर बुद्ध भनेर पुजिने बुद्धका पाँच स्वरूपमध्ये भक्तपुरको क्वाठन्डौंको प्रसन्नाशील, गोल्मढीको झौरवही, साकोथाको चतुर्ब्रह्म, भार्वाचोको थथुबही र दूधपाटीको कुथुबही महाविहारबाट निकालिएका बुद्धलाई सूर्यमढीस्थित डबलीमा राखी स्थानीय र विभिन्न गुठीको पूजा सकेपछि नगर परिक्रमा गराइन्छ। स्थानीयवासीले बिहानैदेखि पञ्चदान दिने परम्पराअनुसार शाक्य, ब्रजाचार्य र भिक्षुलाई भिक्षा दान गर्नुका साथै पाँच दीपङ्कर बुद्धलाई जमिनमा उत्पादन भएका काँचो खाद्यवस्तु धान, मकै, गहुँ, भटमास, ढिके नुन, घिरौंला, बोडी, काँक्रो आदि चढाइएको थियो।

ठमेलमा स्ट्रिट नम्बर राखिँदै



■ **भवीश्वर शर्मा**, अध्यक्ष, ठमेल पर्यटन विकास परिषद्

पर्यटकका लागि ठमेल मुख्य गन्तव्य भए पनि कतिपय यहाँका गल्लीको लोकेसन गुगल म्यापमा समेत पाइँदैन। जसले आवश्यक स्थानमा पुग्न पर्यटकहरू १० जनासँग सोधपुछ गर्छन्। पर्यटकहरू सहजै गन्तव्यमा पुग्ने वातावरण बनाउन स्ट्रिट नम्बर अत्यावश्यक छ। यसका लागि नेपालय पर्यटन बोर्ड र वडा कार्यालयसँग छलफल भइरहेको छ। जसले पहिला बजेट उपलब्ध गराउँछ, त्यही बजेटमार्फत नम्बर राख्छौं। तर, यही वर्षभित्र काम सम्पन्न गर्छौं।

नयाँ पत्रिका

ठमेल घुम्न आउने पर्यटकलाई ठाउँ पत्ता लगाउन अब सहज हुने भएको छ। पर्यटकको सहजताका लागि ठमेल पर्यटन विकास परिषद्ले ठमेल क्षेत्रका स्ट्रिट (गल्ली)मा नम्बर राख्न लागेको हो।

परिषद्का अनुसार आगामी शुक्रबार सम्पन्न कार्यसमिति बैठकमा स्ट्रिट नम्बर राख्ने विषयमा छलफल र निर्णय हुनेछ। त्यसपछि ठमेल क्षेत्र पर्ने महानगरका चार वडामध्ये २६ नम्बर वडासँग छलफल गरेर निष्कर्षमा पुगिनेछ। 'चार वर्ष भइसक्यो, यो क्षेत्रमा स्ट्रिट नम्बर राख्ने भनेको, तर अहिलेसम्म कार्यान्वयन भएन। यसपटक भने हामी निष्कर्षमै पुग्ने गरी काम गर्दै छौं,' ठमेल पर्यटन विकास परिषद्का अध्यक्ष भवीश्वर शर्माले भने, 'शुक्रबार कार्यसमितिको बैठक बसेर निर्णय गर्छौं। पर्यटन बोर्डले पटक-पटक यो काम गर्छु भने पनि गर्न सकेन। अब बोर्डप्रति खासै विश्वास छैन। त्यसपछि हामीलाई २६ वडाले सहयोग गर्छौं भन्नुभएको छ। उहाँहरूसँग छलफल गरेर निष्कर्षमा पुग्छौं।' उनका अनुसार वडाले पनि चित्तबुझ्दो जवाफ नदिए चन्दा उठाएर भए पनि स्ट्रिट नम्बर राखिनेछ। स्ट्रिट नम्बर राख्नका लागि यसअघि चारपटक बोर्डले बजेट छुट्याए पनि कार्यान्वयन भने हुन सकेको छैन। ठमेल क्षेत्र महानगरको वडा १६, १७ २६ र २७ वडाभित्र पर्छ। पछिल्लो समय २६ वडाले नम्बर राख्नका लागि चासो देखाएको छ।



■ के हो स्ट्रिट नम्बर ?

स्ट्रिट नम्बरले पर्यटकलाई होटेल, रेस्टुरेन्ट, अफिस वा अन्य कुनै गन्तव्यमा सहजै पुग्ने गरी पहिचान दिन्छ। यसका लागि ठमेलका प्रत्येक गल्लीको पहिचान हुने गरी फरक-फरक नम्बर वा नाम दिइन्छ। कर्मचारी सञ्चय कोष रहेको भवनबाट स्ट्रिट नम्बर प्लेट राख्ने तयारी छ। यससँगै ठमेलमा सिसिटिभी, सडकबत्ती जडानसमेत गरिने परिषद्को तयारी छ। ठमेलमा ७५ वटा नम्बर प्लेट राखिनेछ। 'ठमेलमा धेरै गल्ली छन्। नेपाल घुम्न आउने पर्यटकका लागि ठमेल मुख्य गन्तव्य भए पनि कति लोकेसन गुगलमा समेत पाइँदैन। जसले गर्दा सम्बन्धित क्षेत्रमा पुग्न पर्यटकलाई १० जनासँग सोध्नुपर्ने अवस्था छ। त्यसैले पर्यटकहरू सहजै गन्तव्यमा पुग्ने वातावरण बनाउन स्ट्रिट नम्बर अत्यावश्यक छ,' शर्माले भने, 'यसका लागि बोर्ड र वडासँग छलफल भइरहेको छ। जसले पहिला बजेट उपलब्ध गराउँछ, त्यही बजेटमार्फत नम्बर राख्छौं। तर, यही वर्षभित्र काम सम्पन्न गर्छौं।' उनका अनुसार नम्बर राख्न १५ लाख लाग्नेछ। जसले बनाए पनि अनुगमन भने परिषद्ले नै गर्नेछ। शर्माका अनुसार कोरोना महामारीपछि ठमेल आउने पर्यटकको संख्यामा वृद्धि भए पनि ठमेल व्यवस्थित गर्ने पाटो भने ओझेलमा छ। यसअघि पोखराको लेकसाइड क्षेत्रमा नम्बर प्लेट राखिसकिएको छ। जसले पर्यटकलाई लेकसाइड क्षेत्र घुम्न निकै सहज भएको छ।

विपन्न, असहाय, बेवारिसेलाई निःशुल्क उपचार गर्न महानगरले बनायो कार्यविधिको मस्यौदा

नयाँ पत्रिका

काठमाडौं महानगरपालिकाले लक्षितवर्गको निःशुल्क उपचारलाई प्रणालीमा आधारित, व्यवस्थित, प्रभावकारी र पारदर्शी बनाउन कार्यविधिको मस्यौदा तयार पारेको छ। महानगरले स्वास्थ्य संस्था सञ्चालनसम्बन्धी मापदण्ड, ०७७ बमोजिम लक्षितवर्ग (विपन्न, असहाय, बेवारिसे) व्यक्तिको निःशुल्क उपचारका लागि कुलमध्ये १० प्रतिशत शय्या उपलब्ध गराउन कार्यविधिको मस्यौदा तयार पारेको हो।

कार्यविधिमा अनुगमन मूल्यांकनलाई मार्गनिर्देश गर्न महानगरका मेयरको संयोजकत्वमा व्यवस्थापन समितिको प्रस्ताव गरिएको छ। समितिमा उपमेयर, प्रमुख प्रशासकीय अधिकृत सदस्य रहनेछन्। स्वास्थ्य मन्त्रालय (संघ र प्रदेश), मेडिकल काउन्सिल, नर्सिङ काउन्सिल, सरकारी अस्पताल र निजी अस्पतालको छाता संगठनबाट प्रतिनिधि रहनेछन्।

महानगरपालिकाका मेयर बालेन्द्र साह (बालेन)ले महानगरपालिका, बिरामी र अस्पताल दुवैका लागि सरकार भएको उल्लेख गर्दै दुवैका मर्का सुन्ने र दुवैलाई बचाउने बताए। लक्षितवर्गलाई अस्पतालहरूले उपलब्ध गराउनुपर्ने १० प्रतिशत निःशुल्क शय्याका विषयमा मंगलबार आयोजित छलफलमा मेयर साहले यस्तो बताएका हुन्। छलफलमा निजी तथा सामुदायिक अस्पतालका सञ्चालक, व्यवस्थापक तथा प्रतिनिधिसँगको सहभागिता थियो। कानुन बनाउँदा स्थानीय आवश्यकता र समस्या नहेरी अन्यत्रबाट सारेर ल्याउने पद्धतिका कारण कानुन कार्यान्वयनमा जटिलता भएको उनले बताए। उनले आफ्नै अवस्था र आफ्नै समस्यालाई हेरेर कानुन बनाउनुपर्ने र बनाइएका कानुनलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनुपर्ने बताए। 'लक्षितवर्गको निःशुल्क उपचारसम्बन्धी व्यवस्था कार्यान्वयन कसैलाई अप्ठ्यारो पार्न होइन, कानुनले गर्नु भनेका काम गर्न-गराउन खोजिएको हो,' उनले भने।

छलफलमा उपमेयर सुनीता डंगोलले स्वास्थ्य क्षेत्रका सेवामा पारदर्शिताका लागि पनि काम गरिरहेको बताइन्। 'जहाँ इमानदारिता रहन्छ, त्यहाँ कानुन नचाहिन सक्छ। जहाँ नैतिकता हराउँछ, त्यसबेला कानुन आवश्यक हुन्छ,' उपमेयर डंगोलले भनिन्, 'क्षेत्रगत समन्वय र सुझावपछि महानगरपालिकाले लक्षितवर्गको निःशुल्क उपचारलाई व्यवस्थित र प्रणालीमा आधारित बनाउँछ।' लक्षितवर्गमा पर्ने बिरामीको पहिचान, अस्पतालमा उपलब्ध नभएको सेवा, कतिपय प्रयोगशालाको खर्च र औषधि, निःशुल्क उपचार प्रणालीका लागि चुनौती हुन्। बाँकी कानुनले तोकेका व्यवस्था कार्यान्वयन गर्न जिम्मेवार भएको छलफलमा निजी तथा सामुदायिक अस्पतालका प्रमुख तथा प्रतिनिधिले धारणा राखेका थिए। डिलक्स कोठामा बसेर उपचार गराउने अनि निःशुल्क उपचारका लागि सिफारिस ल्याउने पद्धतिले लक्षितवर्गको अधिकार खोसिएको छ।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५११११७७/७८/८८, फ्याक्स: +९७७-१-५११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६७६७५


NIC ASIA
एन आई सी एशिया बैंक लि.

गैर बैंकिङ्ग सम्पत्ति बिक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ । तसर्थ उक्त सम्पति खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

तपसिल

क्र.सं.	गैर बैंकिङ्ग सम्पतिको विवरण
१.	यस बैंकको नाममा मालपोत कार्यालय बेलवारी, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, दुलारी गा.वि.स. वडा नं. ६ (हाल सुन्दर हरैचा न.पा. वडा नं. ४) स्थित कित्ता नं. १६० को क्षेत्रफल ०-१-० (बिगाह) को घरजग्गा ।
२.	यस बैंकको नाममा मालपोत कार्यालय ताप्लेजुङको लगतमा दर्ता कायम रहेको ताप्लेजुङ जिल्ला, फुङलिङ गा.वि.स. वडा नं. ७ (हाल फुङलिङ न.पा. वडा नं. ६) स्थित कित्ता नं. १२१३ को क्षेत्रफल १७-५-०-१ (रोपनी) को जग्गा ।
३.	यस बैंकको नाममा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, रामगढवा गा.वि.स. वडा नं. ५ (हाल वीरगंज म.न.पा. वडा नं. २४) स्थित कित्ता नं. ७७८, ७९४ र ४४ को क्षेत्रफल क्रमशः ४.२३, १० र ६३९(व.मि) को जग्गा ।
४.	यस बैंकको नाममा मालपोत कार्यालय, कालिकोटको लगतमा दर्ता कायम रहेको कालिकोट जिल्ला, दाहाँफलगाउँ गा.वि.स. वडा नं. ४ (हाल खाँडाचक्र न.पा. वडा नं. ६) स्थित कित्ता नं. ७९४ को क्षेत्रफल २७५० व.मी. को जग्गा ।
५.	यस बैंकको नाममा मालपोत कार्यालय कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को लगतमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, सिसवार गा.वि.स. वडा नं. १ स्थित कित्ता नं. १६२७ को क्षेत्रफल ०-१६-१७.५०-० (बिगाह) को घर/जग्गा ।
६.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, सखुवा प्रसौनी गा.वि.स वडा नं. १ (हाल सखुवा प्रसौनी गा.पा. वडा नं. ५) स्थित कित्ता नं. १८१ को क्षेत्रफल १८६२.४७ व.मी. को जग्गा ।
७.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय परासी, नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) को लगतमा दर्ता कायम रहेको नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) जिल्ला, बन्जरिया गा.वि.स. वडा नं. ९/ख (हाल रामग्राम न.पा. वडा नं. १६) स्थित कित्ता नं. १४० को क्षेत्रफल ०-१६-११-० (बिगाह) को घरजग्गा ।
८.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता कायम रहेको सुनसरी जिल्ला, भादगाउँ सिनवारी गा.वि.स. वडा नं. २ ग (हाल रामधुनी न.पा. वडा नं. १) स्थित कित्ता नं. ८८१ र ८८२ को क्षेत्रफल क्रमशः ०-०-१५-० र ०-०-१५-० (बिगाह) को जग्गा ।
९.	यस बैंकको नाममा मालपोत कार्यालय सिमरा, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. २ घ (हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. २) स्थित कित्ता नं. १५८४ को क्षेत्रफल ०-०-१८ (बिगाह) को घरजग्गा ।
१०.	यस बैंकको नाममा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. २ घ (हाल बारा जिल्ला, जीतपुर सिमरा उ.म.न.पा. वडा नं. २) स्थित कित्ता नं. १५८५ र ८१० को क्षेत्रफल क्रमश ०-०-१८-० र ०-०-५-३ (बिगाह) को घरजग्गा।
११.	यस बैंकको नाममा मालपोत कार्यालय नेपालगंज, बाँकेको लगतमा दर्ता कायम रहेको बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ३ क (हाल कोहलपुर न.पा. वडा नं. ११) स्थित कित्ता नं. १७७१ को क्षेत्रफल ०-०-१०.५-० (बिगाह) को घरजग्गा ।
१२.	यस बैंकको नाममा मालपोत कार्यालय बाँकेको लगतमा दर्ता कायम रहेको बाँके जिल्ला, शमशेरगंज गा.वि.स. वडा नं. ४(हाल कोहलपुर न.पा. वडा नं. ५) स्थित कित्ता नं. २७०, २७२ र २२५ को क्षेत्रफल क्रमश : ३६.००, २१०.०० र १३१.०० (व.मी) को जग्गा ।
१३.	यस बैंकको नाममा मालपोत कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को लगतमा दर्ता कायम रहेको नवलपरासी(बर्दघाट सुस्ता पश्चिम) जिल्ला, माकर गा.वि.स. वडा नं. १ घ (हाल बर्दघाट न.पा. वडा नं. १) स्थित कित्ता नं. ६०६ को क्षेत्रफल २७७६.८४ (व.मि) को जग्गा ।
१४.	यस बैंकको नाममा मालपोत कार्यालय लेखनाथ, कास्कीको लगतमा दर्ता कायम रहेको कास्की जिल्ला, शिशुवा गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ३३९६, ३३९९, ३३९३, ३३९५, ३३९० को क्षेत्रफल क्रमश : ०-९-२-२, ०-१-३-३, ०-१-१-२, ०-३-०-०, ०-१-३-१ (रोपनी) को जग्गा ।
१५.	यस बैंकको नाममा मालपोत कार्यालय लगनखेल, ललितपुरको लगतमा दर्ता कायम रहेको ललितपुर जिल्ला, ईमाडोल गा.वि.स वडा नं. १ (हाल महालक्ष्मी न.पा. वडा नं. ३) स्थित कित्ता नं. ४७ को क्षेत्रफल ८८.६० (व.मी) को घरजग्गा ।
१६.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, भौराटार गा.वि.स वडा नं. ७ क (हाल बहदुरमाई न.पा. वडा नं. ५) स्थित कित्ता नं. ७८६ को क्षेत्रफल ०-०-६ (बिगाह) को जग्गा ।
१७.	यस बैंकको नाममा मालपोत कार्यालय सिमरा, बाराको लगतमा दर्ता कायम रहेको बारा जिल्ला, पिप्रा सिमरा गा.वि.स. वडा नं. २ (हाल सिमरा जितपुर न.पा. वडा नं. ३) स्थित कित्ता नं. २०५३ र २०५४ को क्षेत्रफल क्रमश: ०-०-६-० र ०-०-७-० (बिगाह) को घरजग्गा ।
१८.	यस बैंकको नाममा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, विरुवागुठी गा.वि.स. वडा नं. ६ क (हाल पर्सागडी न.पा. वडा नं. ३) स्थित कित्ता नं. १०७२, ३०० र ९०९ को क्षेत्रफल क्रमश: ०-४-०-०, ०-१३-०-० र ०-४-१२-० (बिगाह) को घर/जग्गा ।



लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ ।
२. प्राप्त बोलपत्रहरु बैंकले कुनै कारण नखुलाई अस्वीकार गर्न सक्ने छ ।
३. लिलाम हुने सम्पति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४. माथि उल्लेखित लोकेशन म्याप केवल बिक्री गरिने सम्पतिको स्थान पहिचानका लागि मात्र उल्लेख गरिएको हो । बिक्री गरिने सम्पतिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, ने पाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयम्ले नै यकिन गरी बोलपत्र पेश गर्नुपर्नेछ ।
५. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समय) यस बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने जानकारी गराईन्छ ।
६. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन् ।

मोटरसाइकल हरायो

मिति २०८०/०५/०९ गते का.जि.ता.न.पा.-८ मनमैजु पार्किङबाट मेरो निम्न व्यहोरा भएको कालो रातो रंगको 220 CC पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला ।

नाम : नेपाल अटो एक्सचेन्ज एण्ड रिकन्डिसन प्रा.लि.
मो.सा.न.: बा. प्र. ०२-०२९ प ४७७०
चेसिस न. : MD2A13EX0MCB85967
इन्जिन न. : DKXCMB00477
सम्पर्क न. : 9843911260

सार्वजनिक स्थलमा फोहोर फाल्ने १७ जनालाई महानगरले गऱ्यो कारबाही

काठमाडौं/ काठमाडौं महानगरपालिका-३२, कोटेश्वर बालकुमारीस्थित आकासेपुलमुनि राति-राति फोहोर फाल्ने १७ जनालाई पक्राउ गरी महानगरले जरिवाना गरेको छ। महानगरका अनुसार १७ जनाबाट जरिवानास्वरूप ५० हजार पाँच सय रुपैयाँ जरिवाना गरिएको हो। महानगरले फोहोर फालेबापत एक हजारदेखि पाँच हजारसम्म जरिवाना गरेको हो। यसअघि पनि महानगरले पर्चा बाँड्दै हिँड्ने, सार्वजनिक स्थानमा फोहोर फाल्नेलाई कारबाही गरेको थियो।

फोहोरमैला व्यवस्थापन ऐन, ०६८ को दफा ३८ मा स्थानीय तहले तोकिदिएको समय र स्थानबाहेक अन्यत्र फोहोरमैला निष्कासन गर्ने, घर कम्पाउन्ड तथा परिसरको फोहोरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राख्ने, फाल्ने वा थुपार्ने, स्थानीय तहले तोकेको ठाउँमा जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानिकारक फोहोरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्कासन गर्नेलगायत कसुर हुनु। यस्ता कसुर गरे पाँच हजारदेखि एक लाखसम्म जरिवाना हुने ऐनमा व्यवस्था छ।

कार्यालयका लागि घर भाडामा लिने सम्बन्धी सूचना

यस समितिको केन्द्रिय कार्यालय भवनका लागि करिब ४००० स्क्वायर फूटको यथेष्ट पार्किङ्ग सुविधा भएको घर आवश्यक भएकोले भाडामा दिन ईच्छुक घर धनिले १५ दिन भित्र समितिको केन्द्रिय कार्यालय सहभागितामार्ग मध्यबानेश्वरमा सम्पर्क राख्नु हुन सूचित गरिन्छ।

तारा गाउँ विकास समिति
केन्द्रिय कार्यालय : सहभागितामार्ग, मध्ये बानेश्वर, काठमाण्डौं
सम्पर्क : ०१-५१७२०३३/५८५१३४१०३७

पुष्कर बचत तथा ऋण सहकारी संस्था लि.
का.म.न.पा-३२ पुरानो सिनामंगल, काठमाडौं,
फोन नं. ०१-५१५६१२३
www.pushkarsaving.coop.np / Email: pushkarsaving@gmail.com

१६ औं वार्षिक साधारण सभाको सूचना

श्री शेयर सदस्य महानुभावहरु

यस संस्थाको मिति २०८०।०५।२६ मा बसेको संचालक समितिको बैठकको निर्णयले संस्थाको १६औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा शेयर सदस्य महानुभावहरुलाई उक्त सभामा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु। साथै साधारण सभा प्रयोजनको लागि आ.व.२०७९/८० को वार्षिक प्रतिवेदन, लेखा परीक्षकको प्रतिवेदन तथा अन्य आवश्यक वित्तिय विवरणहरु संस्थाको वेवसाईट www.pushkarsaving.coop.np मा राखिएको छ।

साधारण सभा बस्ने मिति, समय र स्थान

मिति: २०८० असोज २७ गते शनिबार।
समय: बिहान ११.०० बजे देखि
स्थान: न्यू त्रिशक्ति पार्टी प्यालेस, का.म.पा.३२, पेप्सीकोला, काठमाण्डौं

साधारण सभामा प्रस्तावित छलफलका विषयहरु

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आ.व.२०७९/८० को वार्षिक प्रतिवेदन अनुमोदन गर्ने सम्बन्धमा।
२. कोषाध्यक्षज्यू बाट प्रस्तुत हुने आ.व.२०७९/८० को वित्तिय विवरण अनुमोदन गर्ने सम्बन्धमा।
३. आ.व.२०७९/८० को लेखा सुपरिवेक्षण समितिको प्रस्तुत प्रतिवेदन अनुमोदन गर्ने सम्बन्धमा।
४. आ.व.२०७९/८० को बाह्य लेखापरीक्षकको प्रस्तुत प्रतिवेदन अनुमोदन गर्ने सम्बन्धमा।
५. आ.व.२०७९/८० को नाफाबाट वितरण गरिने लाभांश अनुमोदन गर्ने सम्बन्धमा।
६. आ.व.२०८०/८१ को वार्षिक कार्यक्रम तथा बजेट स्विकृत गर्ने सम्बन्धमा।
७. लेखा परीक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
८. संचालक तथा साधारण शेयर सदस्यहरुको तर्फबाट निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने व्यक्तिको चयन गर्ने सम्बन्धमा।
९. नँया संचालक समिति र लेखा समितिका सदस्यहरुको नियुक्ति स्विकृत गर्ने सम्बन्धमा।
१०. विविध।

संचालक समितिको आज्ञाले,
(कोमल कुमार कोइराला)
सचिव

nepal views
MORE THAN NEWS

PRESENTS

NEPAL VIEWS CONCLAVE 2023

PROSPERITY
POSSIBILITIES & CHALLENGES



MR. PUSHPA KAMAL DAHAL 'PRACHANDA'
RT. HON. PRIME MINISTER OF NEPAL

Chief Guest



Dr. Prakash Sharan Mahat
Honorable Finance Minister of Nepal



Mr. Chandra Prasad Dhakal
President, FNCCI



Dr. Biswash Gauchan
Senior Economist



Dr. Sameer Khatiwada
Senior Economist

Speakers

13 SEPTEMBER
2023

LIVE on Nepalviews
www.nepalviews.com

KATHMANDU
4:30 PM Onward

वीरको भिआइपी र भिभिआइपी कक्षमा थपिँदै उच्चपदस्थ बिरामी

पूर्वराष्ट्रपति यादव, कांग्रेस सहमहामन्त्री यादव र कोशीका भौतिक पूर्वाधारमन्त्री कार्कीको उपचार हुँदै



● **डा. सन्तोष पौडेल**
निर्देशक, वीर अस्पताल

उच्चपदस्थ व्यक्तिहरूले वीर अस्पताललाई विश्वास गर्न थाल्नुभएको छ, यो सकारात्मक हो । पहिलेभन्दा अस्पतालको उपचार सेवा सहज भएको छ, तर बिरामीको भिड हुने भएकाले सेवावधि ल्याए पनि उपचारमा चुनौती छ ।

शिवहरि घिमिरे/नयाँ पत्रिका



वीर अस्पतालमा भिआइपी र भिभिआइपी कक्षमा उपचारका लागि आउने उच्चपदस्थको संख्या बढ्न थालेको छ । हाल अस्पतालमा पूर्वराष्ट्रपति डा. रामवरण यादव, कोशी प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री एकराज कार्की र कांग्रेस सहमहामन्त्री महेन्द्र यादवको अस्पतालको भिआइपी कक्षमा उपचार भइरहेको छ ।

अस्पतालमा हाल भिभिआइपी र भिआइपी गरेर पाँचवटा उपचार कक्ष छन् । एक महिनाअघि तीन शय्या थपेर पाँचवटा उपचार कक्ष बनाइएको थियो । उपचार कक्ष व्यवस्थित बनाएपछि शीर्ष व्यक्तिहरू उपचारका लागि आउने क्रम बढेको अस्पतालका निर्देशक डा. सन्तोष पौडेलले जानकारी दिए । पूर्वराष्ट्रपति यादव र कोशी प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री कार्की आइतबार अस्पताल भर्ना भएका थिए ।

भूकुटीमण्डपमा खुकुरी प्रहारबाट गम्भीर घाइते भएका कांग्रेस सहमहामन्त्री यादव भने पाँच दिनदेखि उपचाररत छन् । वीरको भिभिआइपी कक्षमा ल्याउनुअघि उनलाई टूमा सेन्टरमा उपचार गरिएको थियो । तर, त्यहाँ भिभिआइपी र भिआइपी कक्ष नभएकाले वीरमै सारिएको र टूमाकै चिकित्सकले उपचार गरिरहेका छन् । पूर्वराष्ट्रपति यादव उच्च रक्तचाप र मधुमेहले सताएपछि अस्पताल भर्ना भएका छन् । उनीहरूको उपचार यसअघि तयार भएको भिभिआइपी र भिआइपी उपचारसम्बन्धी गाइडलाइनअनुसार विशेषज्ञ चिकित्सकबाट भइरहेको छ । अस्पतालको भिआइपी कक्षमा उपचाररत मन्त्री कार्कीलाई डेंगु संक्रमण भएको छ ।

पूर्वराष्ट्रपति, सहमहामन्त्री यादव र मन्त्री कार्कीलाई भेट्न स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेत आइतबार अस्पताल पुगेका थिए । उनले भिभिआइपी कक्ष व्यवस्थित भएको र उपचार सेवा पनि सहज पारिएको बताउँदै ढुक्कले उपचार गर्न शीर्ष व्यक्तिहरूलाई आग्रह गरेका थिए । अस्पतालका निर्देशक डा. पौडेलले पहिलेभन्दा अहिले उच्चपदस्थ व्यक्तिहरू वीरमै उपचार गर्न आउने क्रम बढेको बताए । एक साताअघि युवा तथा खेलकुदमन्त्री डिगबहादुर लिम्बू पनि वीरमै उपचार गराएर डिस्चार्ज भएका थिए । 'उच्चपदस्थ व्यक्तिहरूले वीर अस्पताललाई विश्वास गर्न थाल्नुभएको छ, यो सकारात्मक हो,' उनले भने, 'पहिलेभन्दा अस्पतालको उपचार सेवा सहज भएको छ, तर बिरामीको भिड हुने भएकाले सेवावधि ल्याए पनि उपचारमा चुनौती भने छ ।' उनका अनुसार अस्पतालले पाँचवटा शय्या भिआइपी तथा भिभिआइपीका लागि छुट्याएपछि उच्चपदस्थ व्यक्तिहरूले त्यसबारे चासो देखाउने र सोधीखोजी गर्न थालेका पनि छन् । भिभिआइपी र भिआइपी उपचार कक्षमा आउने व्यक्तिको सुरक्षा गार्ड र आफन्त बस्ने छुट्टै कोठाको व्यवस्था गरिएको छ भने बैठक कक्ष पनि छ । सो कक्षमा नर्सिङ वार्ड पनि राखिएको अस्पतालले जनाएको छ ।

■ दैनिक तीन हजार बिरामी आउँदा उपचारमा हम्मेहम्मे

वीर अस्पतालमा पछिल्लो समय उपचारका लागि आउने बिरामीको संख्या पनि अत्यधिक छ । अस्पतालका निर्देशक डा. पौडेलका अनुसार अहिले दैनिक तीन हजारका दरले बिरामी आउने गरेका छन् । यो संख्या देशभरकै अस्पतालमध्ये सबैभन्दा बढी मानिन्छ । झन्डै हजार शय्याको अस्पतालमा बेड खाली नभएपछि कतिपय बिरामी फर्कने गरेका छन् । बिरामीको चापलाई मध्यनजर गर्दै अस्पतालले बिहान ८ बजेदेखि नै ओपिडी सेवा खुला गरिसकेको छ । 'हामीले सक्दो सेवा विस्तार गरिसकेका छौं, तर चाप निकै बढी छ,' निर्देशक पौडेलले भने, 'तैपनि व्यवस्थित गर्ने कोसिस गरिरहेका छौं ।'

■ डा. भगवान कोइरालाले भिजिटिङ प्रोफेसरका रूपमा काम गर्ने

वरिष्ठ मुटुरोग विशेषज्ञ प्रा.डा. भगवान कोइरालाले वीर अस्पतालमा भिजिटिङ प्रोफेसर रूपमा बिरामीको उपचार सेवा सुरु गरेका छन् । उनले चार दिनअघि मुटुसम्बन्धी बिरामीको शल्यक्रिया गरेर उपचार सेवा सुरु गरेका हुन् । 'उहाँ विशेषज्ञ र अनुभवी चिकित्सक हो, उहाँले वीर अस्पतालाई थौरै भए पनि समय दिनु महत्त्वपूर्ण विषय हो । यसले सरकारी अस्पतालप्रति आममानिसको भरोसा बढाएको छ,' निर्देशक पौडेलले भने, 'मुटुसम्बन्धी उपचार सेवा थप व्यवस्थित हुने हाम्रो अनुमान छ ।'

■ वीरमा ठाउँ हुँदाहुँदै रक्षामन्त्री खड्का गए सेनाको अस्पताल

उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्काले भने वीरमा उपचार गर्ने ठाउँ हुँदाहुँदै नेपाली सेनाको वीरेन्द्र अस्पतालमा उपचार गराएका छन् । प्रोस्टेटमा समस्या आएपछि उनी १३ भदौमा अस्पताल भर्ना भएका थिए । शल्यक्रियापछि उपप्रधानमन्त्री खड्का आइतबार डिस्चार्ज भएका छन् । अचानक बिरामी भएपछि उनलाई १३ भदौमा सेनाको अस्पतालमा उपचार गर्न लगिएको थियो । वीर अस्पतालका निर्देशक पौडेलले भिभिआइपीमा हुने सबैखाले रोगको उपचार सेवा वीरमा रहेको बताउँदै रक्षामन्त्रीको विषयमा भने आफूलाई थाहा नभएको बताए ।

आठ वर्षमा तीन करोड गैरकानुनी सम्पत्ति आर्जन गर्ने लेखापालले पाए सफाइ



नयाँ पत्रिका

सिमरा मालपोत कार्यालयका तत्कालीन लेखापाल युगोलकिशोर ठाकुरलाई विशेष अदालतले गैरकानुनी सम्पत्ति मुद्दामा सफाइ दिएको छ । विशेषले मुद्दा दायर भएको तीन वर्षपछि फैसला गर्दै मंगलबार उनीमाथि कसुर कायम नहुने फैसला सुनाएको हो । विशेष अदालतका अध्यक्ष श्रीकान्त पौडेल तथा सदस्यहरू शालिग्राम कोइराला र बलभद्र बास्तोलाको इजलासबाट यस्तो फैसला आएको हो ।

ठाकुरमाथि १५ असार ०७७ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दायर गरेको थियो । ०६८ बाट बाराकै कोष तथा लेखा नियन्त्रक कार्यालयमा सहलेखापालका रूपमा सरकारी सेवामा प्रवेश गरेका ठाकुर ०७२ मा लेखापालमा बढुवा भएपछि बाराको सिमरा मालपोतमा पदस्थापन भएको थियो । उनको सम्पत्ति गणना गर्दा तीन करोड चार लाख ९४ हजार रुपैयाँभन्दा बढी रकमको स्रोत खुल्न सकेको थिएन । सार्वजनिक पदधारण गरेको आठ वर्षमा उनले अवैध स्रोतबाट उक्त रकम आर्जन गरेको अभियोग लगाइएको थियो ।

मालपोतमा रहँदा उनले राजस्व रकमबापत सरकारी खातामा जम्मा गर्नुपर्ने रकमलाई आफ्नो र मालपोत प्रमुखको संयुक्त खातामा जम्मा गरी व्यक्तिगत खर्च गर्ने गरेको भन्दै अख्तियारले मुद्दा चलाएको हो । सिमरा मालपोतका तत्कालीन कार्यालय प्रमुख मदनप्रसाद गुप्तासँगको मिलेमतोमा सरकारी राजस्व हिनामिना गरेको र दुवैजनाले सञ्चालन गर्ने खातामा पैसा राखेर चलाउने गरेको अभियोगपत्रमा उल्लेख थियो । तत्कालीन मालपोत प्रमुख गुप्तामाथि पाँचवटा भ्रष्टाचारका मुद्दा थिए । एउटाबाहेक सबै मुद्दामा उनी दोषी पाइएका छन् । गुप्ताले पनि नक्कली राजस्व रसिद दिने गरेका थिए भने राजस्वबापतको रकम सरकारी खातामा नभई आफ्नो खातामा राख्न लगाउने गरेका दिए ।

लेखापाल ठाकुरसमेतको संलग्नतामा उक्त भ्रष्टाचार भएको ठहर अख्तियारको थियो । ठाकुरको ०७६ सम्मको सम्पत्ति जाँच गर्दा उक्त अवधिमा उनले १० लाख ८० हजार रुपैयाँ वैध आय गर्नुपर्नेमा त्यसभन्दा ३० गुणा बढी व्यय, लगानी तथा खर्च गरिएको अख्तियारको अनुसन्धानले देखाएको थियो । त्यसपछि उनीमाथि मुद्दा चलाइएकोमा मंगलबार उनले सफाइ पाएका हुन् ।

एक लाख घुस लिने हवल्दारविरुद्ध मुद्दा

काठमाडौं/ बालुवा व्यवस्थापन गर्न सहजीकरण गरिदिएबापत एक लाख रुपैयाँ घुस लिने प्रहरी वरिष्ठ हवल्दार विष्णु सिंहविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दायर गरेको छ । प्रहरी प्रभाग बुढानीलकण्ठ, काठमाडौंमा कार्यरत सिंहलाई खोलाको ढल सरसफाइ तथा निकास गर्दा निस्किएको बालुवा व्यवस्थापन गर्न सहजीकरण गरिदिने प्रयोजनका लागि एक लाख घुस लिइसकेको अवस्थामा अख्तियारले केही समयअघि रंगेहात पक्राउ गरेको थियो ।

अनुसन्धानको सिलसिलामा वरिष्ठ हवल्दार सिंहले बालुवा व्यवस्थापन गर्न सहजीकरण गरी दिएबापत सेवाग्राहीसँग घुस लिएको पुष्टि भएपछि अख्तियारले मुद्दा दायर गरेको हो । उनीविरुद्ध एक लाख रुपैयाँ नै बिगो मागदाबी गरिएको छ । भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम कैद र बिगो बमोजिम जरिवानाको सजाय हुनुपर्ने दाबी पनि अख्तियारको छ ।

मंगलबार नै अख्तियारले साढे १४ लाख घुस लिने बर्दियाको राजापुर नगरपालिका- ७ स्थित सरस्वती बाल प्राथमिक विद्यालय, शंकरापुरकी प्रधानाध्यापक लक्ष्मीदेवी उपाध्यायलाई रंगेहात पक्राउ गरेको छ । हाजिरी गराउन सहजीकरण गरिदिने प्रयोजनका लागि उनले सेवाग्राहीसँग घुस लिएको अख्तियारले जनाएको छ ।

दुई दिनदेखि कर्मचारी आन्दोलित

कञ्चनपुर/ कञ्चनपुरको बेलडाँडी गाउँपालिकाका कर्मचारी दुई दिनदेखि सेवा ठप्प पारेर आन्दोलित भएका छन् । कार्यालय ढिलो आएको भन्दै पालिका अध्यक्ष हरिशचन्द्र रानाले सोमबार मूल गेटमा ताला लगाएपछि कर्मचारी आन्दोलित भएका हुन् । पालिका अध्यक्ष रानाले सोमबार बिहान १० बजे आफूले मूल गेटमा ताला लगाएको भन्दै त्यतिवेलासम्म ४० मध्ये तीनजना कर्मचारी मात्र कार्यालय आइपुगेको बताए ।

समयमै कार्यालय आई सेवाग्राहीका काम गर्न पटक-पटक निर्देशन दिँदा पनि अटेर गरेपछि बाध्य भएर सोमबार मूल गेटमा ताला लगाएको उनको भनाइ छ । 'मैले कर्मचारी साथीहरूलाई पटक-पटक समयमै आउन भनेको थियो,' उनले भने, 'तर, नआएपछि बाध्य भएर यो कदम चालेको हुँ ।' कर्मचारीहरूले भने आफूहरू समयमै कार्यालय आए पनि मूलगेटमा ताला लगाएर पालिका अध्यक्षले अपमान गरेको प्रतिक्रिया दिएका छन् । विधि प्रक्रियाभन्दा फरक बाटो अँगालेर पालिका अध्यक्षले आफूहरूको अपमान गरेको उनीहरूको भनाइ छ । गाउँपालिकाको शिक्षा शाखा प्रमुख भानुभक्त जोशीले समयमै कार्यालय पुगेको बताए । 'कर्मचारीहरू समयमै कार्यालय आएका थियौं । तर, अध्यक्षले गेटमा ताला लगाएर हाम्रो अपमान गर्नुभयो,' उनले भने ।

विज्ञान शिक्षक फेर्न माग गर्दै विद्यार्थी रिले अनशनमा

लहान/ सिराहाको दक्षिणी सीमावर्ती औरही गाउँपालिका- ५ औरहीस्थित सुन्दर जनता माविका विद्यार्थीहरू विज्ञान शिक्षक फेर्न माग गर्दै कक्षा बहिष्कार गरी रिले अनशनमा बसेका छन् ।

करिब डेढ दशकदेखि करार सेवामा कार्यरत शिक्षक कपिलदेव यादवले पढाउने क्रममा विद्यार्थीलाई पटक-पटक अभद्र व्यवहार गर्ने र पढाएको पनि केही नबुझिने भन्दै विद्यार्थीहरूले विद्यालयपरिसरमा सोमबारदेखि अनशन थालेका हुन् । विद्यार्थीहरूले आइतबार प्रधानाध्यापक विवेक यादवलाई सम्बोधन गर्दै विज्ञान शिक्षक यादवको अभद्र व्यवहार नसच्चिएको, पढाउँदा केही पनि नबुझिने भएकाले अर्को शिक्षकको व्यवस्था गर्न माग गर्दै निवेदन दिएको कक्षा १० का विद्यार्थी अमरजित यादवले बताए । 'विगतमा पनि प्रधानाध्यापकमार्फत विज्ञान शिक्षकलाई सचेत गराइएको थियो,' उनले भने, 'तापनि विद्यार्थीमाथि गर्ने अभद्र व्यवहार र शिक्षण सुधार नभएपछि बाध्य भएर कक्षा बहिष्कार गरी अनशनमा बसेका हौं ।'

औरही गाउँपालिका- ४ का वडाध्यक्ष सुरेन्द्रप्रसाद यादवले वडा कार्यालयबाट गाउँमा चलाइएको निःशुल्क कोचिङ कक्षामा पढ्ने विद्यार्थीहरूलाई विद्यालयका शिक्षकहरूले कोचिङ छोड्न पटक-पटक दबाब दिने गरेकाले सहन नसकेर विद्यार्थीहरू अनशनमा बसेको हुन सक्ने बताए । विज्ञान शिक्षकले विद्यार्थीलाई अभद्र व्यवहार र गालीगलौज गरेको पाइएपछि दुईपटक विद्यालय व्यवस्थापन समितिले त्यस्तो नगर्न चेतावनीसहित निर्णय गरेको उनले बताए । 'त्यति हुँदा पनि आफूलाई नसुधारेपछि विद्यार्थीहरू आक्रोशित भएका हुन्,' उनले भने । विद्यालयका प्रधानाध्यापक विवेक यादवले अनशनको विषयमा गाउँपालिकासहित शिक्षक र आन्दोलनरत स्वयं विद्यार्थीहरूसँग पनि छलफल गरिएको बताए । पढाइ छाडेर विद्यार्थीहरू रिले अनशनमा बसेपछि विद्यालयमा कार्यरत मावि तहका स्थायी दरबन्दी र निमावि तहका अर्का गरी दुईमध्ये एकजना शिक्षकलाई विज्ञान विषयको जिम्मेवारी दिने तयारी भए पनि विद्यार्थीहरूले बाहिरबाट अर्को शिक्षक ल्याउन भनेपछि समस्या भएको उनले बताए ।



संक्षेप

जसपाकी मधेश प्रदेश सांसद यादवको निधन



जनकपुरधाम/ जनता समाजवादी पार्टीकी मधेश प्रदेश सांसद विन्दुकुमारी यादवको निधन भएको छ । पाठेघरको मुखको क्यान्सरले ग्रसित यादवको ४४ वर्षको उमेरमा मंगलबार प्रादेशिक अस्पताल जनकपुरधाममा उपचारको क्रममा निधन भएको हो । उनी १० दिनदेखि उपचाररत थिइन् । अस्पतालका निर्देशक डा. रामनरेश पण्डितले उपचारकै क्रममा रहेकी सांसद यादवको मंगलबार बिहान साढे ८ बजे निधन भएको बताए । यादवको मंगलवार नै दाहसंस्कार गरिएको छ । क्यान्सर रोगले पीडित यादव लामो समय भारतको नयाँदिल्लीमा उपचार गरेर जनकपुर फर्केकी थिइन् ।

जनकपुर ल्याएको केही दिनपछि स्वास्थ्य अवस्था पुनः बिग्रिएपछि प्रादेशिक अस्पतालमा भर्ना गरिएको परिवारजनले जनाएको छ । मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले सांसद यादवको निधनले मधेशले एक जुझारु नेतृ र पार्टीले निष्ठावान् कार्यकर्ता गुमाएको जनाएका छन् । स्थायी घर सलाही भए पनि सांसद यादव दोस्रो मधेश आन्दोलनका क्रममा जनकपुरधाममा हुने तत्कालीन मधेसी मोर्चाको अग्रस्थानमा रहेर आन्दोलनमा सहभागी भएकी थिइन् ।

बेपत्ता भएको १६औँ दिनमा भेटियो मेजर पण्डितको शव

डोल्पा/ १६ दिनदेखि बेपत्ता रहेका डोल्पास्थित नन्दबक्स ब्यारेकमा कार्यरत ३८ वर्षीय मेजर विमल पण्डितको शव फेला परेको छ । त्रिपुराकोट नगरपालिका- ५ मा पर्ने चिन्डेबगर भेरीकिनारमा उनको शव फेला परेको त्रिपुराकोट प्रहरी चौकीका प्रहरी नायब निरीक्षक रुद्रबहादुर शाहीले जानकारी दिए । शव पोस्टमार्टमका लागि जिल्ला अस्पताल डोल्पा लगिएको छ ।

काठमाडौंस्थित कागेश्वरी मनोहरा नगरपालिकाको डाँछी घर भई हाल डोल्पामा कार्यरत मेजर पण्डित १६ दिनअघि सम्पर्कविहीन भएका थिए । 'इभनिङ वाक जान्छु' भन्दै १० भदौमा ब्यारेकबाट निस्किएका मेजरको दुई सातापछि शव भेटिएको हो ।

धरानका उपमेयरको घरमा आक्रमण

धरान/ धरान उपमहानगरपालिकाका उपमेयर अइन्द्रविक्रम बेघाको घरमा हतियारधारी समूहले आक्रमण गरेको छ । हतियारधारी समूहले उपमेयर बेघाको घरमा पसेर उनका भाइ विष्णु बेघामाथि खुकुरी प्रहार गरेको छ । खुकुरी प्रहारबाट भाइ विष्णु बेघाको देब्रे गालामा चोट लागेको स्थानीयले बताएका छन् । धरान- १५ स्थित बेघाको घरमा युवाहरूको समूहले ढुंगामुढासमेत गरेको प्रत्यक्षदर्शीले बताएका छन् । आफ्नो घरमा आक्रमण भएपछि उपमेयर बेघाले फेसबुक लाइभ गर्दै प्रहरीलाई खबर गरेका थिए । इलाका प्रहरी कार्यालय धरानका डिएसपी नवराज मल्लले सूचना पाउनेबित्तिकै प्रहरी परिचालन गरेको जानकारी दिँदै घटनाबारे अनुसन्धान सुरु भएको बताए ।

लुम्बिनीको वर्षे अधिवेशन अन्त्य

दाङ/ लुम्बिनी प्रदेशको वर्षे अधिवेशन अन्त्य भएको छ । मंगलबार राति १२ बजेदेखि लागू हुने गरी चालू अधिवेशन अन्त्य गरिएको हो । प्रदेश सरकारको सिफारिसमा प्रदेश प्रमुख अमिक शेरचनले चालू अधिवेशन अन्त्य गरेको हो । प्रदेश प्रमुख कार्यालयका प्रवक्ता धर्मा अर्याल बेलवासेले विज्ञप्ति जारी गरी अधिवेशन अन्त्य भएको जानकारी दिएका छन् ।

बिपी साहित्य महोत्सवको समापन सत्र स्थगित

काठमाडौं/ बिपी साहित्य महोत्सवको महोत्सवको समापन सत्रका कार्यक्रम स्थगित भएको छ । संविधानसभाका अध्यक्ष सुवास नेम्वाङको असामयिक निधनका कारण मंगलबार महोत्सवको अन्तिम दिनको कार्यक्रम स्थगित गरिएको हो । मुख्यसचिव कृष्णप्रसाद पौडेलका अनुसार महोत्सव तयारी समिति संयोजक सहमहामन्त्री बद्री पाण्डेको अध्यक्षतामा मंगलबार बसेको बैठकले नेम्वाङको निधनप्रति दुःख व्यक्त गर्दै महोत्सवका कार्यक्रम स्थगित गर्ने निर्णय गरेको हो । बैठकले नेम्वाङको आकस्मिक निधनमा शोक-प्रस्ताव पारित गरेको छ । समापन सत्रको कार्यक्रमबारे अर्को सूचना जारी हुने तयारी समितिले जनाएको छ । कांग्रेसको आयोजनामा आइतबारबाट जारी तीनदिने 'बिपी साहित्य महोत्सव' मंगलबार समापनको कार्यतालिका थियो । ११०औँ बिपी जन्मजयन्तीका अवसरमा कांग्रेसले पहिलोपटक महोत्सव आयोजना गरी बिपीको साहित्य र राजनीतिक योगदानलाई स्मरण गरेको हो ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
मानसिक अस्पताल
लगनखेल, ललितपुर

कार्यालय सामान र सरसफाई सम्बन्धी सामग्रीहरु खरिद सम्बन्धी ई- विडिङ दरभाउपत्र स्वीकृतिको आशयको सूचना

प्रकाशित मिति -२०८०।०५।२७

यस अस्पतालमा आ.ब. २०८०।०८१ को लागि कार्यालय सामान र सरसफाई सम्बन्धी सामाग्री ई विडिङ दरभाउपत्र मार्फत खरिद गर्न मिति २०८०।०४।२८ गते नयाँपत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम पेश हुन आएका दरभाउपत्रहरु मध्ये तपशिलमा उल्लेखित फर्मको दरभाउपत्र न्यूनतम मूल्यांकित सारभुतरुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) बमोजिम दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

तपशिल

क्र.सं.	फर्मको नाम	ठेगाना	रकम (मू.अ.कर बाहेक) रु.
१	एकदन्त सप्लायर्स	काठमाण्डौ महानगरपालिका -३१ जागृतीनगर	५७९५४६।-

Government of Nepal
Ministry of Urban Development
Department of Local Infrastructure
Local Infrastructure Development Project Office
Karnali Province, Birendranagar, Surkhet

Invitation for Bids

Local Infrastructure Development Project Office, Surkhet invites For the Fabrication, Supply, Transportation, Construction and Erection of Various Trail Bridges **(Contract Identification No: LIDPO/Surkhet/TB/W/NCB-01/2080/081). Eligible bidders may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp.**

1. Date Of Publication: 2080-05-27 (2023-September-13)
2. Pre-Bid Meeting Date: 2080/06/16 (2023-October-03), 13:00 hrs.
3. Last Date Of Submission: 2080/06/26 (2023-October-13), 12:00 hrs.
4. Technical Bid Opening Date:2080/06/26 (2023-October-13), 13:00 hrs.

Office Chief

द भ्याक्सिन वारमा नाना

द भ्याक्सिन वारमा नाना पाटेकर, अनुपम खेर, पल्लवी जोशी र सप्तमी गौडा लिड रोलमा देखिँदै छन् । यस फिल्ममा कोभिड १९ भ्याक्सिन बनाउनका लागि संघर्ष गर्ने भारतीय वैज्ञानिकको कथा देखाइएको छ । २८ सेप्टेम्बरमा रिलिज हुने यस फिल्मलाई विवेक अग्निहोत्रीले निर्देशन गरेका हुन् ।

भजन गायकको भूमिकामा विक्की

द ग्रेट इन्डियन फेमिलीको ट्रेलर रिलिज भएको छ । यस फिल्ममा विक्की कौशलले एक भजन गायकको भूमिका निर्वाह गरेका छन् । फिल्ममा मानुषी छिल्लर उनको ओपिजटमा छिन् । यो फिल्म एक पारिवारिक ड्रामा हो ।

हृदयाघात
कारण, लक्षण र बच्ने उपाय

मुटुको रक्तनली तीनवटा हुन्छन् । ती नली एक्कासि बन्द हुने, मुटुमा रक्तसञ्चार कम हुने र मुटुको मांसपेशी रोकिने अवस्थालाई नै हृदयाघात भनिन्छ । उमेर बढ्दै जाँदा यसको जोखिम पनि बढ्दै जान्छ । विशेषगरी ५०-६० वर्ष उमेरसमूहमा उच्च रक्तचाप, कोलेस्ट्रोललगायत समस्या हुने भएकाले हृदयाघातको जोखिम ज्यादा रहन्छ । तर, अहिले युवामा पनि हृदयाघातको जोखिम बढ्दो छ । किनकि, उनीहरूमा पनि उच्च रक्तचाप, मधुमेह, कोलेस्ट्रोल, मोटोपनलगायत समस्या देखिने गरेको छ । अव्यवस्थित जीवनशैली र शारीरिक सक्रियताको कमीका कारण यस्तो समस्या देखिएको हो । खानामा नुन र चिनीको प्रयोग बढी हुँदा पनि समस्या देखिने गरेको छ । त्यस्तै, वायु प्रदूषण पनि हृदयाघातसँग सम्बन्धित छ ।



लक्षण

- मुटुको बीचभागमा बेस्सरी दुख्छ । ढुंगाले थिचेजस्तो, भारी भएजस्तो हुन सक्छ । कहिलेकाहीं एक्कासि सास फेर्न गाह्रो हुने, नाइटोमाथिको भागमा बेस्सरी दुख्ने, पसिना आउने हुन सक्छ ।
- कुमको दायाँ-बायाँ भागमा दुख्ने, कहिलेकाहीं घाँटी समातेजस्तो हुनेलगायत लक्षण पनि देखिन्छन् । उच्च रक्तचाप, कोलेस्ट्रोललगायत रोगका बिरामी वा जोखिम उमेरसमूहका व्यक्तिमा यस्ता लक्षण देखिए हृदयाघातको शंका गर्न सकिन्छ । कतिपय मानिस यस्ता विभिन्न लक्षण देखिँदा पनि ग्यास्ट्रिक भयो भनेर बसेका हुन्छन् । तसर्थ, हृदयाघातको शंका गर्ने कुरा सबैभन्दा महत्त्वपूर्ण हुन्छ । हृदयाघात भयो कि भनेर शंका गरेर छिटो अस्पताल गइयो भने भए/नभएको पुष्टि हुन सक्छ । सहरी क्षेत्रमा मुटुरोगसम्बन्धी विशेष सेवा दिने अस्पताल उपलब्ध हुने भएकाले त्यस्ता अस्पतालमा नै जतिसक्दो छिटो जानु राम्रो हुन्छ ।
- हृदयाघात हुँदा प्रत्येक मिनेटमा मुटुको मासु मरिरहेको हुन्छ । छिटो पहिचान गरेर उपचार गर्न सक्दा बिरामीलाई बचाउन सकिने सम्भावना धेरै रहन्छ । त्यसैले जतिसक्दो चाँडो अस्पताल जानुपर्छ ।



डा. सूर्य देवकोटा
मुटुरोग विशेषज्ञ, मनमोहन कार्डियोथोरासिक भास्कुलर एन्ड ट्रान्सप्लान्ट सेन्टर

जोखिम कम गर्न ...

स्वस्थ मानिसले हृदयाघातको जोखिम कम गर्नका लागि शारीरिक सक्रियता बढाउनुपर्छ । धूम्रपान गर्न छाड्ने वा नसके कम गर्नुपर्छ । पसिना आउने गरेर दिनमा एक घन्टा हिँड्नुपर्छ । व्यायाम वा योगा पनि गर्न सकिन्छ । ताजा खानेकुरा खानुपर्छ । जंकफुड र फास्टफुड कम गर्नुपर्छ । खानामा फलफूल र सागसब्जीको मात्रा बढाउनुपर्छ । निद्रा पुऱ्याउनुपर्छ ।

सडेन कार्डियाक एरेस्ट

कहिलेकाहीं मानिस एक्कासि लड्ने हुन सक्छ, यसलाई हामी 'सडेन कार्डियाक एरेस्ट' भन्छौं । मुटुमा एट्याक भएर मुटु एकदमै छिटो चल्छ, अनि त्यसले प्रेसर जेनेरेट गर्न सक्दैन । मुटुले रगत पम्प गर्न नसकेर दिमागमा रगत कम भएपछि मान्छे लड्छ । 'सडेन कार्डियाक एरेस्ट'मा लक्षण नै मानिस एकैपटक लड्ने हुन्छ । यस्तो वेलामा अस्पतालभित्र भयो भने सिपिआर दिन सकिन्छ । विकसित देशहरूमा मानिसलाई बेसिक सिपिआर ट्रेनिङ नै दिने व्यवस्था हुन्छ । त्यही कारण कतिपयको ज्यान जोगिन पनि सक्छ । तर, हाम्रोमा यसरी एक्कासि लडेपछि मानिस उठ्न गाह्रो हुन्छ । अस्पतालभित्रै भयो, सिपिआर उपलब्ध भयो भने बचाउन सकिएला, नत्र सम्भावना कम हुन्छ ।

रोकथाम

- हृदयाघातको शंका लाग्नासाथ बिरामीलाई अस्पताल लैजानुपर्छ । अस्पताल गएपछि डाक्टरहरूले उपचार प्रक्रिया सुरु गर्छन् । त्यहाँ आवश्यक जाँच हुन्छ र त्यहीअनुसार उपचार हुन्छ ।
- एकचोटि हृदयाघात भइसकेका बिरामीलाई फेरि दोहोरिने सम्भावना हुन्छ । त्यही भएर अर्को एट्याक हुन नदिन निकै सचेत हुनुपर्छ । अस्पतालबाट फर्किएपछि बिरामीले औषधि नियमित सेवन गर्नुपर्छ । स्वस्थ जीवनशैली अवलम्बन गर्नुपर्छ । समय-समयमा स्वास्थ्य परीक्षण गर्नुपर्छ ।
- धूम्रपान गर्नुहुँदैन । खानपानमा विशेष ध्यान दिनुपर्छ । शारीरिक गतिविधि बढाउनुपर्छ । हामीले हृदयाघात भएको बिरामीलाई एक महिनापछि अभ्यास गर्ने भन्छौं । एक महिनाभित्र मुटु कमजोर हुने भएकाले सामान्य हिँडडुल मात्रै गर्न सकिन्छ ।
- खाना स्वस्थकर हुनुपर्छ । नुनको प्रयोग कम गर्नुपर्छ । चिनी कम हुनुपर्छ, सुर्तीजन्य कुरा बन्द गर्नुपर्छ । फलफूल, सागसब्जीको मात्रा बढाउनुपर्छ । निद्रा, तनावको व्यवस्थापन गर्नुपर्छ ।

सफल बन्न के गर्ने ?
बिल गेट्सका सुझाव

माइक्रोसफ्टका संस्थापक बिल गेट्स व्यवसायमा मात्रै सफल छैनन् । उनी परोपकारी कार्यमा पनि उत्तिकै सक्रिय छन् । विश्वका सबै बालबालिकाले खोपको पूर्ण डोज लगाउन पाऊन् भन्ने इच्छासहित उनले गरिब देशको स्वास्थ्य क्षेत्रमा सहयोग पुऱ्याइरहेका छन् । बिल एन्ड मेलिन्डा गेट्स फाउन्डेसनमार्फत परोपकारी कार्यमा सक्रिय गेट्स भन्छन्, 'करुणामयी हुनुस् । तपाईंसँग करुणा भएन भने सफल हुनुको अर्थ रहँदैन ।'

सन् १९७५ मा माइक्रोसफ्ट स्थापना गर्दा उनको एउटै लक्ष्य थियो, 'हरेकको घरमा एउटा कम्प्युटर' होस् । आफ्ना प्रतिबद्धता र लक्ष्यप्रति अडिग भएकै कारण उनी निकै सफल तथा धनी बने । 'तपाईं आफ्नो प्रतिबद्धतामा अडिग रहनुपर्छ । समयसँगै सफलता हात लाग्छ,' उनी भन्छन्, 'चुनौती र समस्या सामना गर्नुपरे पनि नआत्तिनुस् । किनकि, सफलताका लागि समय र धैर्य जरुरी हुन्छ । निरन्तर आफ्नो लक्ष्य पछ्याउनुस् ।'

मानिसले आफ्नो व्यक्तित्व विकासमा पनि उत्तिकै ध्यान दिनुपर्ने उनको सुझाव छ । 'छोटो समय शारीरिक अभ्यास गर्दा पनि मानिसलाई स्वस्थ र खुसी रहन सहयोग पुग्छ भन्ने अध्ययनले देखाएका छन्,' गेट्स भन्छन्, 'यस्तो बानीले तपाईं थप सक्रिय र खुसी बन्नुहुन्छ ।'

सफल हुनका लागि निरन्तरको सिकाइ आवश्यक पर्ने उनी बताउँछन् । 'जीवनमा निरन्तरको ज्ञान र नयाँ सीप जरुरी छ । सधैं नयाँ कुराका लागि उत्सुक रहनुस् । विस्तृत अध्ययन गर्नुस् र व्यक्तिगत तथा व्यावसायिक वृद्धिविकासका लागि अवसरहरू खोजी गर्नुस् ।'

उनी भन्छन्, 'परिवारका लागि पर्याप्त समय छुट्याउनुस् । तपाईंका बालबच्चा वा आमाबाबुसँग समय बिताउँदा परिवारमा खुसी छाउँछ ।'



युवा व्यवसायीलाई उनी जोखिम लिन सुझाव दिन्छन् । 'असफलता एक महत्त्वपूर्ण शिक्षक हो र सिकाइ प्रक्रियाको एक महत्त्वपूर्ण पाटो हो । त्यसैले जोखिम लिनुस् र असफलतासँग नडराउनुस् । असफलतालाई स्विकार्नु, यसले सिकाएका पाठहरू पढ्ने र उक्त ज्ञानलाई सफलता हात पार्न प्रयोग गर्नुपर्छ,' उनी भन्छन्, 'जीवनमा अर्को महत्त्वपूर्ण पाटो अनुशासन हो । आफ्नो लगाव कुन कुरामा छ भन्ने ख्याल गर्नुस् । त्यही कुरामा ध्यान केन्द्रित गर्नुस् ।'

ट्रेकिङ जाँदा के-के बोक्ने ?

हाइकिङ वा ट्रेकिङमा निस्कनुको मज्जा बेग्लै छ । प्रकृतिसँगको सामीप्यले तपाईंको समयलाई रमाइलो बनाउँछ । केही पूर्वतयारी गरेर निस्कनुभयो भने तपाईं यात्रामा देखिने सम्भावित चुनौतीहरूबाट पनि बच्न सक्नुहुन्छ । यसका लागि सबैभन्दा पहिले आफू घुम्न जान लागेको ठाउँका विषयमा पर्याप्त जानकारी लिनुपर्छ । त्यहाँको भौगोलिक बनावट, भिरपाखा, जंगललगायत विषयमा जानकारी हुनुपर्छ । मौसमबारे पनि जानकारी लिनुपर्छ ।

घुमघाममा निस्कँदा पानीको बोतल, सिटामोललगायत आधारभूत स्वास्थ्य सामग्रीको बाकस, ग्लुकोज, चकलेट, नट्सजस्ता इनर्जी दिने खानेकुरा तपाईंले झोलामा बोक्नुपर्छ । यात्रामा निस्कँदा तपाईंले झोलामा अन्य केही सामग्री पनि बोक्न जरुरी छ, जसकारण तपाईंलाई यात्रा अवधिभर असहज नहोस् । गर्मीमा मानिसहरू हाफ टिसर्ट लगाउन रुचाउँछन् । तर, लामो यात्रामा जाँदा तपाईंले पूरै बाहुला भएको टिसर्ट लगाउनुपर्ने हुन सक्छ । किनकि, ट्रेकिङका क्रममा तपाईंले घामको प्रत्यक्ष सम्पर्कबाट आफ्नो छालालाई जोगाउन जरुरी हुन्छ ।



सञ्जीव गुरुङ
पथप्रदर्शक, ट्रिप हिमालय ट्रेक्स एन्ड एक्सपिडिसन

गर्मीले तपाईंलाई टाउको दुख्ने, चक्कर लाग्नेलगायत समस्या निम्त्याउन सक्छ । त्यसैले टाउकोलाई घामको सीधा सम्पर्कबाट जोगाउन तपाईंले ह्याट लगाउनु राम्रो हुन्छ । टोपीले टाउको छोपिँदा घाम प्रत्यक्ष रूपमा टाउकोमा पर्न पाउँदैन, टाउको र घाँटी दुवै सुरक्षित रहन्छ ।

हिँड्दा छालामा सनस्क्रिन लगाउनुपर्ने हुन्छ । अन्यथा, घामको विकिरणले छालामा असर गर्न सक्छ । विभिन्न एलर्जी पनि देखिन सक्छ । गर्मीमा हिँड्दा शरीरबाट अत्यधिक पसिना आउने गर्छ । जसकारण, तपाईंलाई ब्याक्टेरियाले संक्रमण गर्न सक्ने जोखिम पनि रहन्छ । यसबाट बच्न एन्टिब्याक्टेरियल पाउडर झोलामा बोक्न नबिर्सनुस् ।

घामको विकिरणसँगको प्रत्यक्ष सम्पर्कबाट आँखालाई जोगाउन सनग्लास बोक्नु राम्रो हुन्छ । त्यस्तै, लामो यात्रामा जाँदा झोलामा लाइट ज्याकेट बोक्न नबिर्सनुस् । बिहानको समयमा उच्च स्थानमा तापक्रम कम हुन्छ । यदि तपाईंको ब्यागमा पर्याप्त कपडा छैन भने तपाईंले चिसो सहनुपर्ने हुन सक्छ ।

दाँत स्वस्थ राख्न...



दाँत सफा नगर्दा दाँतमा किरा लाग्ने वा बिग्रने मात्र होइन, गिजासम्बन्धी गम्भीर रोग पनि लाग्न सक्छ । विशेष गरी गुलियो खानेकुरा खाँदा मुखमा एसिड बढ्छ र त्यसले ब्याक्टेरिया उत्पादन गर्छ । दाँतमा हुने ब्याक्टेरियाले उत्पादन गर्ने इन्जाइमले दाँतका हाड खियाउँछ र अन्त्यमा गिजासम्बन्धी रोग लाग्छ । गिजामा इन्फेक्सन भयो भने शल्यक्रिया पनि गर्नुपर्ने हुन्छ । त्यसैले दाँत सुरक्षित राख्न हामीले विशेष ध्यान पुऱ्याउनुपर्ने हुन्छ ।

- सुर्तीजन्य पदार्थ, जस्तै- पानपराग, खैनी पनि हानिकारक छ । यसले दाँतलाई डिस्कलर गर्छ । छालाको क्यान्सर हुन सक्ने सम्भावना पनि हुन्छ । त्यसैले सुर्तीजन्य पदार्थबाट टाढा रहनुपर्छ ।
- गुलिया कुरा खाएपछि मुख कुल्ला गर्न बिर्सनुहुँदैन ।
- खाना खाएपछि बिहान-बेलुका अनिवार्य ब्रस गर्नुपर्छ ।
- दाँत माझ्दा नरम ब्रस प्रयोग गर्नुपर्छ ।
- फ्लोराइडयुक्त मञ्जनले दाँत माझ्दा अझ राम्रो हुन्छ । बजारमा विभिन्न थरीका मञ्जन पाइन्छन्, तर फ्लोराइड भएको मञ्जन नै प्रयोग गर्नुपर्छ ।
- ब्रस गर्ने आफ्नै विधि हुन्छ । प्रायः ब्रस गर्दा अगाडि-पछाडि घोट्ने गरिन्छ । त्यसरी घोटेर गर्नुहुँदैन । माथिल्लो भागको दाँत माझ्दा ब्रसलाई माथितिर र तल्लो भागमा माझ्दा तल्तिर फर्काएर गर्नुपर्छ ।
- दाँतका सबै भागमा ब्रस गर्नैपर्छ ।

बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवन

तत्काल खरिद सम्बन्धी ७ दिन म्यादको बोलपत्र (e-bidding) आव्हानको सूचना

(प्रकाशित मिति : २०८०/०५/२७)

यस अस्पताल फार्मेसी मार्फत बिक्रि वितररणको गरिने Anticancer Drug र Genral Medicine मौज्दात शुन्य भई बिरामिको सेवामा समेत प्रत्यक्ष प्रभाव पर्न गएकोले विभिन्न क्यान्सर तथा अन्य औषधिहरू तत्काल खरिद गरी बिक्रि वितरणको व्यवस्था गर्नुपर्ने भएकोले ७ (सात) दिनको म्याद दिई विद्युतिय बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा गराई खरिद गर्नुपर्ने भएकाले नियमानुसार योग्य तथा ईच्छुक सप्लायर्स/फर्म/कम्पनिहरुबाट बोलपत्रमा उल्लेखित शर्तहरुमा रहि देहायको शिर्षकमा ७ दिन म्यादको विद्युतिय बोलपत्र (e-bidding) आव्हान गरिएको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशन गरिएको छ । यस सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट www.bolpatra.gov.np/egp मा गई तपसिल बमोजिमको शिर्षकबाट विस्तृत विवरण हेर्न तथा डाउनलोड गर्न सकिने छ ।

S.No.	Name of Procurement	IFB No.
1	Anticancer Drug for Hospital Pharmacy 7 Day Notice-Special Circumstance Procurement	BPKMCH-PH-SCP/NCB/ 01/080/081
2	General Medicine for Hospital Pharmacy 7 Day Notice-Special Circumstance Procurement	BPKMCH-PH-SCP/NCB/ 02/080/081

कार्यकारी निर्देशक

हिलटप जुनार बहुउद्देश्यीय सहकारी संस्था लि.

का.म.पा.-३२, तिनकुने, काठमाडौं

१४ औं वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

यस संस्थाको सञ्चालक समितिको मिति : २०८०/०५/२६ गतेका दिन बसेको २३३ औं बैठक निर्णयानुसार १४औं वार्षिक साधारणसभाको बैठक तपशीलमा उल्लेखित कार्यसुची बमोजिम छलफल गरी निर्णय गर्नका लागि संस्थाको विनियम, २०६६ (पुनलेखित,२०७८) बमोजिम देहायमा उल्लिखित एकाइहरुमा तोकिए बमोजिमको मिति, समय र स्थानमा बस्ने भएको हुँदा यस संस्थाका सम्पूर्ण सदस्य महानुभानहरुलाई उल्लेखित कार्यक्रम तालिका बमोजिम तोकिएको स्थानमा साधारणसभाको बैठकमा सहभागिताको लागि हार्दिक अनुरोध गरिन्छ ।

साधारण सभाका कार्यसूचीहरु :

१) संचालक समितिको प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
२) लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन प्रस्तुत एवं पारित गर्ने सम्बन्धमा ।
३) आ.व. ०७९/०८० को लेखापरिक्षण प्रतिवेदन, वासलात, नाफानोक्सान र नगदप्रवाह विवरण पारित गर्ने सम्बन्धमा ।
४) आ.व. २०८०/०८१ को प्रस्तावित बजेट तथा कार्यक्रम सम्बन्धमा ।
५) दोस्रो चार वर्षे रणनीतिक व्यावसायिक योजना संशोधन गर्ने सम्बन्धमा ।
६) लाभाङ्स वितरण सम्बन्धमा ।
७) कार्यविधिहरु संशोधन सम्बन्धमा ।
८) गैह्रबैंकिङ्ग सम्पत्ति बिक्री गर्न स्वीकृत प्रदान गर्ने सम्बन्धमा ।
९) आ.व. २०८०/०८१ का लागि लेखापरिक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
१०) संस्था एकीकरण गर्ने सम्बन्धमा ।
११) कार्यसूचीमा थप भएका प्रस्ताव सम्बन्धमा ।
१२) साधारणसभाको एकाइ बैठकको निर्णय प्रमाणित गर्न प्रतिनिधि चयन गर्ने र साधारणसभाको निर्णय प्रमाणित गर्ने एकाइ प्रतिनिधिहरुको चयन गर्ने सम्बन्धमा ।
१३) रिक्त रहेको संचालकको निर्वाचन गर्ने सम्बन्धमा ।

कार्यक्रम :

बैठक मिति	इकाइ नं.	इकाइ क्षेत्र	बैठक समय	बैठकको स्थान	एकाइ बैठकको निर्णय प्रमाणित गर्न आवश्यक प्रतिनिधि संख्या	निर्णय प्रमाणित गर्न एकाइ बैठकबाट चयन हुने प्रतिनिधि संख्या
२०८०/६/१८	१	सिन्धुली जिल्ला	दिउसो ११:३० बजे	हिलटप एकीकृत कृषि फार्म, गोलन्जोर -५ सिन्धुली	१० जना	५ जना
२०८०/६/२०	२	काठमाडौं, ललितपुर, भक्तपुर र काभ्रेपलाञ्चोक जिल्ला	दिउसो १:३० बजे	होटल ए-वान भेन्यु कोटेश्वर, काठमाडौं	१० जना	१६ जना

- साधारणसभाको एकाइ बैठकका प्रतिनिधिहरुको निर्णय प्रमाणित गर्ने सभा २०८०/०६/२६ गते दिनको २:०० बजे बस्नेछ ।
- साधारणसभाको आ.व. ०७९/८० को वार्षिक प्रतिवेदन संस्थाको वेवसाईट **WWW.hilltop.org.np** बाट डाउनलोड गरी वा संस्थाको कार्यालयहरुबाट समेत प्राप्त गर्न सकिनेछ । साधारणसभामा उल्लेखित कार्यसूची भन्दा बाहेकका प्रस्तावहरुमा छलफल गर्नुपर्ने भएमा सभा सम्पन्न हुने ७ दिन अगावै नजिकको कार्यालयमा प्रस्ताव दर्ता गराउनु पर्नेछ ।

थप जानकारीको लागी संस्थाको टेलिफोन नं. ०१-४१११८७२, वेवसाईट **WWW.hilltop.org.np** आधिकारिक सामाजिक संजाल र संस्थाको कार्यालयहरुमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

.....
आज्ञाले
सागर प्रसाद बखेल
सचिव

आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड ICFC

तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा भुक्तानी गर्ने सम्बन्धि ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति : २०८०/०५/२७

यस फाइनान्सको शाखा कार्यालय त्रिशुली, नुवाकोटबाट तपशिलमा उल्लेखित ऋणीहरुले लिएको ऋण कर्जा सम्झौताको शर्त तथा तालिका अनुसार बुझाउनु पर्ने बक्यौता रकम फाइनान्सले बारम्बार मौखिक, लिखित तथा अन्य स्रोत साधनहरुबाट अनुरोध गरी पटक पटक म्याद दिदा समेत रकम भुक्तानी गर्न नआएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र सम्पूर्ण ऋण रकम (सावाँ, ब्याज र हर्जाना ब्याज आदि समेत) चुक्ता भुक्तानी गर्न आउनु हुन यो सूचना प्रकाशित गरिएको छ । अन्यथा, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कर्जा सम्बन्धी शर्त, सम्झौताका लिखत तथा प्रचलित नेपाल कानून बमोजिम कर्जा असूल्ने क्रममा तपाईं ऋणीहरुले धितो स्वरुप यस फाइनान्सको नाममा दृष्टिबन्धक लिखत पास गरी सुरक्षण राखिदिएको तपशिल बमोजिमको सम्पत्ति बेच बिखन गरी कर्जा रकम असूल उपर गरि लिइनेछ । सोबाट समेत असूल उपर हुनुपर्ने सम्पूर्ण रकम असूल उपर हुन नसकेमा प्रचलित कानून अनुसार तपाईं ऋणीहरुको अन्य चल/अचल सम्पत्ति तथा जायजेथाबाट समेत फाइनान्सले आफ्नो लेना असूल उपर गरि लिनेछ । साथै, ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिहरुबाट धितोले नखामेको बक्यौता कर्जा रकम असूल उपरका लागि ऋण असूली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणीहरु, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबै पक्षहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । उपरोक्त कारवाहीको सिलसिलामा लाग्ने सम्पूर्ण खर्च समेत तपाईं ऋणीहरुबाट नै भराई लिईनेछ । तपाईं ऋणीहरुबाट सम्पूर्ण रकम असूल उपर नभएको खण्डमा ऋणीको कर्जा रकमको सुरक्षण वापत जमानी बसीदिने व्यक्तिहरुले व्यहोर्नु पर्ने हुनाले यसै सूचनालाई आधार मानी बाँकी ऋण रकम भुक्तानी गर्न आउनु होला । उपरोक्त समयावधिभित्र कर्जा चुक्ता भुक्तानी नभएमा/नगरेमा नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जासँग सम्बन्धित सबै पक्षहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालो सूचीमा सूचीकृत गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपशिल

१. ऋणीको विवरण	व्यक्तिगत जमानी दिनेको विवरण
नाम : हरि बहादुर मंग्राती बुबा : तेज बहादुर मिजार बाजे : गोरे मंग्राती ना.प्र.नं. : ७४५५७/१४०२ मिति : २०५८/१०/१२, जि.प्र.का. नुवाकोट ठेगाना : गेर्खु वडा नं.-३ हाल : विदुर नगरपालिका वडा नं.-९, नुवाकोट ।	**नाम : वादुली मंग्राती** बुबा : विर बहादुर मिजार पति : हरि बहादुर मंग्राती ससुरा : तेज बहादुर मिजार ना.प्र.नं : २५३०५३/७१४ मिति : २०६३/११/०४, जि.प्र.का. नुवाकोट ठेगाना : गेर्खु वडा नं.-३ हाल : विदुर नगरपालिका वडा नं.-९, नुवाकोट ।

२. ऋणीको विवरण

विदुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय विदुर, नुवाकोटमा विदुर नगरपालिकाको प्राइभेट/साझेदारी फर्मको दर्ता, नविकरण, सञ्चालन र नियमन सम्बन्धि कार्यविधि २०७७ बमोजिम मिति २०७७/०६/०८ मा प्रा.फ/सा.फ.नं. ६/०७७/७८ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय कलंकी, करदाता सेवा कार्यालय गल्छीबाट स्थायी लेखा नं. ६१३७६६८४३ को प्रमाण पत्र प्राप्त **सुमि एण्ड सुनिता सुज सेन्टर ।**
प्रोप्राइटर : वादुली मंग्राती
ठेगाना : विदुर नगरपालिका वडा नं.- १, नुवाकोट ।

व्यक्तिगत जमानी दिनेहरुको विवरण

नाम : वादुली मंग्राती बुबा : विर बहादुर मिजार पति : हरि बहादुर मंग्राती ससुरा : तेज बहादुर मिजार ना.प्र नं : २५३०५३/७१४ मिति : २०६३/११/०४, जि.प्र.का. नुवाकोट ठेगाना : गेर्खु वडा नं.-३ हाल : विदुर नगरपालिका वडा नं.-९, नुवाकोट ।	**नाम : हरि बहादुर मंग्राती** बुबा : तेज बहादुर मिजार बाजे : गोरे मंग्राती ना.प्र.नं. : ७४५५७/१४०२ मिति : २०५८/१०/१२, जि.प्र.का. नुवाकोट ठेगाना : गेर्खु वडा नं.-३ हाल : विदुर नगरपालिका वडा नं.-९, नुवाकोट ।

उल्लेखित दुवै कर्जामा संयुक्त रुपमा रहेको धितो सुरक्षणको विवरण :

मालपोत कार्यालय नुवाकोटमा हरि बहादुर मंग्रातीको नाममा दर्ता कायम रहेको सावित्रि त्रिशुली-२, हाल विदुर नगरपालिका वडा नं. ९ स्थित कित्ता नं.४५२२ र ४५२४ को क्षेत्रफल क्रमश : ०-०-३-० र ०-३-०-० (रोपनी) को घरजग्गा तथा सोमा भए गरेका अन्य निर्माणहरु, लिगलगापात समेत...।

आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड
१४२५ थिरबम सडक, भाटभटेनी, काठमाडौं, फोन नं. ४५२५२९२
www.icfc.com.np


अग्निपरीक्षामा प्रदेश संरचना

सत्ताका लागि कोशीमा जे-जस्ता जायज-नाजायज खेल खेलिए, तिनले आमजनताको नजरमा राजनीतिक दल र तिनका नेताको वास्तविक हैसियत उजागर गरिदिएको छ



● प्रा. कृष्ण पोखरेल

अग्रलेख



भर्खरै कोशी प्रदेश सभामा सबैभन्दा ठूलो दलका नेताको हैसियतमा एमालेका हिक्मतकुमार कार्कीले सर्वोच्च अदालतको परमादेशपछि मुख्यमन्त्रीको शपथ लिए । त्यसलगत्तै मलाई एकजना पत्रकारले सोधे- 'संसदीय लोकतन्त्रमा बहुमतको सरकार र अल्पमतको प्रतिपक्ष हुनुपर्ने होइन र ?' मैले हो भन्नेबित्तिकै उनले भने- खोइ त कोशी प्रदेशमा त देखादेख अल्पमतको सरकार र बहुमतको प्रतिपक्ष बन्यो । त्यो पनि सर्वोच्च अदालतकै परमादेशबाट ? उनको प्रश्नमा दम त थियो । तर, यो परिस्थिति हठात् सिर्जना भएको भने होइन ।

नेपालको संविधानको धारा १६८ को उपधारा (१) अनुसार कुनै एक दलको प्रदेश सभामा स्पष्ट बहुमत नभएकाले उपधारा (२) बमोजिम दुई वा दुईभन्दा बढी दलको समर्थनमा पहिले एमालेका नेता हिक्मतकुमार कार्कीको नेतृत्वमा सरकार बनेकै हो । तर, संघीय सरकारमा समीकरण फेरिएको केही समयपछि उनको सरकारबाट माओवादी र जनता समाजवादी बाहिरिए । परिणामस्वरूप उनको सरकारले सदनको विश्वास गुमाउने अवस्था आयो । यो कुरा बुझेका उनले विश्वासको मत मागेर पराजित हुनुभन्दा राजीनामा दिनु श्रेयष्कर माने । अनि केन्द्रकै देखासिकीमा बनेको गठबन्धनको टेकोमा नेपाली कांग्रेसका नेता उद्धव थापाको नेतृत्वमा नयाँ सरकार बन्यो । ९३ सदस्यीय प्रदेश सभामा दलीय अंकगणितअनुसार सत्तारुढ गठबन्धनसँग ४७ सदस्यको समर्थन नभएको होइन, तर पहिलोपटक सभामुखको समेत हस्ताक्षर गरेर बहुमत पुऱ्याएका कारण र दोस्रोपटक संवैधानिक प्रावधानको सर्वोच्च अदालतद्वारा गरिएको 'निर्जीव व्याख्या'का कारण उद्धव थापा नेतृत्वको सरकार अपदस्थ हुन पुग्यो । हुन त यसलाई राजनीतिक दाउपेच र तिकडमबाजीको खेलमा सत्तारुढ गठबन्धन प्रतिपक्षी एमालेबाट नराम्ररी पछारिएको पनि भन्न सकिन्छ, किनकि दोस्रोपटक बहुमत सिद्ध गर्न सत्तारुढ गठबन्धनले सभामुखलाई राजीनामा गराएर मन्त्री बनाएकै हो । त्यतिले नपुग्ला कि भनेर सदनको ज्येष्ठ सदस्यलाई समेत राज्यमन्त्री बनाएकै हो । तर, प्रतिपक्षले 'काउन्टर मुभ' गरी छाड्यो । उपसभामुखलाई बिरामी बनाउनेदेखि पाँचजना ज्येष्ठ सदस्यलाई अनुपस्थित गराएर भए पनि सत्तारुढ गठबन्धनलाई नै विश्वासको मत लिने बैठकको अध्यक्षता गर्न बाध्य पाऱ्यो र सँगसँगै मत बराबर नहुने अवस्थासमेत सुनिश्चित गऱ्यो । ताकि बैठकको अध्यक्षता गर्ने सदस्यले समेत संविधानले उपलब्ध गराएको निर्णायक मत दिन पाउने अधिकार प्रयोग गर्न नसकोस् ।

हो, यही बिन्दुमा मैले सर्वोच्च अदालतले संविधानको निर्जीव व्याख्या गऱ्यो भन्या हुँ । यसपटकको प्रतिपक्षको अभ्यासले के छर्लंग भयो भने आफूलाई राजनीतिक लाभ नहुने अवस्थामा अनेक हतकन्डा अपनाएर भए पनि कुनै दलले सदनमा निर्णयार्थ प्रस्तुत हुने विषयमा बराबर मत हुनै दिँदैनन् । परिणामस्वरूप संविधानले परिकल्पना गरेको बराबर मत आउने र त्यो अवस्थामा सभामुख-उपसभामुख वा सदनको अध्यक्षता गर्ने सदस्यले निर्णायक मत दिने व्यवस्था निरर्थक र निष्प्रभावी हुने भयो । यसपटक जे परमादेश दिए पनि नियतवश अनुपस्थित भएर बराबर मत आउन नदिने र त्यसका कारण सभाको अध्यक्षता गर्ने सदस्यले संवैधानिक प्रावधान कुल्चियो भनेर न्याय खोज्ने विषयमा अदालत बोल्नुपर्ने थियो । किनकि, न्याय माग्दा सफा हातले माग्नुपर्छ भन्ने न्यायको सिद्धान्त त्यसै बनेको होइन । संविधानलाई 'सजीव दस्ताबेज' भनिन्छ किनकि त्यसको 'अक्षर र भावना' दुवै हुन्छ । हो, त्यो 'भावना'को व्याख्या गर्ने र संविधानलाई जीवन्त दस्ताबेज बनाउने भनेको नै त्यसको अभिभावक मानिने न्यायपालिकाले हो । मेरो विचारमा यसपटक हाम्रो न्यायपालिकाले 'अक्षर' मात्र हेऱ्यो 'भावना' हेरेन । जे होस्, यो त भई नै सक्यो । फेरि यसमा त जसको पनि राय बाझ्न सक्छ ।

यसपटकको विडम्बना त के भने कोशीमा प्रदेश सभाको दोस्रो निर्वाचन भएको वर्ष दिन नपुग्दै चौथोपटक सरकार फेरिएको छ र तिनै दुई पार्टीका उनै दुई नेताले दुई-दुईपटक मुख्यमन्त्री बन्ने मौका पाएका छन् । दुईको संयोग कस्तो जुटेको छ भने दुईपटक सरकारको नेतृत्व गरेका मुख्यमन्त्री हिक्मत कार्कीले दुईपटक नै अध्यादेशबाट सरकारको वार्षिक बजेट प्रस्तुत गर्नुपरेको छ ।

तर, लाख रुपैयाँको प्रश्न के भने के यस सरकारले विश्वासको मत पाएर राजनीतिक स्थायित्वको प्रत्याभूति गर्न सक्छ ? के मुख्यमन्त्री कार्कीले आह्वान गरेभैँ सहमतीय या सर्वदलीय सरकार बन्ने सम्भावना छ ? यतिबेला राजनीतिक घटनाक्रम जसरी उद्घाटित हुँदै छ, त्यसलाई हेर्दा यो सरकारले विश्वासको मतको खड्गो काट्ने सम्भावना अत्यन्त क्षीण छ । त्यसको छनक विश्वासको मत प्राप्त गरेपछि मात्र सरकारमा सामेल हुने राप्रपाको कथनले पनि दिन्छ । एक-अर्कालाई हराउन प्रयोग भएको राजनीतिक दाउपेचका कारण उत्पन्न आपसी अविश्वासले पनि भर्खरै सरकारबाट निस्कनुपरेको गठबन्धनभित्रको कुनै दलले पनि कार्की सरकारलाई विश्वासको मत दिने अवस्था देखिँदैन । र फेरि, यसपटक त उपसभामुखले नै बैठकको अध्यक्षता गर्नुपर्ने हुँदा अंकगणितको खेलमा एमाले स्वतः पछि पर्ने देखिन्छ ।

> अग्निपरीक्षामा परेका प्रदेश संरचनालाई कोशी प्रदेशको संकटबाट बाहिर निकाल्न र प्रदेशलाई साँच्चै कामकाजी, जनताको सेवक र विकासको वाहक कसरी बनाउन सकिन्छ, त्यसतर्फ यो संविधानका निर्माता र उदीयमान राजनीतिक शक्तिहरूले समयमै सोच्न सक्नुपर्छ

मौजुदा परिस्थिति आँकलन गर्दा हिक्मत कार्कीको सरकार ३० दिनको पाहुना बन्ने र अन्ततः राजनीतिक घटनाक्रम संविधानको धारा १६८ को उपधारा (५) मा पुग्ने निश्चित जस्तै छ । यसपटकचाहिँ गठबन्धन दलहरूले पनि आफ्नो अस्तबलको पुरानै घोडाभन्दा पनि नयाँ घोडा अघि सारे भने तिनका पक्षमा सदनका ४७ सभासद् को हस्ताक्षर जुटाएर सरकारको दाबी गर्न सहज देखिन्छ । तर, यसरी बन्ने सरकारले पनि उपधारा (६) मा गरिएको व्यवस्थामा टेकेर उपधारा (४) अनुसार विश्वासको मत लिनैपर्छ । हो, यो बिन्दुमा प्रतिपक्षी एमालेले पहिलेभैँ बिरामी र अन्य कामको बहानामा उपसभामुख वा अन्य सभासद्लाई अनुपस्थित गराउने अवस्थाचाहिँ क्षीण छ । किनकि यो सरकारले विश्वासको मत नपाउनु भनेको मध्यावधि निर्वाचन निम्त्याउनु हुन जान्छ । अनि जहाँसम्म मध्यावधि निर्वाचनको प्रश्न छ, त्यो जोखिम उठाउन यतिबेला प्रदेश सभामा उपस्थित कुनै पनि दल मानसिक वा भौतिक रूपमा तयार छैनन् । तिनले के बुझेका छन् भने मध्यावधिमा गइयो भने पहाडमा पहिचान पक्षधर र सहर बजारमा स्वतन्त्र पार्टीले दोहोलो काढ्नेवाला छन् र तिनको प्रदेश सभामा विद्यमान अंकगणित थप क्षय हुनेछ । त्यसमाथि जनताले राज्यमाथि भार थपेको भनी लाउने फत्तुर त छँदै छ ।

तर, यस्तो संशयबाट प्राप्त विश्वासको मतको कुनै भर हुन्न । अतः यो विन्दुमा राष्ट्रिय प्रजातन्त्र पार्टी निर्णायक बन्न सक्छ । त्यसो त खण्डनमण्डन जे भए पनि के कुरा साँचो हो भने प्रतिनिधिसभाको समितिको आफ्नो भागमा परेको सभापतिको पद माओवादी केन्द्रले राप्रपालाई दिएकै हो । पर्दापछाडि केही लेनदेन नभई माओवादीले राप्रपाप्रति यस्तो सदाशयता अवश्य नै देखाएन होला । त्यसको जाँच निकट भविष्यमा हुने कोशी प्रदेशको संसदीय खेलमा राप्रपाले खेल्ने भूमिकाले प्रस्ट पार्ने नै छ ।

तर, यसपटक सत्ताको खेलमा जेजस्ता जायज-नाजायज खेल भए, त्यसले आमजनताको नजरमा राजनीतिक दल र तिनका नेताको वास्तविक हैसियत उजागर गरिदियो । जनताले आफ्ना नेताहरूको चरम सत्तालिप्सा, पदका लागि हानाथाप र तिकडमबाजी निःशुल्क देख्न पाए । संघ सरकारले प्रदेशका लागि बनाउनुपर्ने कानुन नबनाइदिएर, दिनुपर्ने अधिकार नदिएर प्रदेशहरूको हुर्मत लिएकै थियो । त्यसमाथि थपिएको यो राजनीतिक अस्थिरताले प्रदेशको औचित्य र संघीयतामाथि नै प्रश्नचिह्न खडा हुने स्थिति आइपरेको छ । यसले पहिलेदेखि नै संघीयता नमान्ने राजनीतिक शक्तिलाई हौस्याएको छ । बडेमानको टाउको, स्याप्प भुँडी र लिखुरे खुट्टा लिएर संघीयताको यात्रा कतिन्जेल चल्ला ? संघीयता राजनीतिक 'अजेन्डा' हो, अतः यसको स्वामित्व र कार्यान्वयनको जिम्मेवारी संविधान निर्माणको श्रेय लिने राजनीतिक दल र तिनका नेताले लिनुपर्छ । यसलाई आफ्नो वृत्ति विकासमा केन्द्रित कर्मचारीतन्त्रको जिम्मामा छाड्न मिल्दैन । वृत्ति विकासमा अंक थप्न प्रदेशमा पर्यटकीय पोस्टिङमा आउने कर्मचारीलाई दोष दिनुको कुनै तुक छैन ।

प्रदेश सभाको विशिष्ट अंकगणितका कारण आज कोशी राजनीतिक अस्थिरताको पर्याय बनेको छ । भोलि यस्तो अवस्था अन्य प्रदेशमा पनि आउन सक्छ । अग्निपरीक्षामा परेका प्रदेश संरचनालाई यो भाउँतोबाट बाहिर निकाल्न र प्रदेशलाई साँच्चै कामकाजी, जनताको सेवक र विकासको वाहक कसरी बनाउन सकिन्छ, त्यसतर्फ यो संविधानका निर्माता र उदीयमान राजनीतिक शक्तिहरूले समयमै सोच्न जरुरी छ । पानी टाउकोभन्दा माथि पुग्नुअघि नै बुद्धि पुऱ्याइन भने त्यस्तो बुद्धिको के काम ?

Twitter: @cris_pokharel

---

३ प्रश्न

पूर्वप्रधानमन्त्री एवं एकीकृत समाजवादीका सम्मानित नेता **झलनाथ खनाल**लाई



दिवंगत नेता सुवासचन्द्र नेम्वाङलाई कसरी सम्झनुहुन्छ ?

सुवासचन्द्र नेम्वाङ मेरो सातौँ कक्षादेखि स्नातकसम्मका सहपाठी हुनुहुन्थ्यो । मैले नै उहाँलाई ०२९ सालदेखि प्रगतिशील पार्टी राजनीतिमा आउन प्रेरित गरेको हुँ । कोअर्डिनेसन कालदेखि नेकपा निर्माणसम्म उहाँ र मैले एउटै पार्टीमा काम गऱ्यौँ । उहाँलाई आत्मीय र घनिष्ठ सहपाठी, सहयोद्धा कमरेड, कुशल सांसद, वरिष्ठ वकिल, राम्रो सभामुख र संविधानसभा अध्यक्षका रूपमा उहाँले खेलेका प्रभावकारी भूमिकाका आधारमा सम्झिन्छु ।

राष्ट्रिय राजनीतिमा नेम्वाङको अभाव कति खड्किएला ?

संविधानसभाका अध्यक्ष भएपछि उहाँले सबैलाई मिलाएर लाने र सबैका भावनालाई प्रतिविम्बित गरेर लाने ढंगको प्रयत्न गर्नुभयो । सबै पार्टीलाई एक आपसमा मिलाउने, सहकार्य गर्ने, साझा आधारमा बोल्ने र संविधान निर्माण गर्ने आधार तयार पार्ने काममा उहाँले महत्त्वपूर्ण भूमिका खेल्नुभयो । त्यसैको परिणामस्वरूप पनि हामीले आजको संविधान प्राप्त गरेका हौँ । त्यसैले, समकालीन नेपालको राजनीतिमा उहाँको निधनले ठूलो क्षति भएको छ ।

उहाँको अनुपस्थितिले वाम राजनीतिमा कस्तो प्रभाव पार्ला ?

सुवास नेम्वाङ नेपालको कम्युनिस्ट आन्दोलनको एकताको पक्षमा हुनुहुन्थ्यो । हामी अलग पार्टीमा हुँदा पनि हामीबीच सधैँ सम्पर्क र सम्बन्ध भइरहन्थ्यो । पार्टी विभाजन भएको प्रति उहाँ निकै दुःखी हुनुहुन्थ्यो । उहाँ जुन पार्टीमा रहेको भए पनि कम्युनिस्ट आन्दोलनलाई एकताबद्ध बनाउन चाहनुहुन्थ्यो । एउटै पार्टी बन्दैन भने पनि कार्यगत एकता गरेर अगाडि बढ्न पाए हुन्थ्यो भन्ने धारणा राख्नुहुन्थ्यो । हामी वामपन्थीले एउटा राम्रो, लचिलो र सबैसँग मिल्न सक्ने व्यक्तित्वलाई गुमाएका छौँ ।

प्रेरक प्रसंग

सजिलो वातावरण दिने प्रयास

एकपटक एउटा बालक पुतलीको बच्चा कोकुनबाट बाहिर निस्किन खोजेको मोहक दृश्य हेरिरहेको थियो । तर, त्यो सानो पुतलीले कोकुन फुटाउन सकेन र कोकुनमै अड्किरह्यो ।



पुतलीको अवस्था देखेर त्यो बालक निकै दुःखी भयो । उसले पुतलीलाई असर नपर्ने गरी आफैँले त्यो कोकुन फुटाइदियो । उसको प्रयासपछि कोकुन फुट्यो र त्यो सानो पुतली पनि बाहिर निस्क्यो । यो देख्दा ऊ निकै खुसी भयो । उसले पुतलीलाई घरमा लगेर सुरक्षित राख्यो । ऊ व्यग्रतापूर्वक पुतली उड्ने दिनको पर्खाइमा बस्यो । तर अफशोच, त्यो सानो पुतलीका पखेटै पलाएनन् । परिणामतः ऊ कहिल्यै उड्न सकेन, घम्रिएरै यताउता हिँडिरह्यो । वास्तवमा सो बालकले पुतलीको पीडा देख्न नसकेर उसलाई सजिलो र राम्रो जीवन दिने प्रयास गऱ्यो । तर, उसैका कारण उडेर संसार चहार्नुपर्ने पुतलीको जीवन घम्रिएरै बित्यो । पुतलीले कोकुनबाट निस्किनुअघि आफ्नै संघर्षबाट पखेटा निकाल्छ, सो कोकुन फुटाउँछ र रमाउँदै उड्छ । बालकले कोकुनबाट बाहिर निकालिदिएपछि उसले पखेटा उमार्ने मौका पनि पाएन र उड्न पनि सिक्न सकेन ।

हामी सबै सजिलो खोज्छौँ । आफ्ना बालबालिकालाई हरसम्भव सजिलो वातावरण दिन चाहन्छौँ । पखेटा फिँजाएर उड्ने क्षमता भएका सन्तानलाई हामी परजीवी बनाउँदै छौँ । परिणामतः सो पुतलीजस्तै हाम्रा सन्तान पनि पखेटा उम्रिन नसकी घम्रिरहेका छन् । हामीचाहिँ उनीहरूलाई सुविधा जुटाइदिएकोमा मख्ख छौँ ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

नेम्वाङलाई श्रद्धाञ्जली

सुवास नेम्वाङ नेपाली राजनीतिका एक असल नेता थिए । उनले राजनीतिक जीवनकालमा जहिले-जहिले नेतृत्वदायी भूमिका पाए, त्यसमा खरो उत्रिए । उनले संविधानसभाका अध्यक्षका रूपमा संविधान निर्माणमा खेलेको भूमिका प्रशंसनीय छ । कहिलेकाहीँ पार्टी नेतृत्वको गलत निर्णयको विरोध गर्नुको साटो मौन समर्थन गर्दा नेम्वाङको आलोचना हुने गरेको भए पनि उनले राजनीतिक जीवनमा निर्वाह गरेको भूमिका र उनको व्यक्तित्व आमनागरिकको आँखामा बिझाउने खालको कहिल्यै देखिएन । उनी नेपाली राजनीतिका शिखर व्यक्तित्व नै हुन् । नेम्वाङको असामयिक निधनको खबरमाथि विश्वास गर्न कठिन भइरहेको छ । तर, जेजस्तो भए पनि विश्वास नगरी सुख पनि छैन । त्यसैले, आदरणीय नेता नेम्वाङलाई हार्दिक श्रद्धाञ्जली !

● **मोनिका राई**, उर्लाबारी, मोरङ

प्रहरीलाई अनुशासित बनाऊ

एक वर्षमा दुई हजारभन्दा बढी प्रहरी आन्तरिक कारबाहीमा परेको समाचार पढियो । यो सब प्रहरीमा बढ्दो अनुशासनहीनताको परिणाम हो । सिंगो देशलाई अनुशासित राख्नुपर्ने प्रहरी कर्मचारी आफैँ अनुशासनहीन भए भने यो देश कस्तो होला ? खासगरी प्रहरी कर्मचारीमा पदीय हैसियतको उन्माद बढी नै देखिन्छ । अनुशासित र संयमित हुनुपर्ने प्रहरी नै असंयमित हुन थालेपछि संगठन नै बदनाम हुन सक्छ । त्यसैले, प्रहरी कर्मचारीलाई अनुशासित बनाउने दिशामा समयमै ध्यान दिइयोस् ।

● **पूर्णिमा केसी**
सतुंगल, काठमाडौं

जनशक्ति व्यवस्थापन गर

वीर अस्पतालमा ४० करोडको 'टोमोथेरापी' मेसिन आए पनि प्राविधिक जनशक्ति भने नभएको समाचार पढ्दा दुःख लाग्यो । विकिरणमार्फत क्यान्सरपीडितको उपचार गर्ने संसारकै अत्याधुनिक उपकरण ल्याइए पनि त्यसलाई चलाउने जनशक्ति नहुनु लाजमर्दो अवस्था हो । ०७५ मै यस किसिमको अत्याधुनिक उपकरण ल्याइसकिएपछि अहिलेसम्म प्राविधिक जनशक्ति उत्पादनमा राज्यले किन ध्यान दिन सकेन ? के राज्य क्यान्सरपीडित जनताको उपचार गराउन चाहँदैन हो ? नत्र आवश्यक प्राविधिक जनशक्ति व्यवस्थापनमा किन ध्यान जान सकेन ?

● **बुद्ध लामा**
बागेमुढा, काठमाडौं

आँखामा पनि नबिझाउने नेम्वाङ

संविधानसभाका अध्यक्ष तथा पूर्वसभामुख सुवास नेम्वाङको आकस्मिक निधनसँगै सिंगो देश रोइरहेको छ । अधिकांश नेपालीको मनमा शून्यता छाएको छ । आँखामा राख्दा पनि नबिझाउने थोरै नेतामध्ये एक थिए नेम्वाङ । समकालीन नेतामध्ये असल नेताको नाम लिनुपर्दा सुवास नेम्वाङको नाम अग्रपंक्तिमा आउँथ्यो । उनको शालीनता, मिलनसारिता, बौद्धिकता र तार्किकताको जति बयान गरे पनि कम हुन्छ । उनमा रहेका ती अलौकिक गुणले गर्दा नै उनी नेपालीको मनमनमा बस्न सफल भएका थिए । तिनै गुणले गर्दा इलामी जनताले सुवासलाई हरेकपटक आफ्ना प्रतिनिधि बनाएर पठाउने गरेका थिए । तिनै गुणले उनी मन्त्रीदेखि सभामुखसम्म पटक-पटक बन्न सफल भए । नेम्वाङ केवल एक असल नेता मात्र थिएनन् । एक असल गुरु पनि थिए । उहाँको शिष्य भएका नाताले म गौरवान्वित छु । ०४२-०४७ मा म नेपाल ल कलेज मा अध्यनरत थिएँ । त्यो वेलाका हाम्रा गुरु नेम्वाङ, पूर्वन्यायाधीशद्वय प्रकाश वस्ती, स्व. भरत उप्रेती, सुरेश आले मगर आदि हुनुहुन्थ्यो । अन्य गुरुहरूको कक्षामा होहल्ला हुने गरे पनि नेम्वाङ, वस्ती र उप्रेती छिर्नासाथ कक्षाकोठा शान्त हुने गर्थ्यो । सबैले ध्यानपूर्वक उनीहरूका कुरा सुन्थे । किनकि त्यहाँ मिठास थियो, बौद्धिकता थियो । नेम्वाङको निधनले नेपालको राजनीतिमा अपूरणीय क्षति पुगेको छ । एक असल मानिस, असल गुरु र असल नेतालाई हार्दिक श्रद्धाञ्जली !

● **गोपाल देवकोटा**, जोरपाटी, काठमाडौं
gopaldevkota@gmail.com

भारतबाट 'इन्डिया' हटाउने राजनीतिको अन्तर्य

दैनन्दिनका आवश्यकता र सुरक्षा खोजिरहेका आमजनताका लागि मुलुकको नाम परिवर्तन कथित महान् इतिहास ब्युँताउने झुटो वाचा मात्रै हो



देश/विदेश

● निताशा कौल

हालै समापन भएको जी-२० शिखर सम्मेलनमा राजकीय रात्रिभोजको निमन्त्रणा 'इन्डिया'का राष्ट्रपतिबाट नआई अस्वाभाविक ढंगले 'भारत'का राष्ट्रपतिबाट आएको थियो (स्मरण रहोस् भारतलाई अंग्रेजीमा इन्डिया भनेर जनाइन्छ र यसअघि भारतले आयोजना गर्ने राजकीय भोजको अंग्रेजी भाषामा दिइने निमन्त्रणामा इन्डिया लेखिन्थ्यो) । यो निमन्त्रणापछि राष्ट्रिय र अन्तर्राष्ट्रिय टिप्पणीकारले मुलुकको नाम परिवर्तन गरिने आकलन गरेका छन् । केही टिप्पणीकारले सन् २०२४ मा हुने आमनिर्वाचनका लागि बनेको विपक्षी गठबन्धनले आफ्नो संक्षिप्त नाम 'इन्डिया' बनाएकाले सत्तारुढ भारतीय जनता पार्टी (भाजपा) विचलित भएको बताएका छन् । सामाजिक सञ्जालमा नाम परिवर्तनलाई लिएर गम्भीर बहस र ठट्टा चलिरहेको छ ।

भाजपा सांसदमाथ मुलुकको नाम फेर्ने पक्षमा मत बढ्दो छ, किनभने यिनका लागि मुलुकलाई अंग्रेजीमा सम्बोधन गर्दा प्रयोग हुने 'इन्डिया' शब्दले 'औपनिवेशिक दासत्व' झल्काउँछ । यसअघि सन् २०१६ र २०२० मा अदालतसामु मुलुकको नाम परिवर्तन गर्नेबारे याचिका दायर नभएका होइनन्, तर सर्वोच्च अदालतले दुवै याचिका खारेज गरेको थियो । जी-२० निमन्त्रणाको केही दिनअघि भाजपाको वैचारिक अभिभावक एवं अर्धसैन्य दक्षिणपन्थी संगठन राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस) का अध्यक्ष मोहन भागवतले खुलेरै इन्डियाको सट्टा 'भारत' शब्द प्रयोग गर्न आग्रह गरेका थिए । भारत नाम 'बाहिरका कसैले बुझ्नून् वा नबुझ्नून्, त्यो हाम्रो चिन्ताको विषय होइन । यदि बाहिरकालाई बुझ्न अप्ठ्यारो हुन्छ भने त्यो तिनको समस्या हो । विश्वलाई हामी चाहिएको छ न कि हामीलाई विश्व' भागवतले भनेका थिए ।

संवैधानिक परिवर्तन : अहिले मुलुकको नाम परिवर्तन हुने आकलन भइरहँदा मुलुकको नाम के हुने हो भन्नेबारे सन् १९४९ मै संविधानसभामा भएको बहसलाई पुनः ब्युँताइएको छ । भारतको नाम र भूभाग सम्बन्धित भारतको संविधानको धारा १ मा 'इन्डिया अर्थात् भारत' (औपचारिक हिन्दी अनुवादमा 'भारत, अर्थात् इन्डिया') लेखिएको छ । त्यसयता भारत र इन्डियालाई पर्यायका रूपमा प्रयोग गरिन्छ । तसर्थ, मुलुकको नाम परिवर्तन गर्नुको अर्थ भनेको संविधान संशोधन गरेर 'इन्डिया' शब्द हटाउनु हो । त्यसैगरी १८ देखि २२ सेप्टेम्बरमा संसद्को विशेष सत्र बोलाइएको छ र यसले नाम परिवर्तन हुने अनुमानलाई थप बलियो बनाएको छ ।

तर, मुलुकको नाम एकैपटक औपचारिक रूपमै परिवर्तन हुने सम्भावना कम देखिन्छ । दक्षिणपन्थी हिन्दू राष्ट्रवादी भारतमा हुने अन्य परिवर्तनमा झैँ मुलुकको नाम परिवर्तनका पछाडि सामाजिक सामान्यीकरणको प्रक्रिया अवलम्बन हुन सक्छ । उदाहरणका लागि अप्रिल ०२३ मा मुसलमान जोडिने १६औँ देखि १९औँ शताब्दीसम्म मुगल साम्राज्यलाई पाठ्यपुस्तकबाट औपचारिक रूपमा हटाउन सन् २०१६ देखि नै अनौपचारिक सामाजिक सामान्यीकरण थालिएको थियो । सामाजिक सञ्जालमा सन् २०१६ मा 'डिलिट मुगल फ्रम हिस्ट्री' (इतिहासबाट मुगललाई नामेट पार) भन्ने ह्यासट्याग चलेको थियो । यस अर्थमा राजकीय रात्रिभोजको निमन्त्रणा सामान्यीकरणको एक प्रक्रिया हो ।

हिन्दू दक्षिणपन्थको उदय : नाम परिवर्तनका पक्षधर भारत एक मौलिक शब्द भएको र यसको साइनो उपनिवेशविरोधी इतिहाससँग जोडिएको तर्क गर्छन् । उदाहरणका लागि 'भारत माताकी जय' भन्ने नारालाई लिन सकिन्छ । तर, नाम परिवर्तनका पछाडि छुट्याउन नहुने अन्य राजनीतिक एवं वैचारिक कारण मौजुद छन् । भारतको दक्षिणपन्थको मेरुदण्डका रूपमा चिनिने आरएसएसले लामो समयदेखि हिन्दू राष्ट्रको परिकल्पना गर्दै आएको छ । चुनावी राजनीतिभन्दा बाहिर रहने यो संगठनले पैरवी गर्ने रूपान्तरणमा



तस्बिर : एल्कजेन्ड्रेस बेल्टेस/इपिए-इएफई

गैरहिन्दूको अन्यकरणको अवधारणा महत्त्वपूर्ण रूपमा फल्किन्छ । यो अन्यकरणको अवधारणाले मुसलमान, इसाई, गैरब्राह्मण, धर्म निरपेक्षतावादी, नास्तिक, आलोचकलगायतलाई तारो बनाउँदै आएको छ । यस अर्थमा इन्डियालाई भारत मात्रै बनाउनु उपनिवेशविरोधी कदम होइन । वास्तवमा यो सब भारत र इन्डियालाई परस्परविरोधी शब्द बनाउने चाल हो, जहाँ आफूलाई 'इन्डियन' भनेर चिनाउने व्यक्ति राजनीतिक रूपमा 'आदर्श' हिन्दू अथवा हिन्दूकरण गरिएको 'भारतीय' नागरिकको तुलनामा 'अन्य' बन्नेछ ।


सन् २०१७ मा भारतको बढ्दो दक्षिणपन्थको अध्ययन गर्दा मैले भारतीय दक्षिणपन्थीले विभिन्न द्वैततालाई रणनीतिक रूपमा परस्परविरोधी बनाएर लाभ उठाउने गरेको पाएको थिएँ । यस्तै द्वैततामध्ये इन्डियाविरुद्ध भारत पनि पर्छ । आरएसएस र भाजपाले रुचाउने दक्षिणपन्थी हिन्दू विचार अर्थात् हिन्दूत्वमा भारतले इन्डिया नाम गरेको मुलुकलाई मात्रै प्रतिनिधित्व नगरी यसले शुद्ध हिन्दू नैतिकताको पनि पैरवी गर्छ । भारतका दक्षिणपन्थी भारत र इन्डियामा बसोवास गर्ने मानिसबीच फाटो ल्याउन उद्यत् छन् । यसको झल्को ब्रेक्जिट गर्दा ब्रेक्जिटमा युरोपियन युनियन (छोड्न नहुने) र (छोड्न हुने) बेलायतको निर्माणले पनि देखाउँछ । वास्तवमा शब्दको अर्थ नै फेर्ने गरी हुने विभाजनको यस्तो राजनीतिले दीर्घकालीन असर निम्त्याउँछ । अहिले भारतमा भारत र इन्डिया शब्द एक निश्चित राजनीतिक प्रयोजनका लागि निर्माण गरिँदै छ । आरएसएसका प्रमुख भागवतले सन् २०१३ मा 'बलात्कार भारतमा हुँदैनन्, इन्डियामा हुन्छन्' भनेका थिए । राजनीति प्रेरित विचारधाराका मामिलामा तथ्यको अवमूल्यन हुने गर्छ । आजको भारतमा हामी विचलनको राजनीति देख्छौँ, जहाँ नागरिकको समान अधिकार एवं स्वतन्त्रता, प्रतिस्पर्धात्मक राजनीति एवं विधिको शासनको कार्यान्वयनका सन्दर्भमा वर्तमान कमजोरीबाट ध्यान हटाई दक्षिणपन्थी शक्तिले आदर्श विगतको पुनर्प्राप्तिमा जोड दिन्छन् । दैनन्दिनका आवश्यकता र सुरक्षा खोजिरहेका आमजनताका लागि मुलुकको नाम परिवर्तन भनेको तथाकथित महान् इतिहास ब्युँताउने झुटो वाचा मात्रै हो ।

(कौल सेन्टर फर द स्टडी अफ डेमोक्रेसीकी निर्देशक एवं वेस्टमिन्स्टर विश्वविद्यालयकी राजनीतिशास्त्रकी प्राध्यापक हुन्)
द कन्भर्सेसनबाट

■ भारतलाई मध्यपूर्व र युरोपसँग जोड्ने यातायात परियोजना

'गेम चेन्चर' कि बिआरआई लक्षित योजना ?





नयाँदिल्लीमा सम्पन्न जी-२० सम्मेलनको साइडलाइनमा घोषणा भएको भारत, मध्यपूर्व र युरोपलाई जोड्ने एक बहुराष्ट्रिय रेल तथा पानीजहाज परियोजनालाई सम्बद्ध अधिकारीले 'गेम चेन्जर' बताइरहेका छन्। विश्लेषकहरूले भने यस भेगमा चीनको प्रभाव कम गर्ने उद्देश्यले यस परियोजना ल्याएको टिप्पणी गरेका छन्। परियोजनाअन्तर्गत साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स (युएई), जोर्डन, इजरायललाई रेलमार्गमार्फत जोडिनेछ। ती भेगका बन्दरगाहमार्फत भारत र युरोपेली संघलाई पनि सामुद्रिक मार्गबाट जोडिनेछ। रेल तथा पारवाहन पूर्वाधारका अतिरिक्त यस परियोजनामा ऊर्जा, डिजिटल केबलका पूर्वाधार पनि रहनेछन्। यो रुट निर्माण पूरा भएपछि व्यापार, इन्धन तथा सूचनाको आदानप्रदान तीव्र बन्ने अधिकारीले बताएका छन्।

यस योजनाअन्तर्गतको रुटमा नपर्ने भए पनि यस परियोजनामा सहमति निर्माण गर्न अमेरिकी सरकारले प्रमुख अग्रसरता लिएको थियो। सम्झौतामा हस्ताक्षर भएलगत्तै अमेरिकी राष्ट्रपति जो बाइडेनका राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभानले सम्झौताले बाइडेन सरकार 'दूरगामी लगानी'का लागि तयार रहेको देखाएको टिप्पणी गरे। यसलाई बाइडेन सरकार अन्य राष्ट्रलाई साझेदारका रूपमा साथमा लिएर काम गर्न इच्छुक रहेको उदाहरणको रूपमा लिन पनि उनले जोड दिए। परिष्कृत यातायात पूर्वाधारले आर्थिक वृद्धिलाई बढावा दिने र मध्यपूर्वी देशलाई एक ठाउँमा ल्याएर त्यस भेगलाई आर्थिक हब बनाउन सघाउने अमेरिकाले बताएको छ। मध्यपूर्व पछिल्लो केही दशकदेखि निरन्तर 'द्वन्द्व वा संकटको स्रोत' रहेको परिप्रेक्ष्यमा यस परियोजनाले त्यस पहिचानलाई बदल्ने अमेरिकाको दाबी छ।

तर, यो योजना अघि सारेर बाइडेन सरकारको मुख्यतः चीनको विश्वव्यापी पूर्वाधार योजना बेल्ट एन्ड रोड इनिसिएटिभ(बिआरआई)लाई चुनौती दिन खोजेको एकथरीको विश्लेषण छ। बिआरआई मुख्यतः विकासशील र उदीयमान राष्ट्रबीच लोकप्रिय भएको सन्दर्भमा ती देशका लागि वैकल्पिक अग्रसरता अघि सारिरहेको सन्दर्भमा वासिंटनले यो अर्को योजना अघि सारेको छ। त्यसैले यस योजनालाई अमेरिकाले निकै महत्त्व दिएको छ। 'यो ठूलो कुरा हो। वास्तवमै ठूलो कुरा हो,' बाइडेनले योजना घोषणापछि पत्रकारसँग बोल्ने क्रममा भनेका थिए। यस सम्झौताले स्वच्छ ऊर्जा, स्वच्छ बिजुली र समुदाय जोड्ने केबल कनेक्टिभिटीको 'अनन्त अवसर'लाई खुलाउने बाइडेनले दाबी गरे। सम्झौताको एक हिस्सेदार भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले पनि 'यस विशाल कनेक्टिभिटी परियोजनामार्फत भावी पुस्ताका लागि ठूला सपना देख्ने बिउ छरिएको' टिप्पणी गरे। 'सबै क्षेत्रसँग सम्पर्क विस्तार गर्नु भारतको प्रमुख प्राथमिकता रहेको छ। हामी विश्वास गर्छौं कि यस सम्पर्क सञ्जाल विभिन्न देशबीचको पारस्परिक व्यापार बढाउने मात्र होइन, पारस्परिक विश्वास बढाउने माध्यम हुनेछ,' मोदीले भने।

> नयाँदिल्लीमा आयोजना भएको जी-२० शिखर सम्मेलनको 'साइडलाइन'मा घोषणा गरिएको महत्त्वाकांक्षी रेल र ढुवानी सञ्जाल परियोजनालाई चीनको आर्थिक प्रभावको चुनौतीका रूपमा हेरिएको छ

'गेम चेन्जर' योजना

योजना घोषणा भएपछि सम्बद्ध देशका अधिकांश अधिकारीले यसलाई 'गेम चेन्जर'को रूपमा स्वागत गरेका थिए। योजना निर्माण पूरा भएपछि भारत र युरोपबीचको व्यापारमा लाग्ने समय ४० प्रतिशतले कम हुने तिनले बताएका छन्। अमेरिकी राष्ट्रपति कार्यालयका उप-राष्ट्रिय सुरक्षा सल्लाहकार जोन फिनरले सम्झौताले यसले छुने न्यून र मध्यम आययुक्त देशलाई फाइदा पुऱ्याउने र विश्वव्यापी व्यापारमा मध्यपूर्वको भूमिका बढाउने दाबी गरे। यसबाट ढुवानी समय, लागत र इन्धनको प्रयोगमा कटौती हुनेजस्ता महत्त्वपूर्ण फाइदा हुने पनि फिनरले बताए। सम्झौतामा युरोपेली संघ, भारत, साउदी अरेबिया, संयुक्त अरब इमिरेट्स, अमेरिका र अन्य जी साझेदारहरूले हस्ताक्षर गर्ने तय गरिएको थियो। 'यी प्रमुख क्षेत्रलाई जोड्नु हाम्रो विचारमा ठूलो अवसर हो,' फाइनरले भने। तथापि हालसम्म सम्झौताअन्तर्गत बन्ने परियोजनाको लागत कति हुनेछ भन्ने कुराको विस्तृत विवरण बाहिर ल्याइएको छैन।

केहीले यस योजनालाई इजरायललाई समग्र अरब विश्वमाझ मान्यता दिलाउने अमेरिकाको बृहत्तर मध्यपूर्वी योजनाको हिस्सा बताएका छन्। तथापि इजरायललाई यस परियोजनाको हिस्सा बनाएको कुनै अरब मुलुकले विरोध गरेका छैनन्। सबैभन्दा प्रभावशालीमध्येको एक अरबी मुलुक र यस परियोजनाको एक सदस्य साउदी अरबका युवराजले यसप्रति सकारात्मक टिप्पणी गरेका छन्। मोहम्मद बिन सलमानले बिजुली, हाइड्रोजन र रेलवे सेवालाई समावेश गर्ने यस परियोजनाले अन्तर्राष्ट्रिय ऊर्जा सुरक्षामा योगदान दिने बताएको साउदी टिभी अल अख्बरियाले समाचार प्रसारण गरेको थियो।

सम्झौता घोषणा कार्यक्रममा जी-२० सम्मेलनमा आएका बेइजिङका कुनै प्रतिनिधि पनि सहभागी भएका थिएनन्। बेइजिङको अनुपस्थिले पनि यो बिआरआईको काउन्टर योजना भएको बुझाइ बलियो बनेको हो। बेइजिङले सन् २०१३ मा एसिया, अफ्रिका र युरोपलाई जोड्ने गरी विशाल यातायात सञ्जाल अघि सारेको थियो। भारतीय स्वतन्त्र विश्लेषक राधा कुमारनको बुझाइमा पनि यो 'असाधारण पहल' चीनको बिआरआईको विकल्पको आएको भन्ने छ। 'चीनको शक्ति यति तीव्र गतिमा बढ्दै गएको छ कि पश्चिमी देशलाई समेत कुनै विकल्प नदिए आफू पछि पर्ने डर बढ्दै गएको छ। त्यसैले ती नयाँ परियोजना ल्याउनैपर्ने दबाबमा थिए र सोहीअन्तर्गत यो आएको बुझ्दा पनि हुन्छ,' राधाले बताइन्। तथापि यस परियोजनाले चीनको विश्वव्यापी पूर्वाधार परियोजना बिआरआईलाई कमजोर नबनाई स्वतन्त्र रूपले अघि बढ्ने सम्भावना रहेको राधाको ठम्याइ छ। 'भारत बेल्ट एन्ड रोड इनिसिएटिभ (बिआरआई)को हिस्सा थिएन, त्यसैले यो पहलले भारतलाई कनेक्टिभिटी दिन्छ,' राधाले बताइन्।

- अल जजिराबाट

रेल चढेर रुस पुगे किम जोङ उन

मस्को/ उत्तर कोरियाली नेता किम जोङ उन सवार रेल रुसी भूमिमा प्रवेश गरेको रुसी राज्य समाचार समिति रिया नोवोस्तीले जनाएको छ। नेता किम चढेको रेल उत्तर कोरियाबाट प्रिमोर्सकी क्षेत्रमा प्रवेश गरेको तस्बिर पनि रिया नावोस्तीले सार्वजनिक गरेको छ।
रुसी सञ्चारमाध्यमका अनुसार उत्तर कोरियाली नेता किमले यसै साताको अन्त्यमा आफ्ना समकक्षी भ्लादिमिर पुटिनसँग भेटवार्ता गर्ने कार्यक्रम रहेको जनाएका छन्। चार वर्षपछि किमको पहिलो विदेश भ्रमण रुसमा भएको हो। प्रतिरक्षा विश्लेषकका अनुसार मस्कोले उत्तर कोरियाबाट हातहतियार र एन्टीट्यांक मिसाइल चाहेको छ। यद्यपि क्रेमलिनले वैश्विक एवं क्षेत्रीय मामिलामा दुई देशका नेताले वार्ता गर्ने बताएको छ। पश्चिमी प्रतिबन्धबाट पिरोलिएको प्योङयाङले मस्कोसँग खाद्यान्नलगायत अन्य मानवीय सहायताका निम्ति अनुरोध गर्ने बताइएको छ। क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले रुसी सञ्चारमाध्यमलाई दुई नेताले 'संवेदनशील' विषयमा छलफल गर्ने बताएका छन्। अमेरिकाले भने उत्तर कोरियाले युक्रेन द्वन्द्वका लागि मस्कोलाई हतियार उपलब्ध गराएमा गम्भीर मूल्य चुकाउनुपर्ने चेतावनी दिएको छ।

लिबियामा आएको भीषण बाढीमा तीन हजारभन्दा बढीको मृत्यु



त्रिपोली/ पूर्वी लिबियामा आएको बाढीमा परी तीन हजारभन्दा बढीको मृत्यु भएको तथा १० हजारभन्दा बढी बेपत्ता भएको रेडक्रसका अधिकारीले बताएका छन्। रेडक्रस र रेड क्रिसेन्ट सोसाइटीहरूको अन्तर्राष्ट्रिय महासंघका लिबियाका लागि प्रतिनिधिमण्डलका प्रमुख टेमेर रमदानले उत्तर अफ्रिकी देशमा बाढी पछि १० हजार मानिस बेपत्ता भएको र मर्नेहरूको संख्या हजारौं पुग्न सक्ने चेतावनी दिएका छन्। मंगलबार ट्युनिसियाबाट भिडियो कन्फरेन्समार्फत जेनेभामा संयुक्त राष्ट्र संघको ब्रिफिङमा पत्रकारसँग कुरा गर्दै रमदानले बाढीले बगाएर ज्यान गुमाउनेको संख्या धेरै ठूलो भएको बताएका थिए। क्षतिको आकलन सकिएपछि ज्यान गुमाउनेको संख्या हजारौं पुग्न सक्ने उनले आकलन गरे। लिबियाका अधिकारीले 'डेनियल' नामक समुन्द्री आँधीपछि आएको मुसलधारे वर्षासँगै अचानक बाढी आएको र त्यसमा परी पूर्वी सहर डेर्नामा मात्र तीन हजारभन्दा बढीको मृत्यु भएको आशंका गरेका छन्।

इतिहासमा आज



सन् १९४८ : भारतका पहिलो उपप्रधानमन्त्री तथा गृहमन्त्री बल्लवभाइ पटेलले भारतीय सेनालाई हैदरावादमाथि आक्रमणको निर्देशन दिए। 'अपरेसन पोलो' नामक यस अभियानले भारतमा एकीकरण गर्न आनाकानी गरिरहेका मुस्लिम शासित (तर हिन्दूबहुल) हैदराबादलाई भारतमा मिलाएको थियो। ५ दिनमा भारतले सो राज्य कब्जामा लिएको थियो।

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२२/२२५)
फ्याक्स: +९७७-०१-४२६७०६७५


NIC ASIA
एन आई सी एशिया बैंक लि.

गैर बैकिङ्ग सम्पत्ति विक्री बारे ७ (सात) दिने शिलबन्दी बोलपत्र आह्वान

यस बैंकको नाममा दर्ता रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रबाट बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ । तसर्थ उक्त सम्पत्ति खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ संस्थाहरुले निम्न लिखित शर्त बन्देजहरुको अधीनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन) भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

तपसिल

क्र.सं.	गैर बैकिङ्ग सम्पत्तिको विवरण
१.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय पर्सा, विरगंजको लगतमा दर्ता कायम रहेको, पर्सा जिल्ला, औराटार गा.वि.स. वडा नं. ७ ख (हाल पर्सा जिल्ला, बहादुर माई न.पा. वडा नं. ५) स्थित कित्ता नं. ५१७ र ५१८ को क्षेत्रफल क्रमश: ०-१-७ र ०-५-१७ (विगाह) को घर/जग्गा ।
२.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय पर्सा, विरगंजको लगतमा दर्ता कायम रहेको, पर्सा जिल्ला, औराटार गा.वि.स. वडा नं. ७ क (हाल पर्सा जिल्ला, बहादुर माई न.पा. वडा नं. ५) स्थित कित्ता नं. ९८१ र ९८३ को क्षेत्रफल क्रमश : ०-०-१३-८ र ०-०-२-८ (विगाह) को घर/जग्गा ।
३.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय पर्सा, विरगंजको लगतमा दर्ता कायम रहेको, पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १३ (हाल वीरगंज म.न.पा. वडा नं. १०) स्थित कित्ता नं. १३६ को क्षेत्रफल ३४० (व.मी) को घरजग्गा ।
४.	यस बैंकको नाममा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, जगरनाथपुर गा.वि.स. वडा नं. २ (हाल जगरनाथपुर गा.पा. वडा नं. ४) स्थित कित्ता नं. ८५८ को क्षेत्रफल ०-१५-१०-० (विगाह) को जग्गा ।
५.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, औराटार गा.वि.स. वडा नं. ७ क (हाल बहदुरमाई न.पा. वडा नं. ५) स्थित कित्ता नं. ८६७ र ८६९ को क्षेत्रफल क्रमश : ०-०-०-१२ र ०-०-२-४ (विगाह) को जग्गा ।
६.	यस बैंकको नाममा मालपोत कार्यालय, मुग्गुको लगतमा दर्ता कायम रहेको, मुग्गु जिल्ला, कार्कीवाडा गा.वि.स. वडा नं. ६ ग स्थित कित्ता नं. ५१ को क्षेत्रफल ४४१७.५० व.मि.को जग्गा ।
७.	यस बैंकको नाममा मालपोत कार्यालय, मुग्गुको लगतमा दर्ता कायम रहेको, मुग्गु जिल्ला, श्री नगर गा.वि.स. वडा नं. ५ क स्थित कित्ता नं. १९५ को क्षेत्रफल २६.२५ व.मि. को घरजग्गा ।
८.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १३ (हाल वीरगंज म.न.पा वडा नं. १०) स्थित कित्ता नं. ३५९ को क्षेत्रफल ०००६७.७ व.मी. को घरजग्गा ।
९.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. ६ (हाल वीरगंज म.न.पा. वडा नं. ५) स्थित कित्ता नं. २६४ को क्षेत्रफल ३६६.४० व.मि. को घरजग्गा ।
१०.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, बहुअरी वी गा.वि.स. वडा नं. २ (हाल विरगंज म.न.पा. वडा नं. १४) स्थित कित्ता नं. ८३९ र ८४० को क्षेत्रफल क्रमश: ०-२-५-० र ०-१-४-९ (विगाह) को घरजग्गा ।
११.	यस बैंकको नाममा भूमि सुधार तथा मालपोत कार्यालय, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १५ (हाल वीरगंज म.न.पा. वडा नं. १२) स्थित कित्ता नं. ९१ र १४ को क्षेत्रफल क्रमश: २९५ र १०.४० (व.मि.) को जग्गा ।
१२.	यस बैंकको नाममा भूमि सुधार तथा मालपोत कार्यालय, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १५ (हाल वीरगंज म.न.पा. वडा नं. १२) स्थित कित्ता नं. २६५ र ७२१ को क्षेत्रफल क्रमश: ८४.६५ र १५१.३२ (व.मि.) को जग्गा ।
१३.	यस बैंकको नाममा मालपोत कार्यालय, मुग्गुको लगतमा दर्ता कायम रहेको मुग्गु जिल्ला, कार्कीवाडा गा.वि.स. वडा नं. ४ घ स्थित कित्ता नं २५४ को क्षेत्रफल ११२५ वर्गमिटर को जग्गा ।
१४.	यस बैंकको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, सखुअवा धमौरा गा.वि.स. वडा नं. ७ (हाल बृन्दावन न.पा वडा नं ६) स्थित कित्ता नं. २१७७ को क्षेत्रफल ०-१०-१३ (विगाह) को जग्गा ।
१५.	यस बैंकको नाममा मालपोत कार्यालय सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, कटकुवा गा.वि.स. वडा नं. ३ (हाल सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. ६) स्थित कित्ता नं. ४७०३, ३१९४ र ३९५२ को क्षेत्रफल क्रमश: ०-०-५-०, ०-०-५-० र ०-०-४-० (विगाह) को जग्गा ।
१६.	यस बैंकको नाममा मालपोत कार्यालय सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ७ क (हाल सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. ९) स्थित कित्ता नं. १७४२ को क्षेत्रफल ०-०-१९-० (विगाह) को जग्गा ।
१७.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुको लगतमा दर्ता कायम रहेको कपिलवस्तु जिल्ला, हरिहरपुर गा.वि.स. वडा नं. ५ क (हाल बुद्धभूमि न.पा. वडा नं. ८) स्थित कित्ता नं. १४६८, १४६५, १४७०, १४६७, १४६६ र १४६९ को क्षेत्रफल क्रमश: १-१-१०, ०-२-०, ०-१७-२, ०-१-०, ०-२-० र ०-१९-१८ (विगाह) को जग्गा ।
१८.	यस बैंकको नाममा मालपोत कार्यालय बिरेन्द्रनगर, सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ५ ख स्थित कित्ता नं. १४५७ को क्षेत्रफल ०-४-१० (विगाह) को घर जग्गा ।
१९.	यस बैंकको नाममा मालपोत कार्यालय बिरेन्द्रनगर, सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. ७ क (हाल बिरेन्द्रनगर न.पा वडा नं. ९) स्थित कित्ता नं. २६६०, ६३९, ७०८७, २६६१ र ५९७५ को क्षेत्रफल क्रमश: ५५.०२, ३३८.५८, १५४, ६३.४८ र २३.५५ (व.मी) को घर/जग्गा ।
२०.	यस बैंकको नाममा मालपोत कार्यालय बिरेन्द्रनगर, सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, लाटीकोइली गा.वि.स. वडा नं. २ ख (हाल बिरेन्द्रनगर न.पा. वडा नं. ९) स्थित कित्ता नं. १७९२ र १७८९ को क्षेत्रफल क्रमश: ०-०-१-३ र ०-०-४-० (विगाह) को घरजग्गा ।
२१.	यस बैंकको नाममा मालपोत कार्यालय बिरेन्द्रनगर, सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, जर्बुटा गा.वि.स. वडा नं. ४ क (हाल बिरेन्द्रनगर न.पा. वडा नं. ९) स्थित कित्ता नं. ३७७२ को क्षेत्रफल ३०९ (व.मि) को जग्गा ।
२२.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, वाग्रेश्वरी तिर्त्रौना गा.वि.स. वडा नं. ४ (हाल पर्सागढी न.पा. वडा नं. ७) स्थित कित्ता नं. २२७ को क्षेत्रफल ४३१३.८७ (व.मी) को जग्गा ।
२३.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, सुगौली दा.प. गा.वि.स. वडा नं. ३ (हाल सखुवा प्रसौनी गा.पा. वडा नं. ४) स्थित कित्ता नं. ६६ को क्षेत्रफल ०-०-४-० (विगाह) को जग्गा ।
२४.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय वीरगंज, पर्साको लगतमा दर्ता कायम रहेको पर्सा जिल्ला, सुगौली दा.प. गा.वि.स. वडा नं. ३ (हाल सखुवा प्रसौनी गा.पा. वडा नं. ४) स्थित कित्ता नं. ३०१ को क्षेत्रफल ०-६-०-० (विगाह) को जग्गा ।
२५.	यस बैंकको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, धर्मपुर गा.वि.स. वडा नं. ९ क (हाल गढीमाई न.पा. वडा नं. ६) स्थित कित्ता नं. १०८० र ८२६ को क्षेत्रफल ०-१-१०-० र ०-०-५-८ (विगाह) को जग्गा ।
२६.	यस बैंकको नाममा मालपोत कार्यालय गरुडा, रौतहटको लगतमा दर्ता कायम रहेको रौतहट जिल्ला, धर्मपुर गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ८३४ को क्षेत्रफल ०-२-११-८ (विगाह) को जग्गा ।
२७.	यस बैंकको नाममा भूमिसुधार तथा मालपोत कार्यालय गुलरिया, बर्दियाको लगतमा दर्ता कायम रहेको बर्दिया जिल्ला, डेउढाकला गा.वि.स. वडा नं. ३ (हाल बाँसगढी न.पा. वडा नं. ९) स्थित कित्ता नं. २०६ र ६३४४ को क्षेत्रफल क्रमश: ४५५ र ५५८.७० (व.मी) को घरजग्गा ।
२८.	यस बैंकको नाममा मालपोत कार्यालय कुरमा पर्वतको लगतमा दर्ता कायम रहेको पर्वत जिल्ला, शिवालय गा.वि.स. वडा नं. ४, स्थित कित्ता नं. १७१४ को क्षेत्रफल ०-१-३-२ (रोपनी) को घर जग्गा ।



लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंबाट रु. १,०००।- (रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ ।
२. प्राप्त बोलपत्रहरु बैंकले कुनै कारण नखुलाई अस्वीकार गर्न सक्ने छ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण गर्नुपरेमा वा लिलाम बिक्री सम्बन्धी विस्तृत जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय (कर्जा असुली विभाग), राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४. माथि उल्लेखित लोकेशन म्याप केवल बिक्री गरिने सम्पतिको स्थान पहिचानका लागि मात्र उल्लेख गरिएको हो । बिक्री गरिने सम्पतिको नक्सा, फिल्ड नक्सा, क्षेत्रफल, नेपाल सरकार तथा सो मातहतका निकायले तोकेको मापदण्ड आदिको बारेमा बोलपत्रदाता स्वयमले नै यकिन गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
५. बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (उक्त दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन सोही समय) यस बैंकको केन्द्रीय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने जानकारी गराईन्छ ।
६. बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन् ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैतिस) दिने सूचना

प्रकाशित मिति: २०८०/०५/२७

तपसिलमा उल्लेखित तपाई ऋणीहरुले यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड (साविक सिर्जना फाइनान्स लिमिटेड) को शाखा कार्यालय, राजविराज, सप्तरीबाट विभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋणकर्जाको भुक्तानी सम्बन्धि सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, व्याज आदि नियमानुसार लाग्ने रकम नतिरि नबुझाई वस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा व्याज तिर्ने सम्वन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तारताकेता गर्दा समेत उक्त ऋणकर्जा रकम चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाउनु भएको हुँदा यस बैंकसँग भएको ऋणकर्जा सम्वन्धि शर्त वन्देजहरु उल्लंघन गर्नु भएकोले यथाशिघ्र बैंकमा सम्पर्क गरि आफुले उपभोग गरेको ऋणकर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५(पैतिस) दिने सार्वजनिक सूचना जारि गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, व्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको तपसिलमा उल्लेख भएको **"धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम विक्रीको सूचना"** प्रकाशित गरी लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ।

साथै तपसिलमा उल्लेखित जमानीकर्ताहरुले स्वयम् बैंकमा उपस्थित भई जमानत दिने कागज गरिदिनु भएको हुँदा यहाँ जमानीकर्ताहरुले पनि उपरोक्त व्यहोरा अवगत गरी सूचनाको म्याद भित्र बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिन्छ। अन्यथा बैंकको लेना रकम असुल उपर गर्नुका साथै तहाँलाई समेत कर्जा सूचना केन्द्र लिमिटेडमा नियमानुसार कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपसिल

१. कर्जा शिर्षक : सिटिजन्स फास्ट ट्र्याक आवधिक कर्जा

ऋणीको नाम र ठेगाना :
नाम : गुलाब यादव
बाबु : खटर यादव
बाजे : नथु यादव
ठेगाना : राजविराज न.पा. वडा नं. ०५, सप्तरी
हाल : राजविराज न.पा. वडा नं.०८, सप्तरी
ना.प्र.नं. : ७६०८५३४५
जारी मिति : २०५०/१२/२०
जि.प्र.का. : सप्तरी

जमानीकर्ताको नाम र ठेगाना
नाम : सनझा देवी यादव
बाबु : टुनटुन यादव
पती : गुलाब यादव
ससुरा : खटर यादव
ठेगाना : राजविराज न.पा. वडा नं. ०५, सप्तरी
हाल : राजविराज न.पा. वडा नं.०८, सप्तरी
ना.प्र.नं : १६-०१-६९-०५२६१
जारी मिति : २०६९/१२/२३
जि.प्र.का. : सप्तरी

धितो राखिएको सम्पत्तिको विवरण
सुरक्षण धनिको नाम : गुलाब यादव

जिल्ला	न.पा./गा.वि.स.	वडा नं./नक्सा सिट	कि.नं.	क्षेत्रफल (वि.क.धु)	कैफियत
सप्तरी	राजविराज	५क	३४२१	०-०-८	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत।

२. कर्जा शिर्षक : सिटिजन्स वन डिस्ट्रीक वन अधिविकर्ष कर्जा

ऋणीको नाम र ठेगाना :
नाम : जानकी देवी
बाबु : लक्ष्मण चौधरी
पती : जिवछ चौधरी
ससुरा : दुःखी चौधरी
ठेगाना : सारस्वर गा.वि.स वडा नं. ०८, सप्तरी
हाल : बोदे बर्साइन न.पा. वडा नं. ०३, सप्तरी
ना.प्र.नं. : ७२०७४७५०
जारी मिति : २०४५/०१/०५
जि.प्र.का. : सप्तरी

जमानीकर्ताहरुको नाम र ठेगाना
१. नाम : जिवछ चौधरी
बाबु : दुःखी चौधरी
बाजे : बुधन चौधरी
ठेगाना : सारस्वर गा.वि.स वडा नं. ०८, सप्तरी
हाल : बोदे बर्साइन न.पा. वडा नं. ०३, सप्तरी
ना.प्र.नं. : ७२०७४६३६
जारी मिति : २०४५/०१/०३
जि.प्र.का. : सप्तरी

२. नाम : शंकर चौधरी
बाबु : जिवछ चौधरी
बाजे : दुःखी चौधरी
ठेगाना : सारस्वर गा.वि.स वडा नं. ०८, सप्तरी
हाल : बोदे बर्साइन न.पा. वडा नं. ०३, सप्तरी
ना.प्र.नं. : १६-०१-७३-०३४३७
जारी मिति : २०७३/०३/०९
जि.प्र.का. : सप्तरी

धितो राखिएको सम्पत्ति विवरण
१. धितो सुरक्षण धनीको नाम:- जानकी देवी

जिल्ला	सप्तरी
न.पा./गा.वि.स.	सारस्वर
वडा नं./नक्सा सीट नं.	८क
कि.नं.	१२८५
क्षेत्रफल/विगाहा	०-९-१७.५०
कैफियत	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत।

३. कर्जा शिर्षक : सिटिजन्स फास्ट ट्र्याक अधिविकर्ष कर्जा

ऋणीको नाम र ठेगाना :
नाम : सिताराम साह
बाबु : तुफान साहु तेली
बाजे : अमृत साहु
ठेगाना : मलेठ गा.वि.स वडा नं. ०४, सप्तरी
हाल : राजविराज न.पा. वडा नं. ०९, सप्तरी
ना.प्र.नं. : ५९२७३६७४
जारी मिति : २०४३/१०/१५
जि.प्र.का. : सप्तरी

जमानीकर्ताको नाम र ठेगाना
नाम : शुशीला देवी
बाबु : बिन्देश्वर साह तेली
पती : सिताराम साह
ससुरा : तुफान साहु तेली
ठेगाना : मलेठ गा.वि.स वडा नं. ०४, सप्तरी
हाल : राजविराज न.पा. वडा नं. ०९, सप्तरी
ना.प्र.नं. : १६-०१-७८-१६५४६
जारी मिति : २०७८/११/१६
जि.प्र.का. : सप्तरी

धितो राखिएको सम्पत्तिको विवरण
सुरक्षण धनिको नाम : सिताराम साह

जिल्ला	न.पा./गा.वि.स.	वडा नं./नक्सा सिट नं.	कि.नं.	क्षेत्रफल (वि.क.धु)	कैफियत
सप्तरी	मलेठ	४क	२७२	०-५-१६	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत।

४. कर्जा शिर्षक : सिटिजन्स फास्ट ट्र्याक ओ.डी. कर्जा

ऋणीको नाम र ठेगाना :
नाम : मुनि लाल खंग खत्वे
बाबु : बाबुजी खंग
बाजे : रामी खंग
ठेगाना : मलेकपुर गा.वि.स वडा नं. ०१, सप्तरी
हाल : बिष्णुपुर गा.पा. वडा नं. ०१, सप्तरी
ना.प्र.नं. : ५९२४१७५४
जारी मिति : २०३४/११/१२
जि.प्र.का. : सप्तरी

जमानीकर्ताहरुको नाम र ठेगाना
१. नाम : बिमला देवी खत्वे
बाबु : बच्चु खंग
पती : मुनि लाल खंग खत्वे
ससुरा : बाबुजी खंग
ठेगाना : जमुनी मधेपुरा गा.वि.स वडा नं. ०२, सप्तरी
हाल : बिष्णुपुर गा.पा. वडा नं. ०१, सप्तरी
ना.प्र.नं. : ३७८३
जारी मिति : २०४६/०२/११
जि.प्र.का. : सप्तरी

२. नाम : तिरुपति नाथ मण्डल खंग
बाबु : मुनि लाल खंग खत्वे
बाजे : बाबुजी खंग
ठेगाना : जमुनी मधेपुरा गा.वि.स वडा नं. ०२, सप्तरी
हाल : बिष्णुपुर गा.पा. वडा नं. ०१, सप्तरी
ना.प्र.नं. : १६१०५३/५०४
जारी मिति : २०७०/०४/२०
जि.प्र.का. : सप्तरी

३. नाम : मोती लाल मंडल (खंग)
बाबु : मुनि लाल खंग खत्वे
बाजे : बाबुजी खंग
ठेगाना : जमुनी मधेपुरा गा.वि.स वडा नं. ०२, सप्तरी
हाल : बिष्णुपुर गा.पा. वडा नं. ०१, सप्तरी
ना.प्र.नं : १६-०१-६९-००५१९
जारी मिति : २०६९/०६/२३
जि.प्र.का. : सप्तरी

धितो राखिएको सम्पत्तिको विवरण
सुरक्षण धनिको नाम : मुनि लाल खंग खत्वे

जिल्ला	न.पा./गा.वि.स.	वडा नं./नक्सा सिट नं.	कि.नं.	क्षेत्रफल (वि.क.धु)	कैफियत
सप्तरी	जमुनी मधेपुरा	२ख	८९	०-३-१६.५०	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत।
सप्तरी	जमुनी मधेपुरा	२ख	२९१	०-३-१६.५०	

५. कर्जा शिर्षक : सिटिजन्स फास्ट ट्र्याक आवधिक कर्जा

ऋणीको नाम र ठेगाना :
नाम : बबिता कुमारी रजक
बाबु : तनुक लाल साफी
पती : गजेन्द्र रजक
ससुरा : मुंगा लाल साफी
ठेगाना : बिषहरिया गा.वि.स वडा नं. ०९, सप्तरी
हाल : राजविराज न.पा. वडा नं. १२, सप्तरी
ना.प्र.नं. : १६१०३४/६९२
जारी मिति : २०६९/०२/२५
जि.प्र.का. : सप्तरी

जमानीकर्ताको नाम र ठेगाना
नाम : मुंगा लाल साफी
बाबु : कुसुम लाल साफी
बाजे : बहुरी साफी
ठेगाना : बिषहरिया गा.वि.स वडा नं. ०९, सप्तरी
हाल : राजविराज न.पा. वडा नं. १२, सप्तरी
ना.प्र.नं. : १६२१८२१
जारी मिति : २०३६/०१/१३
जि.प्र.का. : सप्तरी

धितो राखिएको सम्पत्तिको विवरण
सुरक्षण धनिको नाम : बबिता कुमारी रजक

जिल्ला	न.पा./गा.वि.स.	वडा नं./नक्सा सिट नं.	कि.नं.	क्षेत्रफल (वि.क.धु)	कैफियत
सप्तरी	चनौरा पडरिया	५	१२३५	०-०-७.५०	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत।

६. कर्जा शिर्षक : सिटिजन्स फास्ट ट्र्याक आवधिक कर्जा

ऋणीको नाम र ठेगाना :
नाम : सोनी देवी यादव
बाबु : हरि नारायण यादव
पती : सुरेन्द्र कुमार यादव
ससुरा : सिताराम यादव
ठेगाना : कंचनपुर गा.वि.स वडा नं. ०३, सप्तरी
हाल : राजविराज न.पा. वडा नं. ०९, सप्तरी
ना.प्र.नं. : ८७२५३/८८२५३
जारी मिति : २०६१/०१/१८
जि.प्र.का. : सुनसरी

जमानीकर्ताको नाम र ठेगाना
नाम : कुमारी मिरा देवी यादव
बाबु : फणेन्द्र भुषण यादव
पती : हरि नारायण यादव
ठेगाना : जगतपुर गा.वि.स वडा नं. ०३, सप्तरी
हाल : कंचनरुप न.पा. वडा नं. ०३, सप्तरी
ना.प्र.नं. : ३४४०
जारी मिति : २०४६/०३/२२
जि.प्र.का. : सप्तरी

धितो राखिएको सम्पत्तिको विवरण
सुरक्षण धनिको नाम : सोनी देवी यादव

जिल्ला	न.पा./गा.वि.स.	वडा नं./नक्सा सिट	कि.नं.	क्षेत्रफल (वि.क.धु)	कैफियत
सप्तरी	मलेठ	८	८२७	०-०-११.२५	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत।
सप्तरी	मलेठ	८	८२६	०-०-११.२५	

७. कर्जा शिर्षक : सिटिजन्स मोर्गेज आवधिक कर्जा

ऋणीको नाम र ठेगाना :
नाम : पार्वती कुमारी चौधरी
बाबु : सुरत लाल चौधरी
पती : भगवती चौधरी
ससुरा : खखन चौधरी
ठेगाना : रायपुर गा.वि.स वडा नं. ०५, सप्तरी
हाल : रुपनी गा.पा. वडा नं. ०२, सप्तरी
ना.प्र.नं. : ०३२००८८७
जारी मिति : २०४६/०८/२०
जि.प्र.का. : सप्तरी

२. नाम : निलम कुमार चौधरी
बाबु : भगवती चौधरी
बाजे : खखन चौधरी
ठेगाना : रायपुर गा.वि.स वडा नं. ०५, सप्तरी
हाल : रुपनी गा.पा. वडा नं. ०२, सप्तरी
ना.प्र.नं. : १६-०१-७०-०४०९२
जारी मिति : २०७०/०७/०४
जि.प्र.का. : सप्तरी

जमानीकर्ताहरुको नाम र ठेगाना
१. नाम : भगवती चौधरी
बाबु : खखन चौधरी
बाजे : रवि लाल चौधरी
ठेगाना : रायपुर गा.वि.स वडा नं. ०५, सप्तरी
हाल : रुपनी गा.पा. वडा नं. ०२, सप्तरी
ना.प्र.नं. : ३६३३
जारी मिति : २०४६/११/२१
जि.प्र.का. : सप्तरी

धितो राखिएको सम्पत्ति विवरण
१. धितो सुरक्षण धनीको नाम:- पार्वती कुमारी चौधरी

जिल्ला	सप्तरी
न.पा./गा.वि.स.	नकटीरायपुर
वडा नं./नक्सा सीट नं.	५क
कि.नं.	३२२
क्षेत्रफल/विगाहा	०-६-१६.५०
कैफियत	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत।

८. कर्जा शिर्षक : सिटिजन्स फास्ट ट्र्याक अधिविकर्ष कर्जा
ऋणीको नाम : लिला देवी कृषि पशुपालन फर्म
रजिष्टर्ड ठेगाना : राजविराज न.पा. वडा नं.०५, सप्तरी
हालको ठेगाना : राजविराज न.पा. वडा नं.०८, सप्तरी
रजिष्ट्रेसन नं. : ७२९६/०७१/०७२ (घरेलु तथा साना उद्योग कार्यालय सप्तरी, राजविराज)
पान नं. : ६०३०४८८२३

फर्मको प्रोप्राईटरको नाम र ठेगाना
नाम : देवनाथ प्रसाद यादव
बाबु : राम प्रसाद यादव
बाजे : मधु लाल यादव
ठेगाना : मयनाकडेरी गा.वि.स वडा नं. ०७, सप्तरी
हाल : राजविराज न.पा. वडा नं. ०९, सप्तरी
ना.प्र.नं. : ९७९९३१८०
जारी मिति : २०४५/०१/१५
जि.प्र.का. : सप्तरी

जमानीकर्ताको नाम र ठेगाना
नाम : लिला देवी यादव
बाबु : सिताराम यादव
पती : देवनाथ प्रसाद यादव
ससुरा : राम प्रसाद यादव
ठेगाना : मयनाकडेरी गा.वि.स वडा नं. ०७, सप्तरी
हाल : राजविराज न.पा. वडा नं. ०९, सप्तरी
ना.प्र.नं. : २३८५
जारी मिति : २०४६/१२/१७
जि.प्र.का. : सप्तरी

धितो राखिएको सम्पत्तिको विवरण
सुरक्षण धनिको नाम : लिला देवी यादव

जिल्ला	न.पा./गा.वि.स.	वडा नं./नक्सा सिट नं.	कि.नं.	क्षेत्रफल (वि.क.धु)	कैफियत
सप्तरी	मलेठ	८	८२५	०-०-११	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत।

९. कर्जा शिर्षक : सिटिजन्स अधिविकर्ष कर्जा
ऋणीको नाम : बाबा किराना पसल
रजिष्टर्ड ठेगाना : बिष्णुपुर गा.पा. वडा नं.०५, सप्तरी
रजिष्ट्रेसन नं. : ४८०३/०७३/०७४ (घरेलु तथा साना उद्योग कार्यालय सप्तरी, राजविराज)
पान नं. : ६०५५०६२७३

फर्मको प्रोप्राईटरको नाम र ठेगाना
नाम : रघुनन्दन यादव
बाबु : गुडकन यादव
बाजे : मुसहरु यादव
ठेगाना : इटहरी बिष्णुपुर गा.वि.स वडा नं. ०६, सप्तरी
हाल : बिष्णुपुर गा.पा. वडा नं. ०६, सप्तरी
ना.प्र.नं. : ०८३३/२८९९
जारी मिति : २०४४/१२/०९
जि.प्र.का. : सप्तरी

जमानीकर्ताहरुको नाम र ठेगाना
१. नाम : रामवती देवी
बाबु : नन्दी यादव
पती : रघुनन्दन यादव
ससुरा : गुडकन यादव
ठेगाना : इटहरी बिष्णुपुर गा.वि.स वडा नं. ०६, सप्तरी
हाल : बिष्णुपुर गा.पा. वडा नं. ०६, सप्तरी
ना.प्र.नं. : ३३६८
जारी मिति : २०४६/११/२६
जि.प्र.का. : सप्तरी

२. नाम : पंकज कुमार यादव
बाबु : रघुनन्दन यादव
बाजे : गुडकन यादव
ठेगाना : इटहरी बिष्णुपुर गा.वि.स वडा नं. ०६, सप्तरी
हाल : बिष्णुपुर गा.पा. वडा नं. ०६, सप्तरी
ना.प्र.नं. : १६१०५२/४३२
जारी मिति : २०६८/०९/२१
जि.प्र.का. : सप्तरी

३. नाम : अरुण कुमार यादव
बाबु : रघुनन्दन यादव
बाजे : गुडकन यादव
ठेगाना : इटहरी बिष्णुपुर गा.वि.स वडा नं. ०६, सप्तरी
हाल : बिष्णुपुर गा.पा. वडा नं. ०६, सप्तरी
ना.प्र.नं. : १६१०५२/१३०
जारी मिति : २०६६/०९/२३
जि.प्र.का. : सप्तरी

४. नाम : भोगेन्द्र कुमार यादव
बाबु : रघुनन्दन यादव
बाजे : गुडकन यादव
ठेगाना : इटहरी बिष्णुपुर गा.वि.स वडा नं. ०६, सप्तरी
हाल : बिष्णुपुर गा.पा. वडा नं. ०६, सप्तरी
ना.प्र.नं. : १६१०२२/१६२
जारी मिति : २०६६/१२/१६
जि.प्र.का. : सप्तरी

धितो राखिएको सम्पत्तिको विवरण
सुरक्षण धनिको नाम : रघुनन्दन यादव

जिल्ला	न.पा./गा.वि.स.	वडा नं./नक्सा सिट नं.	कि.नं.	क्षेत्रफल (वि.क.धु)	कैफियत
सप्तरी	बोरीया	७क	३२५	०-५-११	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत।

१०. कर्जा शिर्षक : सिटिजन्स अधिविकर्ष कर्जा
ऋणीको नाम : राजन किराना एण्ड जेनरल स्टोर पसल
रजिष्टर्ड ठेगाना : बोदे बर्साइन नपा. वडा नं.०७, सप्तरी
रजिष्ट्रेसन नं. : ९३५७/०७८/०७९ (घरेलु तथा साना उद्योग कार्यालय सप्तरी, राजविराज)
पान नं. : ६१४६५१९३५

फर्मको प्रोप्राईटरको नाम र ठेगाना
नाम : शुशीला देवी यादव
बाबु : सोमन यादव
पती : बासुदेव यादव
ससुरा : मोती लाल यादव
ठेगाना : मानराजा गा.वि.स वडा नं. ०८, सप्तरी
हाल : बोदे बर्साइन न.पा. वडा नं.०७, सप्तरी
ना.प्र.नं. : ४७०५
जारी मिति : २०४५/०१/२८
जि.प्र.का. : सप्तरी

जमानीकर्ताहरुको नाम र ठेगाना
१. नाम : बासुदेव यादव
बाबु : मोती लाल यादव
बाजे : वेचु यादव
ठेगाना : मानराजा गा.वि.स वडा नं. ०८, सप्तरी
हाल : बोदे बर्साइन न.पा. वडा नं.०७, सप्तरी
ना.प्र.नं. : ६०७८२७२७
जारी मिति : २०४८/०४/२८
जि.प्र.का. : सप्तरी

२. नाम : निरसा कुमारी
बाबु : कन्त लाल यादव
पती : राजन कुमार यादव
ससुरा : बासुदेव यादव
ठेगाना : मानराजा गा.वि.स वडा नं. ०८, सप्तरी
हाल : बोदे बर्साइन न.पा. वडा नं.०७, सप्तरी
ना.प्र.नं. : १६-०६-७७-०२५६६
जारी मिति: २०७७/११/१४
जि.प्र.का. : सप्तरी

३. नाम : कविता कुमारी यादव
बाबु : अनिरुद्ध कुमार यादव
पती : भवेश कुमार यादव
ससुरा : बासुदेव यादव
ठेगाना : मानराजा गा.वि.स वडा नं. ०८, सप्तरी
हाल : बोदे बर्साइन न.पा. वडा नं.०७, सप्तरी
ना.प्र.नं. : १६-०६-७७-०१३९२
जारी मिति : २०७७/०९/०५
जि.प्र.का. : सप्तरी

४. नाम : भवेश कुमार यादव
बाबु : बासुदेव यादव
बाजे : मोती लाल यादव
ठेगाना : मानराजा गा.विस वडा नं. ०८, सप्तरी
हाल : बोदे बर्साइन न.पा. वडा नं.०७, सप्तरी
ना.प्र.नं. : १६१११३/४३५
जारी मिति: २०६९/०४/११
जि.प्र.का. : सप्तरी

५. नाम : राजन कुमार यादव
बाबु : बासुदेव यादव
बाजे : मोती लाल यादव
ठेगाना : मानराजा गा.वि.स वडा नं. ०८, सप्तरी
हाल : बोदे बर्साइन न.पा. वडा नं.०७, सप्तरी
ना.प्र.नं. : १६२११३/७६
जारी मिति : २०७३/१२/१७
जि.प्र.का. : सप्तरी

धितो राखिएको सम्पत्तिको विवरण
सुरक्षण धनिको नाम : बासुदेव यादव

जिल्ला	न.पा./गा.वि.स.	वडा नं./नक्सा सिट नं.	कि.नं.	क्षेत्रफल (वि.क.धु)	कैफियत
सप्तरी	मानराजा	७	५३५	०-३-१५.२५	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत।

Citizens Bank

मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

लप्सीफेदीमा सबस्टेसन बनाउन स्थानीय र सरकारबीच जुट्यो सहमति

नयाँ पत्रिका

सरकारले काठमाडौंको शंखरापुर नगरपालिका-३ स्थित बोजिनीमा निर्माण हुने सबस्टेसन प्रभावितको जायज माग सम्बोधन गर्ने विश्वास दिलाएको छ। सबस्टेसन निर्माणको काम अगाडि बढाउने र स्थानीयको माग सम्बोधनका लागि सामाजिक उत्तरदायित्वका विभिन्न कामसमेत सुरु गरिने भएको छ। त्यसमा के-कस्ता विषय समेटिने भन्ने विषयमा छिटै सहमति जुटाइनेछ। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा आयोजित सरोकारवाला पक्षसँगको छलफलमा मन्त्री शक्तिबहादुर बस्नेतले स्थानीयवासीको जायज माग सम्बोधन गर्ने विश्वास दिलाउँदै सबस्टेसन निर्माणको काम अगाडि बढाउन दिन आग्रह गरेका हुन्।

काठमाडौं उपत्यकाको विद्युत् प्रवाहका लागि महत्वपूर्ण मानिएको सो सबस्टेसन निर्माणमा जति दिन ढिलाइ हुन्छ, त्यति नै समस्या भनै बढ्दै जाने उल्लेख गर्दै मन्त्री बस्नेतले स्थानीयस्तरमा गर्नुपर्ने विकास निर्माण तथा अन्य कामलाई सरकार र आयोजनाका तर्फबाट अविलम्ब अगाडि बढाइने बताए।

स्थानीयवासीको माग सम्बोधन गरिने र हालको अवस्थाभन्दा सबस्टेसन निर्माण भएपछि थप सहज जनजीवन निर्माणका लागि सरकारको तर्फबाट सक्दो पहल गरिने मन्त्री बस्नेतको भनाइ छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव दिनेशकुमार घिमिरेले परिस्थितिको बाध्यतालाई बुझेर आयोजनालाई सहज रूपमा अगाडि बढ्ने वातावरण बनाइदिन आग्रह गरे। उनले स्थानीयले उठाएका मागको अधिकतम सम्बोधन गरिने र त्यसका लागि सरकारका तर्फबाट पूर्ण प्रतिबद्धता रहेको बताए। तामाकोशी तथा सुनकोशी नदी र तिनीहरूका सहायक खोलाहरूमा निर्माण भएका तथा हुने जलविद्युत् आयोजनाको विद्युत् काठमाडौं उपत्यकामा ल्याउन र स्थानीय रूपमा आपूर्ति गर्न लप्सीफेदीमा ४००/२२०/१३२/११ केभी क्षमताको सबस्टेसन निर्माण गर्न लागिएको हो। सबस्टेसनमा रामेछापको नयाँ खिम्तीबाट सुरु भई सिन्धुपाल्चोकको बाह्रबिसे हुँदै लप्सीफेदीसम्मको ४०० केभी प्रसारण लाइन जोडिनेछ। नयाँ खिम्ती-बाह्रबिसे-लप्सीफेदी ४०० केभी प्रसारण लाइन निर्माणको अन्तिम चरणमा छ। लम्सीफेदी सबस्टेसनबाट भक्तपुरको चाँगुनारायणसम्मको १३२ केभी प्रसारण लाइन र सबस्टेसन निर्माणाधीन छन्।

चाँगुनारायणमा १३२ केभी क्षमताको सबस्टेसन सम्पन्न हुने चरणमा छ। सबस्टेसनका लागि ५० जना जग्गाधनीको एक सय ७२ रोपनी जग्गा अधिग्रहणका लागि ०७४ जेठमा सार्वजनिक सूचना प्रकाशित गरी सोही वर्षको माघमा मुआब्जा तथा क्षतिपूर्ति रकम निर्धारण गरिएको थियो। एकजना जग्गाधनीबाहेक सबैले मुआब्जा तथा क्षतिपूर्ति रकम राजीखुसीले बुझिसकेका छन्। मुआब्जा तथा क्षतिपूर्तिबापत करिब ५० करोड रुपैयाँ वितरण गरिएको छ।

क्षतिपूर्ति नपाएको एकजनाको हकमा कानुनी समस्या उत्पन्न भएको छ।

माइती नेपालले निर्माण र सञ्चालन गर्ने कृषि फार्मको शिलान्यास



पोष्टराज अधिकारी/नयाँ पत्रिका

माइती नेपालले निर्माण र सञ्चालन गर्ने एकीकृत कृषि फार्म तथा तालिम केन्द्र भवनको मंगलबार मकवानपुरको गढी गाउँपालिका-५ सानोसुकौरामा शिलान्यास गरिएको छ। कृषि फार्म तथा तालिम केन्द्र भवनको बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले शिलान्यास गरेका हुन्।

६५ रोपनी जग्गामा एक करोड ९२ लाख लागतमा आवासीय सुविधासहितको तालिम केन्द्र, कृषि तथा पशुपालन फार्म बनाउन लागिएको माइती नेपालकी संस्थापक अध्यक्ष एवं बागमती प्रदेशकी पूर्वप्रदेश प्रमुख अनुराधा कोइरालाले जानकारी दिइन्। सुकौरा एग्रो प्रालिले माइती नेपाललाई उक्त जग्गा १० वर्षका लागि निःशुल्क लिजमा उपलब्ध गराएको हो। एकीकृत कृषि फार्ममा व्यवस्थित तालिम हलसहित ग्रिनहाउस, हाइटेक नर्सरी, आधुनिक तरिकाले बाख्रा, कुखुरा र गाईपालन गरिने कोइरालाले बताइन्।

फार्म तथा तालिम भवनको शिलान्यासपछि मुख्यमन्त्री जम्कट्टेलले एकीकृत कृषि परियोजनाले मानव बेचबिखन रोकथाम र महिला अधिकार प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे। उनले परियोजनाले ग्रामीण क्षेत्रको कृषि र आर्थिक विकासमा पनि सहयोग पुऱ्याउने भएकाले प्रदेश सरकारले समेत सहयोग गर्ने प्रतिबद्धता जनाए। मानव बेचबिखन एउटा जटिल सामाजिक समस्याको रूपमा आएको र आर्थिक समस्या, गरिबी र महिलामाथिको विभेद प्रमुख कारण देखिएकाले महिलाहरूलाई प्रविधिसहितको एकीकृत कृषि फार्म तथा तालिम केन्द्र सञ्चालन गरिने माइती नेपालले जनाएको छ।

पुसमा लुम्बिनी एक्स्पो

बुटवल/ रुपन्देही व्यापार संघले आगामी पुसमा बुटवलमा पाँचौँ लुम्बिनी एक्स्पो-२०८० अन्तर्राष्ट्रिय व्यापार मेला गर्ने भएको छ। मेलाको तयारीबारे संघको कार्यसमिति र पूर्वअध्यक्षहरूसहितको अन्तरक्रिया कार्यक्रममा यो जानकारी गराइएको हो।

कार्यक्रममा एक्स्पो मूल समितिका संयोजक तथा रुपन्देही व्यापार संघका अध्यक्ष कृष्णप्रसाद घिमिरेले संघले हालसम्म गरेका तयारी तथा प्राथमिकताका विषयमा जानकारी गराउँदै सबै क्षेत्रबाट सल्लाह र सुझावको अपेक्षा लिएको बताए। कार्यक्रममा संघका पूर्वअध्यक्षहरूले एक्स्पोमा प्रविधिलाई विशेष महत्त्व दिन सुझाव दिएका थिए। उनीहरूले स्वदेशी उत्पादन, गुणस्तरीय वस्तुको प्रदर्शन, सरसफाइ, पार्किङ, मनोरञ्जनलगायतका विषयमा सूक्ष्म रूपमा अध्ययन गरी प्राथमिकतामा राख्न पनि सुझाव दिए। एक्स्पोलाई स्वदेशी उत्पादनसँग जोडेर नेपाली उपभोक्ताको आवश्यकता पहिचान गरी नयाँ ढंगले दर्शक-उपभोक्ताको मन जित्ने गरी आयोजना गर्नुपर्ने कुरामा उनीहरूको जोड थियो।

संघका संस्थापक अध्यक्ष मोतीराज ज्ञवालीले संघले गर्ने एक्स्पो सधैँ अब्बल र सफल हुने गरेको हुँदा वर्तमान आर्थिक मन्दीको अवस्थामा उद्योगी व्यवसायीहरूमा उत्साह प्रदान गर्ने लक्ष्यसहित आयोजना सम्पन्न गर्न सुझाव दिए।

कम्पनी दर्ता अब अनलाइनबाटै

काठमाडौं/ कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता हुने प्राइभेट लिमिटेड तथा पब्लिक लिमिटेड कम्पनी आगामी असोज १५ गतेदेखि अनलाइन माध्यमबाट दर्ता हुने भएको छ। कम्पनी दर्ता तथा प्रशासनसम्बन्धी सेवालाई छिटोछरितो, विश्वसनीय तथा प्रविधिमैत्री बनाउन कम्पनी दर्तालाई अनलाइन माध्यमबाट गर्न लागिएको कम्पनी रजिस्ट्रारको कार्यालयका उपरजिस्ट्रार शेखरबाबु कार्कीले जानकारी दिए।

कम्पनी रजिस्ट्रारको कार्यालयले प्रयोग गरिहेको पुरानो सफ्टवेयर परिवर्तन भएको र नयाँ सफ्टवेयर ल्याएपछि तथ्यांक स्थानान्तरण (डाटा माइग्रेसन)का लागि केही समय लाग्ने कार्कीको भनाइ छ। जसकारण नवीकरणका काम भने भौतिक रूपमै हुनेछन्। अनलाइनबाट दर्ता हुने कम्पनीले कम्पनीको छाप तथा कम्पनीको तर्फबाट सम्बन्धित कागजातमा हस्ताक्षर गर्न अनुमतिप्राप्त कम्पनीको अध्यक्ष, सञ्चालक वा कम्पनी सचिवको नमुना हस्ताक्षर विद्युतीय सूचना प्रणालीमा उपलब्ध गराउनुपर्नेछ। केही समयका लागि हाल प्रचलनमा रहेको भौतिक कागजात पेस गरी सेवा लिने वा विद्युतीय हस्ताक्षरमार्फत कागजात पेस गरी डिजिटल सेवा लिने भनी विकल्प उपलब्ध गराइने कार्यालयले जनाएको छ। - *रासस*

अर्थ पत्रिका

नयाँ पत्रिका
बुधबार २७ भदौ ०८०

■ एमसिसी कार्यान्वयनमा थपियो झमेला

प्रसारणलाइन निर्माण गर्न न्यूनतम प्रस्ताव नै बजेटभन्दा २० अर्ब बढी

टेन्डरमा सहभागी कम्पनीले गरे न्यूनतम ३६ करोड ५९ डलरको प्रस्ताव, तर एमसिएको बजेट भने २२ करोड ६ लाख डलर मात्रै, एमसिसीले थप रकम नदिने हुँदा नेपाल सरकारलाई दायित्व बढ्ने जोखिम

मिलन विश्वकर्मा/नयाँ पत्रिका

पूर्वतयारीको काम सम्पन्न नगरी कार्यान्वयनमा प्रवेश गरेको मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी) अनुदानको परियोजनामा अर्को झमेला थपिएको छ। प्रसारणलाइनतर्फको टेन्डरमा सहभागी कम्पनीहरूले लागत अनुमानभन्दा बढी बजेट (वित्तीय) प्रस्ताव गरेका छन्। परियोजना कार्यान्वयन गर्ने निकाय मिलिनियम च्यालेन्ज एकाउन्ट (एमसिए) नेपालले यसअन्तर्गत बन्ने चार प्रसारणलाइनका लागि २२ करोड ६ लाख डलर बजेट छुट्याएर टेन्डर आह्वान गरेको थियो। तर, टेन्डरमा सहभागी कम्पनीहरूमा सबैभन्दा थोरै वित्तीय प्रस्ताव नै लागत अनुमानभन्दा ६६ प्रतिशत बढी देखिएको छ। एमसिए नेपालले सार्वजनिक गरेको वित्तीय प्रस्तावअनुसार टेन्डरमा सहभागी कम्पनीले न्यूनतम ३६ करोड ५९ डलर प्रस्ताव गरिएको छ। जुन एमसिए नेपालको लागत अनुमानभन्दा १४ करोड ५३ लाख डलर बढी हो। यो वर्तमान विनिमय दरअनुसार झन्डै २० अर्ब बढी हो।

एमसिएअन्तर्गत बन्ने चारवटा प्रसारणलाइनलाई तीन समूह (लट)मा विभाजन गरेर गत १२ मंसिर (नोभेम्बर २८) देखि ७ जेठ (२२ मे तारिख)सम्म टेन्डर आह्वान गरिएको थियो। त्यसमा भारतका मेघा इन्जिनियरिङ एन्ड इन्फ्रास्ट्रक्चर लिमिटेड र पावर मेक प्रोजेक्ट्स लिमिटेडले संयुक्त, कल्पतरु पावर ट्रान्समिसन लिमिटेड, केइसी इन्टरनेसनल लिमिटेड, ट्रान्सरेल लाइटिङ लिमिटेड, टाटा प्रोजेक्ट्स लिमिटेड र लार्सन एन्ड टर्बो लिमिटेड गरेर ६ वटा आवेदन परेका थिए। मेघा इन्जिनियरिङ एन्ड इन्फ्रास्ट्रक्चर लिमिटेड र पावर मेक प्रोजेक्ट्स लिमिटेडको संयुक्त प्रस्ताव प्राविधिक रूपमा फेल भएको छ। पास भएका अन्य पाँच कम्पनीको वित्तीय प्रस्ताव एमसिए नेपालले १९ वैशाखमा खोलेको थियो। त्यस क्रममा उनीहरूको वित्तीय प्रस्ताव लागत अनुमानभन्दा धेरै बढी देखिएको छ। एमसिए नेपालको तथ्यांकअनुसार लट-३ मा मात्रै एउटै कम्पनीले २६ करोड १२ लाख डलरको प्रस्ताव गरेको छ।

टेन्डरको लट-१ मा लप्सीफेदी-रातमाटे-न्यु हेटौंडा, लट-२ मा रातमाटे-न्यु दमौली र लट-३ मा न्यु दमौली-न्यु बुटवल र न्यु बुटवल-नेपाल-भारत बोर्डर प्रसारणलाइन छन्। एक कम्पनीले बढीमा दुई लटसम्मको ठेक्का पाउनेछ। टेन्डरमा लट-१ मा १३ करोड १५ लाख डलर, लट-२ मा १० करोड ५४ लाख डलर र लट-३ मा १२ करोड ९० लाख डलरबराबरको न्यूनतम वित्तीय प्रस्ताव परेको छ। न्यूनतम प्रस्ताव स्वीकार गर्दा पनि लागत उच्च बढ्ने देखिन्छ।



कुन कम्पनीको कति वित्तीय प्रस्ताव (रकम करोड डलरमा)

कम्पनी	लट-१	लट-२	लट-३
कल्पतरु पावर ट्रान्समिसन लिमिटेड	२३.३१	१४.७८	
केइसी इन्टरनेसनल लिमिटेड		१६.३९	१९.९७
ट्रान्सरेल लाइटिङ लिमिटेड	१३.१५		
टाटा प्रोजेक्ट्स लिमिटेड		१०.५४	१२.९
लार्सन एन्ड टर्बो लिमिटेड	२१.८८		२६.१२

लट-१ (लप्सीफेदी-रातमाटे-न्यु हेटौंडा), लट-२ (रातमाटे-न्यु दमौली) र लट-३ (न्यु दमौली-बुटवल-नेपाल-भारत सीमा)

■ यस्तो हुन्छ अबको प्रक्रिया

स्वतन्त्र परामर्शदाताले टेन्डरमा परेको वित्तीय प्रस्ताव फाइनान्सियल्ली रिजनेबल भए-नभएको मूल्यांकन गर्नेछ। सोही परामर्शदाता कमिटीको मूल्यांकनका आधारमा यसबारे निर्णय हुनेछ। यसअन्तर्गत ७० करोड डलरबराबरको निश्चित बजेट छ। त्यही बजेटमा थप तीन सबस्टेसन, ७७ किमि सडक मर्मत र सञ्चालन खर्च पनि धान्नुपर्छ। यो प्रस्ताव स्वीकार गरेमा कुल बजेटको आधाभन्दा बढी रकम प्रसारणलाइनमा खर्च हुने देखिन्छ र अन्य आयोजना बनाउन बजेट नपुग्न पनि सक्छ। छुट्याइएको बजेटभन्दा बढी रकम लाग्ने देखिएमा नेपाल सरकारले बजेट थप गर्नुपर्छ। एमसिसीले भने पैसा थप्दैन। सरकारले यसअघि पनि ६ करोड ७० लाख डलर थप्ने निर्णय गरिसकेको छ।

सोही कारण यो वित्तीय प्रस्ताव रिजनेबल नहुन सक्ने सरोकारवाला बताउँछन्। साथै, अर्थमन्त्री डा. प्रकाशशरण महत पनि यो वित्तीय प्रस्ताव उचित नभएको भन्दै पुनः बिड योजनामा रहेको अर्थ मन्त्रालय स्रोतको भनाइ छ। उनले भने, 'प्रस्तावित रकम लागतभन्दा धेरै देखिएको छ, तसर्थ पुनः बिडमा जानुपर्ने हाम्रो धारणा छ।' तर, स्वतन्त्र कमिटीले रिजनबेल भए-नभएको जानकारी दिएपछि मात्रै यसबारे निर्णय हुने स्रोतको भनाइ छ। सामान्यतया अन्य बोलपत्रहरूमा लागत अनुमानभन्दा कम नै वित्तीय प्रस्ताव आउँछ। तर, एमसिसीमा भने अस्वाभाविक रूपमा बढी वित्तीय प्रस्ताव आएको छ। के-कति कारणले वित्तीय प्रस्ताव बढी आयो भन्ने विषयमा पनि स्वतन्त्र प्राविधिक समूहले मूल्यांकन गर्ने स्रोतले बताए।

■ यसरी हुनेछ परियोजना कार्यान्वयनमा प्रभाव

एमसिसीसँगको पूर्वसम्झौताअनुसार कार्यान्वयनमा प्रवेश गरेको पाँच वर्षमा काम सम्पन्न गर्नुपर्छ। अन्यथा, खर्च हुन बाँकी रकम एमसिसीले व्यहोर्दैन। यो परियोजना ३० अगस्टबाट कार्यान्वयनमा प्रवेश गरेको हुनाले आगामी २९ अगस्ट ०२८ सम्म सम्पन्न गरिसक्नुपर्छ। तर, अझै जग्गा प्राप्ति र परियोजना निर्माणको ठेक्का सम्झौता भएको छैन। यस्तो अवस्थामा टेन्डर रद्द गरेर पुनः आह्वान गर्दा थप समय खेर जानेछ। टेन्डर प्रक्रिया यहाँसम्म आउँदा साढे नौ महिना समय खेर गइसकेको छ। मूल्यांकनमा मात्रै झन्डै साढे तीन महिना बितिसक्यो। अझै प्रक्रिया सकिएको छैन। पुनः टेन्डर आह्वान गर्दा ५-६ महिना थप समय लाग्ने निश्चित छ। साथै, डिजाइन एन्ड बिल्ड मोडेलमा ठेक्का दिँदा छनोट हुने कम्पनीले आयोजनाको स्थलगत अध्ययन गरेर डिजाइन बनाउनै आठ-नौ महिना लाग्नेछ। टेन्डर रद्द गरेर पुनः टेन्डरमा जाँदा कार्यान्वयन तालिका प्रभावित हुने देखिन्छ। यही टेन्डरबाट ठेकेदार कम्पनी छनोट भएमा पनि बजेट अभाव हुने देखिन्छ। बजेटका कारण एमसिसी कार्यान्वयनमा अर्को झमेला थपिएको एक अधिकारीले बताए।

एमसिसी कम्प्याक्ट कोषको ५० करोड डलर अनुदान र नेपाल सरकारको १९.७ करोड डलर लगानीको एमसिसीअन्तर्गत तीन परियोजना बन्दै छन्। तीन सय १५ किमि लामो चार सय केभी क्षमताका चार प्रसारणलाइनसहित तीन सबस्टेसन र पूर्व-पश्चिम राजमार्गको ७७ किमि सडकखण्ड मर्मत गर्न सेप्टेम्बर २०१७ मा अमेरिकासँग सम्झौता भएको थियो। १५ फागुन ०७८ (२७ फेब्रुअरी २०२२) मा सम्झौता संसद्बाट अनुमोदन भएसँगै कार्यान्वयनको ढोका खुलेको थियो। ४००/४०० केभी क्षमताका सबस्टेसन रातमाटे, तनहुँको दमौली र पश्चिम नवलपरासी-पश्चिम भुमहीमा बन्नेछन्। यहीअन्तर्गत महेन्द्र राजमार्गमा भालुबाङबाट पश्चिमतर्फको ७७ किमि खण्ड विशेष रूपमा मर्मत गरिँदै छ।

सबस्टेसन निर्माणका लागि १० चैतमा ग्लोबल टेन्डर आह्वान गरिएको थियो। म्याद पटक-पटक थपेर आगामी असोज १८ गतेसम्म पुऱ्याइएको छ। सडक निर्माणका लागि भने टेन्डर नै आह्वान भएको छैन। यसको टेन्डर आह्वान आगामी पुससम्म हुने एमसिए नेपालले नयाँ पत्रिकालाई उपलब्ध गराएको लिखित जवाफमा उल्लेख छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

श्रम सम्झौता पुनरावलोकन गर्न प्रधानमन्त्रीको निर्देशन



मुना कुँवर/नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहालले गन्तव्य मुलुकसँग भएको श्रम सम्झौतालाई तत्काल पुनरावलोकन गर्न निर्देशन दिएका छन्। मंगलबार काठमाडौंमा आयोजित अन्तर्क्रियात्मक कार्यक्रममा बोल्दै प्रधानमन्त्री दाहालले विदेशस्थित नेपाली कूटनीतिक नियोगका प्रमुखहरूलाई यस्तो निर्देशन दिएका हुन्।

सोमबारदेखि विभिन्न १३ मुलुकका कूटनीतिक नियोगका प्रमुखहरू तथा श्रम र परराष्ट्र मन्त्रालयका प्रतिनिधिसहित उच्चस्तरीय छलफल भइरहेको छ। छलफलमा प्रधानमन्त्री दाहालले परराष्ट्र मन्त्रालयलाई पनि श्रम सम्झौता पुनरावलोकनको कार्यलाई प्राथमिकतामा राख्न निर्देशन दिएका छन्। उनले भने, 'हामीले नेपालीको हकहितलाई ध्यानमा राखेर वैदेशिक मुलुकसँग गरेका श्रम सम्झौतालाई पुनरावलोकन गर्न श्रम मन्त्रालय, परराष्ट्र मन्त्रालय र राजदूतहरूले तत्काल प्राथमिकतामा राखी कार्य गर्नुपर्छ।'

सरकारले संस्थागत रूपमा रोजगारीका लागि एक सय ११ वटा देश खुला गरेको छ। त्यस्तै, व्यक्तिगत रूपमा जानका लागि एक सय ७० देशमा खुला छ। सरकारले हालसम्म ११ वटा मुलुकसँग श्रम सम्झौता गरेको छ। सरकारले सन् २००५ मा कतारसँग द्विपक्षीय सम्झौता गरेको थियो भने सन् २००७ मा संयुक्त अरब इमिरेट्स (युएई) र कोरियासँग समझदारीपत्रमा हस्ताक्षर गरेको छ। सन् २००८ मा बहराइन, २००९ मा जापान र सन् २०१५ मा इजरायलसँग समझदारीपत्रमा हस्ताक्षर गरेको थियो। सन् २०१७ मा भने जोर्डनसँग द्विपक्षीय सम्झौता गरेको छ। त्यस्तै, मलेसियासँग सन् २०१८ र मौरिससँग सन् २०१९ मा समझदारीपत्रमा हस्ताक्षर गरेको थियो। २०२१ मा बेलायतसँग श्रम सम्झौता गरेको हो।

कतार, युएई, बहराइनसँग श्रम सम्झौता गरेको १६ वर्षभन्दा बढी भइसकेको छ। यो अवधिमा नेपाल र गन्तव्य मुलुकका धेरै प्रक्रिया परिवर्तन भइसकेका छन्। तर, नेपालले भने श्रम सम्झौता पुनरावलोकन गरेको छैन। श्रम सम्झौता पुनरावलोकन नहुँदा नेपाली श्रमिकले समयअनुसारको सेवा-सुविधा पाउन सकेका छैनन्।

त्यस्तै, प्रधानमन्त्री दाहालले वैदेशिक रोजगारीमा जाने श्रमिकलाई प्रदान गरिने सबै प्रकारका कन्सुलर सेवालाई सूचना प्रविधिमा आधारित बनाउन निर्देशन दिएका छन्। 'मुलुकको समृद्धिका लागि श्रम क्षेत्रको भूमिका महत्त्वपूर्ण रहन्छ नै, आर्थिक कूटनीतिलाई पर्याप्त ध्यान दिनुपर्छ। मुलुकको समृद्धिमा योगदान हुने गरी बाह्य लगानी अभिवृद्धि तथा नेपाली उत्पादनको बजारीकरणमा समेत यहाँहरूले पर्याप्त ध्यान दिनुहुनेछ,' उनले राजदूतहरूलाई सम्बोधन गर्दै भने।

दूतावासले सहयोग नगरेको गुनासो सुन्न नपरोस् : प्रधानमन्त्री

प्रधानमन्त्री पुष्पकमल दाहालले विदेशी भूमिमा कुनै पनि नेपाली नागरिक समस्यामा पर्न नहुने बताएका छन्। समस्यामा परेका श्रीमकलाई छिटो आवश्यक सहयोग प्रदान गर्नसमेत राजदूतहरूलाई निर्देशन दिएका छन्। 'कुनै पनि नेपाली नागरिक विदेशी भूमिमा समस्यामा परेका वेला कूटनीतिक नियोगहरूले गुनासो सुनुवाइ गरेनन् भन्ने अवस्थाको अन्त्य गर्न यहाँहरूको ध्यान जानेछ। म परराष्ट्र मन्त्रालय, राजदूत र श्रम प्रशासनसँग सम्बद्ध सबै निकायलाई नेपालीको हकहितका लागि गम्भीर भएर क्रियाशील हुन निर्देशित गर्छु,' उनले भने।

पछिल्लो समय आन्तरिक रोजगारीमा देखापरेको अप्ठ्यारो अवस्थामा वैदेशिक रोजगारीले देशको युवा जनशक्तिलाई रोजगारी दिएको छ। वैदेशिक रोजगारीले मुलुकको भुक्तानी सन्तुलनमा सहयोग गर्नुका साथै पुँजी, सीप र प्रविधिले नेपालको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको उनले बताए।

त्यस्तै, नेपालमा पर्यटन विकासमा प्रचुर सम्भावना हुँदाहुँदै पनि हामीले यसको पर्याप्त लाभ लिन सकेका छैनौं। तसर्थ, विदेशी पर्यटकको आगमन वृद्धिका लागि नेपालको पर्यटन प्रवर्द्धन गर्ने कार्यमा समेत भूमिका खेल्न प्रधानमन्त्री दाहालले राजदूतहरूलाई आग्रह गरेका छन्। 'व्यापार घाटा नेपालको अर्थतन्त्रको ठूलो चुनौतीका रूपमा छ। देशगत तथा वस्तुगत व्यापार विविधिकरण गरी व्यापार सन्तुलनलाई मुलुकको पक्षमा कायम गर्नुपर्ने भएको छ। यसमा यहाँहरूको सक्रिय भूमिका रहनुपर्छ,' उनले भने। साथै, विदेशमा रहेका सम्पूर्ण श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्ने सरकारको लक्ष्य पूरा गर्न राजदूतहरूलाई उनले आग्रह गरेका छन्।

दूतावासमा समस्याको चाङ

छलफलमा प्रधानमन्त्री पुष्पकमल दाहालसँगको छलफलमा विदेशस्थित कूटनीतिक नियोगका प्रमुखहरूले दूतावासमा जनशक्तिको अभाव भएको गुनासो गरेका छन्। श्रमिकका समस्या अधिक भए पनि समाधानका लागि उचित स्रोत र साधन नभएको नियोगका प्रमुखहरूले गुनासो गरेका हुन्। नेपाली श्रमिकको संख्या अधिक भएका मुलुकमा रहेका नेपाली नियोगले साधन र स्रोतको अभावमा नै पर्याप्त काम गर्न नपाएको बताएका छन्। वैदेशिक रोजगार ऐनले प्रत्येक दूतावासमा सेल्टरको व्यवस्था हुनुपर्ने उनीहरूले बताए। सरकारले बजेट विनियोजन नगरेकै कारण सेल्टरको निर्माण गर्न नसकिएको उनीहरूले गुनासो गरे।

'नेप्से ३०' इन्डेक्सको कार्यविधि स्वीकृत

नयाँ पत्रिका

नेपाल स्टक एक्सचेन्ज (नेप्से)ले नयाँ सूचकांक 'नेप्से ३०' (इन्डेक्स) विकास सञ्चालन तथा व्यवस्थापनसम्बन्धी आन्तरिक कार्यविधि, २०८० पारित गरेको छ। सोमबार बसेको नेप्सेको सञ्चालक समितिले उक्त कार्यविधि पारित गरेको हो। कार्यविधि पारित भएसँगै नेप्सेलाई नयाँ सूचाकांक 'नेप्से ३०' सञ्चालनमा ल्याउन नीतिगत रूपमा बाटो खुला भएको छ। नेप्से ३० परिसूचक ल्याउने तयारीस्वरूप ९ साउनबाट आन्तरिक परीक्षण पनि भइरहेको छ।

नेप्सेका प्रवक्ता मुराहरि पराजुलीले सूचकांक (इन्डेक्स) विकास, सञ्चालन तथा व्यवस्थापनसम्बन्धी आन्तरिक कार्यविधि, २०८० पारित भएसँगै कार्यान्वयनका चरणमा गएको बताए। उनले भने, 'सम्भवतः असोज महिनाभरिमा उक्त इन्डेक्सको कारोबार सुचारु गरिने तयारी छ। साथै, सोही कार्यविधिका आधारमा अन्य इन्डेक्ससमेत ल्याउन सकिन्छ।'

यस्तै, सञ्चालक समितिले कार्यविधि कार्यान्वयन समितिसमेत गठन गर्ने निर्णय गरेको छ। अब सोही कार्यान्वयन समितिले सञ्चालन तथा व्यवस्थापनको तयारी अघि बढाउनेछ। साथै, कारोबार सुचारु गर्नका लागि मिति सिफारिस गर्नेछ। यो कार्यविधिले निकट भविष्यमा इन्डेक्स नै किनबेच (कारोबार) गर्न बाटो खुला गर्नेछ। तर, अहिले यसका लागि कानुनी बाटो खुला छैन। कानुनी आधार बनेपछि इन्डेक्स नै खरिद-बिक्री गरिने नेप्सेको भनाइ छ। अहिले सेयर खरिद-बिक्री गरे जस्तै निकट भविष्यमा इन्डेक्स नै खरिद-बिक्री गर्न सकिने गरी कार्यविधि तयार गरिएको छ।

यसका लागि नेप्सेले प्राविधिक तयारी पनि पूरा गरिसकेको छ। सञ्चालनका लागि आवश्यक पर्ने सर्भर (आइटी प्रणाली)समेत तयार गरिएको उनको भनाइ छ। अहिले केही नमुना कम्पनी छनोट गरेर गत साउन ९ गतेबाट यसको आन्तरिक परीक्षण भइरहेको छ। आन्तरिक परीक्षणले 'नेप्से ३०' इन्डेक्स सञ्चालन सम्भव देखाएको पराजुलीको भनाइ छ।

'नेप्से ३०' मा बैंक तथा वित्तीय संस्था, लघुवित्त, बिमा, जलविद्युत, उत्पादनमूलक र व्यापार तथा सेवा गरी ६ क्षेत्रका कम्पनीलाई यसमा समावेश गरिनेछ। त्यसमा एउटा क्षेत्रबाट अनिवार्य रूपमा न्यूनतम एक र अधिकतम आठवटा कम्पनी समावेश गरिने उल्लेख छ। नेप्सेले तोकेको मापदण्डबाट यसका लागि उत्कृष्ट ३० कम्पनी छनोट गरिनेछ।

कम्पनीको प्रतिसेयर चुक्ता मूल्यभन्दा प्रतिसेयर किताबी मूल्य बढी हुनुपर्ने मापदण्ड तोकिएको छ। साथै, पछिल्लो पाँच आवमध्ये तीन आवमा कम्पनी खुद नाफामा गएको हुनुपर्नेछ। यस्तै, कम्पनीको प्रतिसेयर आम्दानी चुक्ता पुँजीको न्यूनतम १० प्रतिशत हुनुपर्नेछ। साथै, प्रतिसेयर आम्दानी सोही वर्षको मुद्रास्फीति दरभन्दा बढी हुनुपर्ने सर्त पनि तोकिएको छ। कम्पनीहरूले कम्तीमा २५ प्रतिशत सेयर सर्वसाधारणमा जारी गरेको वा फ्रिफ्लोट पुँजीकरण १ प्रतिशतभन्दा बढी भएको हुनुपर्ने बताइएको छ। साथै, कम्पनीको सेयरधनी संख्या कम्तीमा २० हजार भएको हुनुपर्ने मापदण्ड तोकिएको छ।

त्यस्तै, पछिल्लो ६ महिनाको अवधिमा दैनिक औसत न्यूनतम २५ लाख रुपैयाँको कारोबार भएको हुनुपर्नेछ। साथै, पछिल्लो ६ महिनामा दैनिक औसत न्यूनतम पाँच हजार कित्ताको सेयर कारोबार हुनुपर्नेछ। यसैगरी, पछिल्लो ६ महिनामा दैनिक औसत न्यूनतम ४० पटक कारोबार भएको हुनुपर्नेछ। त्यस्तै, पछिल्लो ६ महिनाको अवधिमा भएका कारोबार दिनहरूमध्ये ७५ प्रतिशतभन्दा बढी दिनहरूमा कारोबार भएको हुनुपर्ने उल्लेख गरिएको छ।

माथिल्लो त्रिशूली-१ को शिलान्यास

०८३ मंसिरभित्र सञ्चालनमा ल्याइने



नयाँ पत्रिका

कोरियन लगानीमा निर्माणाधीन दुई सय १६ मेगावाटको माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनाको शिलान्यास गरिएको छ। रसुवामा निर्माणाधीन उक्त आयोजनाको मंगलबार काठमाडौंमा विशेष समारोहबीच ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले शिलान्यास गरेका हुन्। विशेष समारोहबीच आयोजनाको बाँधलगायतका संरचना (हेडवर्क्स) निर्माण कार्यको शिलान्यास गरिएको हो।

नेपालको आन्तरिक खपतका लागि कोरियन कम्पनीहरूको प्रत्यक्ष वैदेशिक लगानीमा यो आयोजना निर्माण हुँदै छ। रसुवाको आमाछोदिङमो गाउँपालिका-१ हाकुमा बाँधलगायतका संरचना र उत्तरगया गाउँपालिका-१ मा भूमिगत विद्युत्गृहलगायतका संरचनाहरू निर्माणाधीन छन्।

शिलान्यास समारोहमा मन्त्री बस्नेतले यो आयोजना हिउँदको विद्युत् माग पूरा गर्न आकर्षक रहेकाले तोकिएकै समयमा निर्माण सम्पन्न गर्नुपर्ने बताए। आयोजनाको मुख्य लगानीकर्ता कोरिया साउथ-इस्ट पावर (कोइन) का सभापति एवं प्रमुख कार्यकारी अधिकृत होउ चुन किमले जलविद्युत्मार्फत नेपालको आर्थिक विकास गर्न सकिने बताए। 'नेपालले जलस्रोतको प्रयोग गरी स्वच्छ हरित ऊर्जा उत्पादन गर्न सक्छ। त्यसको आन्तरिक रूपमा खपत बढाई र अतिरिक्त भएको ऊर्जा छिमेकी देशहरूमा निर्यात गरी आर्थिक समृद्धि हासिल गर्न सक्नेछ,' उनले भने, 'जलवायु परिवर्तनको असर न्यूनीकरणमा पनि नेपालले ठूलो योगदान गर्न सक्छ।'

आयोजनाको मुख्य निर्माण पुस ०७८ बाट सुरु गरिएको थियो। भूमिगत विद्युत्गृह, मुख्य सुरुङ, बाँधलगायतका सम्पूर्ण संरचनाहरूको निर्माण सबैतिरबाट तीव्र गतिमा भइरहेको छ। आयोजनाको समग्र भौतिक प्रगति २२ प्रतिशत रहेको छ। आयोजनाको बाँध वर्षायाम सकिएपछि निर्माण सुरु गरिनेछ। आयोजनाको निर्माण मंसिर ०८३ भित्र सक्ने लक्ष्य राखिएको छ।

> आयोजनाको मुख्य निर्माण पुस ०७८ बाट सुरु गरिएको थियो। भूमिगत विद्युत्गृह, मुख्य सुरुङ, बाँधलगायतका सम्पूर्ण संरचनाहरूको निर्माण सबैतिरबाट तीव्र गतिमा भइरहेको छ। आयोजनाको समग्र भौतिक प्रगति २२ प्रतिशत रहेको छ।

यो आयोजनाको विद्युत् प्राधिकरणले किन्ने गरी २०१८ मै विद्युत् खरिद-बिक्री सम्झौता भइसकेको छ।

आयोजना निर्माणमा हाल करिब एक हजार श्रमिक परिचालित छन्। त्यसमध्ये करिब पाँच सय रसुवा जिल्लाका स्थानीय बासिन्दा छन्। आयोजनाको प्रवर्द्धक नेपाल वाटर एन्ड इनर्जी डेभलपमेन्ट कम्पनीमा कोरियन सरकारको स्वामित्वमा रहेको कोएन, विश्व बैंक समूहअन्तर्गतको अन्तर्राष्ट्रिय वित्त निगमलगायतको सेयर लगानी रहेको छ। आयोजनाका लागि ७० प्रतिशत ऋण र ३० प्रतिशत इक्विटीबाट जुटाउने गरी वित्तीय व्यवस्थापन गरिएको छ।

कुल अनुमानित लागत ६४ करोड ७३ लाख अमेरिकी डलर (निर्माण अवधिको ब्याजसहित) रहेको आयोजनामा नौ अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूले ४५ करोड ३२ लाख अमेरिकी डलर लगानी गर्ने सम्झौता गरेका छन्। बाँकी रकम स्वपुँजी (इक्विटी)बाट जुटाइएको छ।

आयोजनाबाट वार्षिक रूपमा एक अर्ब ५३ करोड ३१ लाख युनिट ऊर्जा उत्पादन हुनेछ। आयोजनाबाट उत्पादन हुने कुल वार्षिक ऊर्जामध्ये ३८.७५ प्रतिशत हिउँदयाममा र ६१.२५ प्रतिशत वर्षायाममा उत्पादन हुनेछ। उत्पादित ऊर्जा नेपाल विद्युत् प्राधिकरणले निर्माण गरिरहेको त्रिशूली-३ 'बी' हब सबस्टेसनमा जोडी राष्ट्रिय प्रसारण प्रणालीमा प्रवाह हुनेछ।

हवाईजहाजमा इन्धन भर्न नयाँ रिफ्युलर खरिद

काठमाडौं/ देशभरका

विमानस्थलमा उडान र अवतरण गर्ने जहाजहरूमा इन्धन भर्नका लागि नेपाल आयल निगमले १४ वटा नयाँ रिफ्युलर खरिद गरेको छ। आयल निगमका प्रवक्ता मनोज ठाकुरका अनुसार १६ हजार लिटर क्षमताका आठवटा र ११ हजार लिटर क्षमताका ६ वटा रिफ्युलर खरिद गरिएको हो। यसपटक निगमले काठमाडौंबाहिरका विमानस्थललाई लक्षित गरेर मध्यम क्षमताका रिफ्युलर खरिद गरेको उनले बताए। खरिद गरिएकामध्ये चारवटा रिफ्युलर आयल निगमको सिनामंगल डिपोमा आइसकेका छन् भने अन्य रिफ्युलरहरू एक महिनाभित्रै प्राप्त हुने प्रवक्ता ठाकुरले जानकारी दिए।

तीन वर्षअघि त्रिभुवन विमानस्थलबाट अन्तर्राष्ट्रिय



उडान गर्ने विमानमा तेल हाल्न निगमले २७ हजार लिटर क्षमताका चारवटा नयाँ रिफ्युलर थपेको थियो। निगमले नागरिक उड्डयन प्राधिकरणसँग समन्वय गरी अधिकांश विमानस्थलपरिसरमै हवाई इन्धन डिपो स्थापना गरेको छ। यी डिपोबाट धावनमार्गमा रहेका विमानहरूसम्म पुगेर तेल भर्न रिफ्युलर प्रयोग हुने गरेको छ। विमानस्थलछेउकै डिपोमा वा निगमले प्रादेशिक तथा शाखा कार्यालयमा रहेको भण्डारणगृहसम्म भने इन्डियन आयल कर्पोरेसन (आइओसी)का विभिन्न रिफाइनरी-डिपोबाट ट्यांकरले हवाई इन्धन ओसार्ने गरेका छन्। ट्यांकरबाट ल्याएको तेल रिफ्युलरमा हालेर विमानहरूमा भर्ने गरिन्छ।

विमानस्थलछेउमै रिफ्युलर राखिने र लामो दूरीको यात्रा नगर्ने भएकाले रिफ्युलरहरू धेरै समय टिक्ने गर्छन्। निगमले यसअघि ०७७ मा २७ किलोलिटर क्षमताका चारवटा रिफ्युलर खरिद गरेको थियो भने ०७० मा १६ हजार लिटर क्षमताका चारवटा र ०६७ मा १२ हजार लिटर क्षमताका ६ थान रिफ्युलर खरिद गरेको थियो।

निगमले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा उडान र अवतरण गर्ने विमान कम्पनीमा इन्धन भर्नका लागि सिनामंगलमा देशभरकै सबैभन्दा ठूलो हवाई इन्धन डिपो सञ्चालन गरिरहेको छ। सो डिपोमार्फत अहिले १३ वटा रिफ्युलर प्रयोगमा छन्। २७ हजार लिटर क्षमताका सातवटा, १६ हजार लिटर क्षमताका चारवटा र ११ हजार लिटर क्षमताका दुईवटा रिफ्युलरले त्रिभुवन विमानस्थलका विमानमा इन्धन भर्दै आएका छन्।

सुरु भयो 'नाडा अटो सो २०२३'

चारपांग्रे, दुईपांग्रे, कमर्सियल भेहिकल, बैंक तथा वित्तीय संस्था, लुब्रिकेन्ट, टायर, ब्याट्री, पार्टपुर्जालगायतका एक सय २० स्टल

नयाँ पत्रिका

देशको अर्थतन्त्र सुधारोन्मुख हुनाले अटोमोबाइलको व्यापार बढ्दै जाने अर्थमन्त्री डा. प्रकाशशरण महतले बताएका छन् । मंगलबारदेखि भृकुटीमण्डमा सुरु भएको 'नाडा अटो सो २०२३' उद्घाटन गर्दै उनले सुस्ताएको आर्थिक गतिविधि बिस्तारै बढ्दै जाने बताएका हुन् ।

अर्थमन्त्री डा. महतले वर्ष दिनदेखि रोकिएको कित्ताकाट खुला गरिएका कारण घरजग्गा कारोबार पनि अब बढ्ने ठोकुवा गरे । 'पछिल्लो समय विदेशी विनिमय सञ्चिति बढेको छ, पर्यटक पनि बढ्दै छन्,' उनले भने, 'अब आर्थिक गतिविधि बढ्ने ठोस आधार तयार हुन थालिसकेको छ ।' कोभिड महामारीपछि सुस्ताएको गाडीको व्यापार पनि अब बढ्ने उनको भनाइ थियो । उनले अर्थतन्त्रमा समस्या निम्तिनुमा पैसा खर्च नहुनुलाई पनि प्रमुख कारणका रूपमा लिए । मान्छेसँग पैसा भएर पनि खर्च नगर्दा अर्थतन्त्रमा समस्या देखिएको उनको भनाइ थियो । उद्यमी-व्यवसायीले पनि आत्मबल बढाएर खर्च गर्न डराउँदा पैसा प्रणालीमा नघुमेर अर्थतन्त्र चलायमान हुन नसकेको उनले बताए ।

अब देशमा विद्युतीय सवारीसाधनको युग सुरु भएको उनको भनाइ थियो । उनले देशभित्रै सवारीसाधन एसेम्बल सुरु गर्न व्यवसायीलाई सुझाव पनि दिए ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले देश श्रीलंकाजस्तै टाट पल्टिँदै छ भन्ने त्रास देखाएर नीति ल्याइँदा अटो व्यवसाय खुम्चिएको बताए । अटो व्यवसाय खुम्चिँदा राज्यको राजस्वमा समेत असर परेको उनको भनाइ थियो । उच्च ब्याजदरका कारण निजी क्षेत्रले लगानी बढाउन नसकेको बताउँदै नेपाल उद्योग परिसंघका अध्यक्ष राजेश अग्रवालले भने, 'सरकारले पनि निजी क्षेत्रको मनोबल बढाउन कुनै कदम चाल्न सकेन ।' देशको नियामक निकायले निजी क्षेत्रलाई खाली



तस्बिर : अमुल थापा/नयाँ पत्रिका

दुःख मात्र दिने काम गरेको नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्लको गुनासो थियो ।

नाडा अटोमोबाइल एसोसिएसन अफ नेपालका अध्यक्ष ध्रुव थापाले सवारीसाधनलाई विलासी वस्तुको सूचीबाट हटाएर अतिआवश्यक वस्तुको सूचीमा राख्न अर्थमन्त्री डा. महतलाई आग्रह गरे ।

उनले देशमा बिजुली गाडीको प्रवर्द्धन गर्नका लागि इभीमा करको नीति स्थिर बनाउन पनि सुझाव दिए । अर्थमन्त्रीले पनि बिजुली गाडीमा धेरै कर नबढ्ने आश्वासन दिएका छन् । सवारीसाधनमा कर्जाको जोखिमभार घटाएर पुरानै ७५ प्रतिशत कायम गर्न अध्यक्ष थापाले सुझाव दिए ।

मंगलबारदेखि सुरु भएको नाडा अटो सो ३१ भदौसम्म सञ्चालन हुनेछ । प्रदर्शनीमा थुप्रै ब्रान्डका विद्युतीय कार सार्वजनिक गरिएको छ । अधिकांश अटोमोबाइल कम्पनीले विद्युतीय सवारीसाधन प्रदर्शनीमा राखेको देखिन्छ । विद्युतीय दुईपांग्रे पनि प्रदर्शनीमा राखिएको छ ।

नाडाका अनुसार अटो सोमा १६ ब्रान्डका चारपांग्रे, २२ ब्रान्डका दुईपांग्रे, सात ब्रान्डका कमर्सियल भेहिकल, नौवटा बैंक तथा वित्तीय संस्था र ३० वटा लुब्रिकेन्ट, टायर, ब्याट्री, पार्टपुर्जालगायतका एक सय २० स्टल छन् । प्रदर्शनीमा करिब २० अर्ब रुपैयाँको कारोबार हुने नाडाको अनुमान छ ।

निसानको नयाँ संस्करणका गाडी



काठमाडौं/ नेपालका लागि निसान गाडीको आधिकारिक विक्रेता पायोनियर मोटो कर्पले निसान गाडीका नयाँ संस्करण नाडा अटो सो २०२३ मा प्रदर्शन गरेको छ । कम्पनीले निसान गाडीको जेरो इमिसन सेकेन्ड जेनेरेसन निसान लिफ इलेक्ट्रिक गाडी नाभारा प्रो फोर एक्स गाडीको विशेष लाइफ स्टाइल एडिसनका साथै नयाँ निसान म्याग्नाइटको एएमटी भेरियन्ट सार्वजनिक गरेको हो ।

कम्पनीका प्रबन्ध निर्देशक सन्दीपकुमार सारडाले नेपाली ग्राहकको रोजाइ र प्राथमिकताअनुरूप आधुनिक मोबिलिटी सोलुसन प्रदान गर्ने प्रतिबद्धताका साथ नाडा अटो सोमा नयाँ गाडी प्रदर्शन गरेको बताए । निसान इन्डिया, सिबियु साउथ एसिया व्यापार इकाइका निर्यात प्रमुख रघुनाथले डाइनामिक पर्फमेन्सका साथै सुरक्षा र आरामलाई सुनिश्चित गर्न उत्कृष्ट श्रेणीका कार ल्याउन जारी राख्ने बताए । निसानले चाँडै नै यस चाडपर्वका अवसरमा सबै नयाँ एक्स-ट्रेल इ-पावर सार्वजनिक गर्ने उनको भनाइ थियो । उनले भने, 'निसान एक्स-ट्रेलको यो हाइब्रिड इ-पावर संस्करणले उत्कृष्ट कार्यकुशलता, आधुनिक सुविधा र आरामदायी इलेक्ट्रिक ड्राइभिङ अनुभव प्रदान गर्नेछ ।'

निसान नभाराको लाइफ स्टाइल एडिसनले उत्कृष्ट डाइनामिक पर्फमेन्स, परिष्कृत ह्यान्डलिङ र इन्धन (फ्युल) इफिसियन्सी प्रदान गर्ने कम्पनीको दाबी छ । यो गाडीमा, राम्रो नोइज, भाइब्रेसन र हार्सनेस कन्ट्रोल उपलब्ध भएकाले ड्राइभिङ अनुभव आरामदायी बनाउने जनाइएको छ ।

त्यस्तै, निसान लिफ इभीले उत्कृष्ट पावर डेलिभरी प्रदान गर्ने जनाइएको छ । ४० किलोवाट आवरको लिथियम-आयन ब्याट्रीले तीन सय ११ किलोमिटरसम्मको रेन्ज प्रदान गर्ने कम्पनीको दाबी छ । यसलाई अल-इलेक्ट्रिक इ-पावर ट्रेनले चलाउने हुनाले एक सय १० किलोवाट वा एक सय ५० पिएसको अधिकतम आउटपुट प्रदान गर्ने तथा तीन सय २० एनएम इन्सटेन्ट टर्क प्रदान गर्ने र सात दशमलव नौ सेकेन्डमा शून्यबाट एक सय किलोमिटरको गतिमा पुग्न सक्ने यो गाडीको अधिकतम गति एक सय ४० किलोमिटर प्रतिघन्टा रहेको जनाइएको छ ।

गाडीसँगै आउने युनिभर्सल चार्जिङ केबललले घरको वाल-आउटलेटमार्फत १५ देखि १८ घन्टामा तथा क्विक-चार्जिङ स्टेसनहरूमा ४० देखि ६० मिनेटमा पूर्ण चार्ज गर्न सकिने कम्पनीको दाबी छ । यो गाडीमा तीन वर्ष वा एक लाख किलोमिटर वारेन्टी तथा आठ वर्ष वा एक लाख ६० हजार किलोमिटर ब्याट्री वारेन्टी रहेको जनाइएको छ ।

बर्जर पेन्ट्सको 'बर्जर हाम्रो घर, हाम्रो सान' योजना



काठमाडौं/ सजावटी रङहरूको निर्माता कम्पनी बर्जर जेन्सन एन्ड निकोल्सन (नेपाल) प्रालिले दसैँ र तिहारको अवसर पारेर 'बर्जर हाम्रो घर हाम्रो सान' नामक योजना ल्याएको छ । कम्पनीले आफ्ना ग्राहकको घरको सौन्दर्यता अभिवृद्धि गर्ने उद्देश्यमा केन्द्रित रहँदै प्रवर्द्धनात्मक योजना ल्याएको हो ।

योजनाअन्तर्गत एकजना भाग्यशाली विजेताले पाँच लाख रुपैयाँको बम्पर पुरस्कार प्राप्त गर्नुका साथै थप तीनजनाले जनही एक लाख रुपैयाँ तथा अन्य १० जनाले १० हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गर्ने जनाइएको छ । यसबाहेक, योजनाले घरधनीलाई इन्टेरियर डिजाइनरबाट निःशुल्क परामर्श सेवा प्राप्त गराई विज्ञको सल्लाहअनुसार आफ्नो घर सिँगार्ने अवसर प्रदान गर्ने कम्पनीले जनाएको छ । साथै, डिजिटल प्रतियोगितामा भाग लिई एक सय उत्कृष्ट घरधनीले आफ्नो घरको सुन्दर तस्बिर सेयर गरेर जनही २५ हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गर्ने उल्लेख छ ।

योजना बर्जर सिल्कब्रिद इजी, सिल्क ग्लयामर, सिल्क लक्जरी, वेदरकोट लङ लाइफ, वेदरकोट अलगार्ड फ्लेक्सो र वेदरकोट अलगार्डजस्ता सीमित बर्जर उत्पादनमा मात्र लागू हुने कम्पनीको भनाइ छ ।

समृद्धि फाइनान्सले वितरण गऱ्यो कुर्सी तथा डस्टबिन

काठमाडौं/ समृद्धि फाइनान्सले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत कुर्सी तथा डस्बिन वितरण गरेको छ । संस्थाको पोखरा शाखाले पोखरा-८ को प्रगतिशील नारी समूहलाई १२ वटा कुर्सी र डस्टबिन वितरण गरेको हो । फाइनान्सले भदौ महिनामा महिला विशेष अभियान चलाइरहेको जनाएको छ । जसअनुसार महिलाले भदौ महिनामा समृद्धि गृहलक्ष्मी बचत खाता खोली उच्च ब्याजदरको प्रतिफलका साथै निःशुल्क डिजिटल बैंकिङको फाइदा लिन सक्ने जनाइएको छ ।

कम्पनीले हाल देशभरमा १३ वटा शाखामार्फत सेवा दिनुका साथै आरटिजिएस, आइपिएस, कनेक्ट आइपिएस, रेमिट्यान्स, क्लियरिङलगायतका बैंकिङ र मोबाइल बैंकिङ, डेबिट कार्ड, क्युआर कोडजस्ता डिजिटल सुविधा प्रदान गरिरहेको जनाएको छ ।

सांग्रिलाका ग्राहकलाई हिमाल डेन्टलमा छुट

काठमाडौं/ सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडका ग्राहकले हिमाल डेन्टल हस्पिटलमा उपचार गराउँदा छुट पाउने भएका छन् । ग्राहकलाई छुट दिने सम्बन्धमा बैंक र हस्पिटलबीच सम्झौता भएको हो ।

सम्झौतामा बैंकका प्रमुख सञ्चालन अधिकृत अपूर्वप्रसाद जोशी र हस्पिटलका निर्देशक डा. राजेन्द्र भट्टले हस्ताक्षर गरेको जनाइएको छ । सम्झौताअनुसार हस्पिटलले बैंकका ग्राहक तथा कर्मचारीलाई विभिन्न किसिमका ओपिडी, सर्जरी, औषधि तथा दाँतसँग सम्बन्धित सम्पूर्ण उपचारमा २० प्रतिशत छुट प्रदान गर्ने उल्लेख छ ।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड

रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नर्तिनु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उक्त सम्पतिहरु गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ । साथै, प्रस्तुत लिलामी प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पुर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	जमानीकर्ताको विवरण
१)	नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, उद्योग विकाश शाखा, पोखरा लेखनाथ म.न.पा. कास्कीमा, प्रा.फ.नं.घं.उ.वि. १३०६२/०७४/०७५ अन्तर्गत मिति २०७४/०६/२५ मा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको कास्की जिल्ला, पोखरा लेखनाथ म.न.पा. वडा नं.६, बैदाम स्थित **होटल पिनाकल** **प्रोप्राइटर तथा जमानीकर्ता: गंगा गिरी** स्थायी ठेगाना : कास्की जिल्ला, पोखरा उ.म.न.पा.वडा नं. ६ हालको ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा.वडा नं. ६ बाबु : जिवन गिरी ससुरा : भवानी गिरी पति : कृष्ण गिरी	कृष्ण **गिरी** स्थायी ठेगाना : कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ६ हालको ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ६ बाबु : भवानी गिरी बाजे : बाला गिरी
	धितोको विवरण	
	१) बाला गिरीको नाति, भवानी गिरीको छोरा, कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं.६ स्थायी ठेगाना भई हाल कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ६, बस्ने कृष्ण गिरीको नाममा मालपोत कार्यालय कास्कीको लगतमा दर्ता रहेको कास्की जिल्ला, पोखरा उ.म.न.पा. वडा नं. ६ स्थित कित्ता नं. ४९ को क्षेत्रफल २४६.८० (ब.मी) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पूर्ण लिगालगापात समेत । २) होटल पिनाकलको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	
	ऋणीको विवरण	**जमानीकर्ताको विवरण**
२)	**जय सिंह ठगुन्ना** स्थायी ठेगाना : दार्चुला जिल्ला सिप्टी गा.वि.स. वडा नं. ८ हालको ठेगाना : दार्चुला जिल्ला महाकाली न.पा. वडा नं. ४ बाबु : गुजे ठगुन्ना बाजे : हर सिंह ठगुन्ना	**बसन्ती ऐरी (ठगुन्ना)** स्थायी ठेगाना : दार्चुला जिल्ला सिप्टी गा.वि.स. वडा नं. ८ हालको ठेगाना : दार्चुला जिल्ला महाकाली न.पा. वडा नं. ४ बाबु : गजान सिंह ऐरी ससुरा : गुजे ठगुन्ना पति : जय सिंह ठगुन्ना
	धितोको विवरण	
	हर सिंह ठगुन्नाको नाति, गुजे ठगुन्नाको छोरा, दार्चुला जिल्ला सिप्टी गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल दार्चुला जिल्ला महाकाली न.पा. वडा नं. ४ बस्ने जय सिंह ठगुन्नाको नाममा मालपोत कार्यालय दार्चुलाको लगतमा दर्ता कायम रहेको दार्चुला जिल्ला, खलंगा गा.वि.स. वडा नं. ५ स्थित कित्ता नं. २१२३ र १३५६ को क्षेत्रफल ०-४-०-० र ०-३-२-१ (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत ।	
	ऋणीको विवरण	
३)	१) प्रदेश सरकार, उद्योग पर्यटन, वन तथा, वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, बागमती प्रदेश, ललितपुरमा, प्रा.फ. दर्ता.नं २३१२३/३२/०७८/०७९ अन्तर्गत मिति २०७८/०५/०९ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको ललितपुर जिल्ला, ललितपुर म.न.पा वडा नं २१, खोकना स्थित मिना चिया प्याकिङ्ग **प्रोप्राईटर तथा जमानीकर्ता: मिना लामा** स्थायी ठेगाना: ललितपुर जिल्ला, गोदावरी न.पा वडा नं. ४ हालको ठेगाना: ललितपुर जिल्ला, ललितपुर म.न.पा वडा नं. २१, खोकना बाबु : दल बहादुर लामा बाजे : पेमा लामा	२) मिना लामा स्थायी ठेगाना: ललितपुर जिल्ला, गोदावरी न.पा वडा नं. ४ हालको ठेगाना: ललितपुर जिल्ला, ललितपुर म.न.पा वडा नं. २१, खोकना बाबु : दल बहादुर लामा बाजे : पेमा लामा
	धितोको विवरण	
	१) पेमा लामाकी नातिनी, दल बहादुर लामाकी छोरी, ललितपुर जिल्ला, गोदावरी न.पा वडा नं ०४ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, ललितपुर म.न.पा वडा नं २१, खोकना बस्ने मिना लामाको नाममा मालपोत कार्यालय भक्तपुरको लगतमा दर्ता कायम रहेको भक्तपुर जिल्ला, ख्वालिङ गा.वि.स. वडा नं ५ क (हाल: चांगुनारायण न.पा. वडा नं. ५) स्थित कित्ता नं. १७२६ को क्षेत्रफल ०-१०-०-० (रोपनी) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत । २) मिना चिया प्याकिङ्गको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	

नोट: ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरीएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु

१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सुचना:

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलाममाबाट कायम हुने धितो सुम्पतिको मुल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफै ले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

सुमेरु सेभिङ एण्ड क्रेडिट सहकारी संस्था लिमिटेड

ललितपुर महानगरपालिका- ३, पुल्चोक, ललितपुर
फोन नं. ०१-५५५५५५०/०१-५५४४५५५ Email: sumeru@wlink.com.np

कर्जा चुक्ता गर्न आउने बारेको १५ दिने सूचना

प्रकाशन मिति २०८० साल भाद्र २७ गते बुधबार

यस सहकारी संस्थाको कार्यालय ललितपुर महानगरपालिका वडा नं ३ पुल्चोक, ललितपुरबाट व्यपार व्यवसाय गर्नको लागि घर जग्गा/घडेरी धितो राखि कर्जा लिनु भएको तपशिलका ऋणी सदस्यले उपभोग गर्नु भएको कर्जाको साँवा तथा ब्याज समेत नतिरी नबुझाई लिखत बमोजिम कर्जा सम्बन्धी शर्त उल्लङ्घन गर्नु भएकोले पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत कर्जाको साबाँ ब्याज तिर्ने तर्फ कुनै प्रकारको पहल नगर्नु भएकोले मिति २०८०।०४।२५ गतेका दिन निज ऋणीहरुको नाउँमा नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना तीन पुस्ते नाम प्रकाशित गरिएकोमा सो अवधि भित्रमा समेत कर्जा चुक्ता गर्ने तर्फ कुनै कदम नचालेकोले निजहरुको नाउँमा पुन: कर्जा चुक्ता गर्न आउने बारेको यो १५ दिने तीन पुस्ते नाम सहितको सूचना प्रकाशित गरिएको छ । यो सूचनाको अवधि भित्र छिटो भन्दा छिटो कर्जा चुक्ता गर्नु हून तपशिलमा उल्लेखित गरिएका ऋणी सदस्यहरुलाई सूचित गरिन्छ । अन्यथा संस्थासंग गरेको शर्त, कबुलियत साथै तमसुक बमोजिम धितो राखिएको घर/जग्गा जे जस्तो छ सोही अवस्थामा सहकारी ऐन, नियमावली, संस्थाको विनियम र प्रचलित कानुन बमोजिम लिलाम डाँक बढाबढ गरी बेचविखन गरी कर्जा असुल गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

तपशिल

ऋणीको विवरण			जमानीको विवरण		
ऋणीको नाम : गोविन्द डोटेल बुवाको नाम : लक्ष्मी प्रसाद डोटेल बाजेको नाम : गौरी शंकर डोटेल जिल्ला : ललितपुर लेले वडा नं. ७ स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला ल.पु. म.न.पा. वडा नं. १५			श्रीमती : कविता डोटेल छोरा : आयुष डोटेल		
धितो रहेको सम्पत्तीको विवरण					
जिल्ला	न.पा./गा.वि.स.	वडा नं.	कि.नं.	क्षे.फ.	कैफियत
ललितपुर	लेले	दाछ	५४, ५५	२-१०-२-०	जग्गा
ऋणीको विवरण			जमानीको विवरण		
ऋणीको नाम : श्रीजन बगाले बुवाको नाम : महेश्वर प्रसाद बगाले बाजेको नाम : गोपाल प्रसाद बगाले ललितपुर जिल्ला टिकाथली वडा नं.९,			जमानी दिने : राजाराम चौलागाई		
धितो रहेको सम्पत्तीको विवरण					
जिल्ला	न.पा./गा.वि.स.	वडा नं.	कि.नं.	क्षे.फ.	कैफियत
भक्तपुर	दधिकोट	४	१६२१	१-०-०-०	जग्गा
ऋणीको विवरण			जमानीको विवरण		
ऋणीको नाम : राजाराम चौलागाई बुवाको नाम : देवी प्रसाद चौलागाई बाजेको नाम : हरि प्रसाद चौलागाई जिल्ला भक्तपुर दधिकोट वडा नं. २,			जमानी बस्ने : श्रीजन बगाले		
धितो रहेको सम्पत्तीको विवरण					
जिल्ला	न.पा./गा.वि.स.	वडा नं.	कि.नं.	क्षे.फ.	कैफियत
भक्तपुर	दधिकोट	४	१६२१	१-०-०-०	जग्गा
ऋणीको विवरण			जमानीको विवरण		
ऋणीको नाम : विमला श्रेष्ठ बुवाको नाम : गोविन्द श्रेष्ठ पतिको नाम : रेन बहादुर श्रेष्ठ जिल्ला ललितपुर साविक ठैव-५ हाल गोदावरी न.पा. वडा नं.११			छोरा : निरोज श्रेष्ठ छोरा : सुरज श्रेष्ठ		
धितो रहेको सम्पत्तीको विवरण					
जिल्ला	न.पा./गा.वि.स.	वडा नं.	कि.नं.	क्षे.फ.	कैफियत
ललितपुर	चापागाउँ	४ग	३६५	०-१४-३-२	जग्गा
ऋणीको विवरण			जमानीको विवरण		
ऋणीको नाम : स्नेहा बस्नेत बुवाको नाम : टिका बहादुर बस्नेत पतिको नाम : टेक बहादुर बस्नेत जिल्ला भक्तपुर दिव्यश्वरी-१.			जमानी बस्ने : सचिन पल बैद्य		
धितो रहेको सम्पत्तीको विवरण					
जिल्ला	न.पा./गा.वि.स.	वडा नं.	कि.नं.	क्षे.फ.	कैफियत
भक्तपुर	मध्यपुर ठिमी	१५	९६	१६५ ब.मि.	जग्गा
ऋणीको विवरण			जमानीको विवरण		
ऋणीको नाम : विरेन्द्र महर्जन बुवाको नाम : आशालाल महर्जन पतिको नाम : आशा भक्त महर्जन जिल्ला ललितपुर साविक ठैव-५ हाल गादावरी न.पा. वडा नं.			जमानी बस्ने : नकुल कार्की जमानी बस्ने : कन्हैयाँ कृष्ण बन श्रेष्ठ		
धितो रहेको सम्पत्तीको विवरण					
जिल्ला	न.पा./गा.वि.स.	वडा नं.	कि.नं.	क्षे.फ.	कैफियत
ललितपुर	लेले	८च	३५	०-११-२-०	जग्गा
ललितपुर	लेले	८च	३९	०-७-१-०	,,
ललितपुर	लेले	८च	३७	१-८-०-०	,,
ललितपुर	लेले	८च	४४	०-३-०-०	,,
ललितपुर	लेले	८च	३६	०-११-२-०	,,
काठमाण्डौं	विष्णु (बुढानिलकण्ठ)	४	९६२	०-७-०-०	जग्गा
ऋणीको विवरण			जमानीको विवरण		
ऋणीको नाम : समिर गुरुङ बुवाको नाम : सन्त बहादुर गुरुङ पतिको नाम : तेज बहादुर गुरुङ जिल्ला काठमाण्डौं का.म.न.पा. वडा नं. १०			भाई : अमिर गुरुङ		
धितो रहेको सम्पत्तीको विवरण					
जिल्ला	न.पा./गा.वि.स.	वडा नं.	कि.नं.	क्षे.फ.	कैफियत
काठमाण्डौं	का.म.न.पा.	१०	१०	०-११-०-२	जग्गा

सुमेरु सेभिङ एण्ड क्रेडिट सहकारी संस्था लिमिटेड
ललितपुर महानगरपालिका- ३, पुल्चोक, ललितपुर ।

सूर्यकोट बचत तथा ऋण सहकारी संस्था लि.

सूर्यकोट मार्ग कोटेश्वर ३१, काठमाडौं
फोन नं.: ०१-५१००२०९

१४ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

संचालक समितिको मिति २०८०/०५/०६ को निर्णयानुसार यस संस्थाको १४ औं वार्षिक साधारण सभा निम्न अनुसार हुने भएकोले अनिवार्य उपस्थितको लागि जानकारी गराउँदछौं ।

सभा हुने मिति, समय र स्थान

मितिः २०८० असोज ६ गते, शनिबार
स्थानः कान्तिपुर गार्डेन ब्याङ्केट, बालकुमारी, खरीबोट, ललितपुर
समयः बिहान ८:३० बजेदेखि १२:३० बजेसम्म

राम शरण सुबेदी
अध्यक्ष

मध्यमार्गी...

पृष्ठ १ बाट क्रमशः

र संवैधानिक वृत्त स्तब्ध बनेको छ।

एमाले उपाध्यक्ष तथा प्रतिनिधिसभा सदस्य नेम्वाङको मंगलबार बिहान हृदयाघातबाट निधन भएको हो। संविधानसभा अध्यक्ष हुँदादेखि नेम्वाङको नियमित स्वास्थ्य जाँच गर्दै आएका संसद् सचिवालयका प्यारोमेडिक्स (इमर्जेन्सी मेडिकल केयर पर्सन) प्रदीप घिमिरेका अनुसार उनी लामो समयदेखि सुगर, प्रेसरका बिरामी थिए। उनले डा. अरुण सायमी, यादव भट्ट र बुद्धि कार्कीको सिफारिसमा १०-१२ वर्षदेखि सुगर, प्रेसरको औषधि खाइरहेका थिए।

मंगलबार बिहान नेम्वाङको स्वास्थ्यमा असहजता आएपछि त्रिवि शिक्षण अस्पताल लगिएको थियो। त्रिवि शिक्षण अस्पतालका निमित्त कार्यकारी निर्देशक डा. सन्तकुमार दासले जारी गरेको विज्ञप्तिमा नेम्वाङलाई मंगलबार बिहान १:५० बजे उपचारका लागि ल्याइएको, चिकित्सकबाट जाँच गर्दा जीवनसम्बन्धी कुनै चाल नदेखिएको, आँखाको नानी फुलिसकेको र स्थिर रहेको साथै बिपी र पल्प अनरेकर्डेबल भएकाले चिकित्सकद्वारा ३५ मिनेटसम्म सिपिआर गर्दा पनि जीवनसम्बन्धी कुनै संकेत नदेखिएकाले ३ बजे मृत घोषणा गरेको उल्लेख छ।

राष्ट्रिय राजनीतिमा सहमतिका एक सूत्राधार, संविधान निर्माणका अगुवा, संविधानसभा अध्यक्ष, पूर्वसभामुख तथा एमाले उपाध्यक्ष नेम्वाङ मृदुभाषी, शालीन र समन्वयकारी वरिष्ठ राजनीतिज्ञ थिए। पाँच दशक राजनीतिमा सक्रिय नेम्वाङ खास गरेर संविधान निर्माणमा सहमति र एकताको सूत्राधारका रूपमा अनवरत क्रियाशील थिए, त्यसैले सम्बद्ध दल एमालेबाहेकका् दलमा पनि उनी स्वीकार्य पात्र थिए। उनी सुपरिचित, लोकप्रिय र अग्लो कदका व्यक्तित्व थिए। दल र नेताहरूबीचको जस्तोसुकै असहज सम्बन्ध हुँदा पनि उनी संवादको ढोका खोल्न आफैँ अघि सर्थे।

राजनीतिक क्षेत्रका सफल र उदाहरणीय व्यक्तित्व उनी संविधान र कानुनका ज्ञाता, प्राध्यापन क्षेत्रका असल गुरु र एक फुटबल खेलाडीलगायत बहुआयमिक व्यक्तित्वका धनी थिए। २३ असोजमा धरानको एक कार्यक्रमलाई अन्तिम सम्बोधन गरेका थिए। अन्तिम सम्बोधनपछिका दुई दिन पनि नियमित जीवनचर्यामै रहेका नेम्वाङ मंगलबार राति अचानक हृदयाघातका कारण ढले र आफ्नो अलग्गै अमिट पदचाप छाडेर सधैँका लागि अस्ताए।

राष्ट्रिय एकताको प्रतीक राष्ट्रिय झन्डा चन्द्र-सूर्यको महत्त्वदेखि हिमाल-पहाड-तराई सबैतिरका जनता एकतासहित अगाडि बढ्दा मात्र विविधतायुक्त राष्ट्रलाई बलियो बनाएर समृद्धिको लक्ष्य सम्भव भएको ओजपूर्ण अन्तिम सम्बोधनसहित सामाजिक सद्भाव भङ् किएको धरानलाई नेम्वाङले महत्त्वपूर्ण सन्देश दिएका थिए। उनी जनजाति थिए, तर उग्र जातिवादको पक्षमा थिएनन्।

'हामीले आठ वर्षअगाडि संविधान बनायौँ। जनताले जनताका लागि। राष्ट्रिय झन्डा पास गर्‍यौँ। कुनै वेलामा यसबारे छुट्टै छलफल गरौँला,' नेम्वाङले पहिचानको मुद्दालाई पनि साझा मुद्दाका रूपमा बुझ्न अपिल गरेका थिए, 'महागुरु फाल्गुनन्दलाई राष्ट्रिय विभूति घोषणा गर्दा उहाँ किराँतीको मात्र नभएर सिंगो देश, सबै जाति, धर्म, संस्कृतिका जनताको पनि महागुरु हुनुभयो। यति काम गर्ने पार्टीलाई पहिचानविरोधी भन्न मिल्छ ?'



जातीय पहिचानका नाममा हिंसा मच्चाएर बिथोल्ने काम गलत भएको मान्यता दृढतासाथ राख्दै उनले पहिचानको मुद्दा उठाउनेलाई गम्भीर बन्न सचेत गराएका थिए। 'पहिचानका लागि हानिएको ढुंगा ताप्लेजुङको लिम्बू डिएसपीलाई लाग्ने, झापाको राजवंशी हवल्दारलाई लाग्ने, कस्तो खालको ढुंगा हो ?' नेम्वाङको अन्तिम सम्बोधन थियो।

उनै नेम्वाङ, जसले पहिचानका नाममा जातीय राज्य बनाउने कोसिस हुँदा ०७० दोस्रो संविधानसभाबाट संसद्का सबै दललाई एउटै साझा निष्कर्षमा पुर्‍याएर ३ असोज ०७२ मा गणतन्त्र संस्थागत गर्ने संविधान जारी गर्ने कामको अगुवाइ गरेका थिए। आठ वर्ष संविधानसभा अध्यक्ष रहेका नेम्वाङले संविधान जारी नभएसम्म दलहरूलाई आ-आफ्ना अडान छाडेर सहमतिमा पुग्न जतिवेला पनि राष्ट्रिय सहमतिको रट लगाइरहे। त्यसक्रममा उनले शीर्ष नेतृत्वलाई प्रेरित मात्र गरेनन्, आवश्यकताअनुसार सहमतिका आधार र सूत्रहरू पनि प्रस्तुत गरिरहे।

सहमतिका लागि प्रेरित गर्ने उनको चरित्रलाई पूर्वराष्ट्रपति तथा उनका पार्टीका समेत सहयोद्धा विद्या भण्डारीले समन्वयकारी गुणका रूपमा स्मरण गरेकी छिन्। 'मृदुभाषी, शालीन व्यक्तित्वका धनी, समन्वयकारी गुण भएका एमाले उपाध्यक्ष नेम्वाङको अप्रत्याशित र अकल्पनीय निधनको खबरले स्तब्ध भएको छु,' नेम्वाङको समन्वयकारी गुणलाई उनले विज्ञप्तिमै खुलाएकी छिन्।

कांग्रेस महामन्त्री गगन थापाले भने एक कदम अगाडि बढेर नेम्वाङ सहमति जुटाउने समन्वयकारी पात्रका रूपमा मात्र नभएर जनआन्दोलनको मर्म बुझ्ने र निर्णायक वेला जस्तोसुकै दबाब थेग्न तथा चिर्न सक्ने दृढ नेताका रूपमा समेत स्मरण गर्दा मात्र उनको भूमिकामाथि न्याय हुने स्मरण गरे। '०६२/६३ को जनआन्दोलनपछि मुलुकमा सबैलाई आफ्नो जस्तो लाग्ने साझा, जनआन्दोलनको मर्म बुझ्ने, संवाद र समन्वय गर्ने कुशल पात्र आवश्यक थियो, त्यतिवेला सुवास नेम्वाङ सबैका लागि निर्विरोध पात्रका रूपमा चार-चारपटक पुनर्स्थापित संसद्, संविधानसभा र संसद् दुवैमा निर्विरोध निर्वाचित हुनुभयो,' थापाले नेम्वाङको अतुलनीय भूमिकाको स्मरण गरे, 'उहाँ लचक त हुनुहुन्थ्यो। तर, संविधान निर्माणको अन्तिम क्षणमा संविधान निर्माण गरिछाड्ने दृढ संकल्प भएको पात्र पनि चाहिएको थियो, त्यसवेलाको बाहिरी दबाब थेग्ने र चिर्ने पात्र पनि उहाँ हुनुहुँदो रहेछ, यदि उहाँमा अन्तिम क्षणमा दृढ इच्छाशक्ति थिएन भने समन्वयकारी व्यक्तित्वले मात्र सायद संविधान बन्दैनथ्यो। त्यसैले उहाँले संविधान निर्माणमा सर्वोच्च भूमिका निर्वाह गर्नुभएको छ।'

थापाले पछिल्लो १५ वर्ष मुलुकमा अत्यावश्यक रहेको सहमति जुटाउने पात्रका रूपमा मात्र नभएर संसद्मा असल शिक्षा र संस्कार सिकाउने एक पिताका रूपमा समेत नेम्वाङलाई स्मरण गर्न सकिने बताए।

०४८ पछि राष्ट्रिय सभा हुँदै संसद् प्रवेश गरेका नेम्वाङ ०५६, ०६४, ०७०, ०७४ र ०७४ मा इलाम २ बाट प्रतिनिधिसभा सांसद निर्वाचित भएका थिए। ०५१ को नौमहिने तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीले नेतृत्व गरेको एमाले नेतृत्वको अल्पमत सरकारमा कानुन, न्याय तथा संसदीय व्यवस्थामन्त्री बनेका थिए।

०६२/६३ को पुनर्स्थापित संसद्मा पहिलोपटक सभामुख निर्वाचित नेम्वाङले राजासँग शपथ अस्वीकार गर्दै संसद्सामु शपथ लिएर राजाका अधिकार कटौती गर्नेदेखि गणतन्त्र घोषणा गर्ने कामसम्मको नेतृत्व गरेका थिए। राजालाई अघोषित रूपमा निलम्बन गरी गणतन्त्रको आधार तयार गर्ने त्यस घोषणालाई राजनीतिक वृत्तमा 'नेपालको म्याग्नाकार्टा'का रूपमा चित्रित गरिन्छ।

०६४ को निर्वाचनपछि संविधानसभा अध्यक्षमा निर्वाचित नेम्वाङले त्यही 'नेपाली म्याग्नाकार्टा'मार्फत राजाका अधिकार कटौती गर्दै श्री ५ को सरकारको सट्टा नेपाल सरकार बनाउने, राजदण्ड हटाउनेलगायत प्रस्ताव संसद् बाट पारित गराएका थिए। त्यति मात्र होइन, ११ जेठ ०६५ मा आन्तरिक र बाह्य दबाब, चुनौतीलाई बेवास्ता गर्दै मुलुकलाई संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा गराउने प्रस्ताव पारित गराएका थिए।

०६९ मा पहिलो संविधानसभा असफल भएपछि पनि दोस्रोपटक संविधानसभा अध्यक्ष भएका नेम्वाङले जातीय पहिचानको राज्य बन्ने गरी राज्य पुनर्संरचना गर्दै प्रदेश बनाउने प्रस्तावको विकल्पमा साझा पहिचानसहितको प्रदेश बनाएर संविधान निर्माण गर्ने काममा सहमति जुटाउन अग्रणी भूमिका खेलेका थिए। संविधानको मस्यौदा गर्ने संवैधानिक मस्यौदा समितिमा हुने विमति कम गर्न नेम्वाङकै अगुवाइमा पटक-पटक बैठकहरू बस्ने गर्थ्यो।

'पहिलो संविधानसभा विफल भइसकेको पृष्ठभूमिमा दोस्रो संविधानसभाको चुनाव गरेर फेरि त्यसको पनि नेतृत्व गरेर धेरै कठिन समयमा संविधानसभाका सदस्य र पार्टीसँग संयोजन गरेर कमरेड सुवास नेम्वाङले जसरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान दिन सफल हुनुभयो, त्यसले उहाँलाई नेपालले सधैँ सम्झनेछ,' माओवादी महासचिव देव गुरुङले नेम्वाङको भूमिकामाथि टिप्पणी गर्दै भने, 'पछिल्लो समयमा नेकपा एमालेको उपाध्यक्ष र संसदीय दलको उपनेता रहनुभएका सुवास नेम्वाङको निधनले वर्तमान वाम-लोकतान्त्रिक आन्दोलनलाई ठूलो क्षति पुगेको छ।'

संसदीय इतिहासमा सबैभन्दा लामो समय संसद्लाई नेतृत्व गरेका नेम्वाङ मृत्युपर्यन्त संविधानसभा अध्यक्ष सम्बोधित थिए। नेपालमा जातीय क्षेत्रीय दल र मोर्चासमेत सक्रिय रहेको तथा विद्रोही तत्कालीन माओवादीसमेत सरकार सञ्चालनको मोर्चा र सडकमा समेत आन्दोलनकै भूमिका रहेका वेला उनले संसदीय मोर्चामा निरन्तर सबै दलसँगको समदूरीमै रहेर समन्वयकारी भूमिका निभाए।

नेम्वाङसँग सन्निकट रहेर काम गरेकी तत्कालीन उपसभामुख तथा पूर्वसभामुख ओनसरी घर्ती संविधान लेखनमा उनले खेलेको भूमिका नै सदैव स्मरणीय रहेको बताउँछिन्। 'नेपालको लोकतान्त्रिक आन्दोलन, कम्युनिस्ट आन्दोलन र संविधान लेखनमा उहाँले खेल्नुभएको महत्त्वपूर्ण भूमिका नेपाली जनताबीच सधैँ स्मरणीय रहनेछ,' उनले भनेकी छिन्।

संविधान जारी भएपछि संस्थागत गर्ने चुनौती रहेको भन्दै उनले निरन्तर एकता र सहमतिमा मात्र जोड दिएनन्, दलहरूको बेमेलप्रति खबरदारी गरिरहे। संविधानसभाको ऐतिहासिक अन्तिम बैठकमा राष्ट्रपति डा. रामवरण यादवले नयाँ संविधानको औपचारिक घोषणा गरेपछि सम्बोधन गर्दै नेम्वाङले सभा अन्त्य गर्दै दलहरू इमानदार हुनुपर्ने बताएका थिए। 'संविधान राम्रो भएर मात्र हुँदैन। संविधान आफैँले बुद्धिविवेक बाँड्ने होइन। राजनीतिक दलहरूले संविधान कार्यान्वयनका लागि आवश्यक विवेक र क्षमता प्रदर्शन गर्नुपर्छ,' उनले भनेका थिए।

संविधान जारी भएपछि पार्टी राजनीतिमा फर्किएका नेम्वाङ स्थायी समिति सदस्यमा मनोनीत भएर संसद्मा अध्यक्ष केपी ओलीपछिको भूमिकामा रहने गरी संसदीय दलको उपनेता बने। तत्कालीन एमाले-माओवादी एकतामा पनि भूमिका खेलेका उनी नेकपाको सचिवालय सदस्य बने र दशौँ महाधिवेशनबाट उपाध्यक्षमा लोकप्रिय मतसहित निर्वाचित भएका थिए।

पार्टीमा ओलीपछिको तेस्रो वरीयतामा रहेका नेम्वाङमा संसद्मा दोस्रो वरीयताको भूमिकामा क्रियाशील रहे। संसदीय राजनीतिमा लामो समय शक्तिकेन्द्रमा रहेका नेम्वाङले पार्टीमा भने कहिल्यै फरक गुट निर्माण गरेर शक्ति अभ्यास गरेनन्। यद्यपि, उनले चितवनमा सम्पन्न दशौँ महाधिवेशनमा ओलीपछिको वरीयतामा रहने गरी वरिष्ठ उपाध्यक्ष बन्ने कोसिस गरेका थिए।

महाधिवेशनमा प्रतिनिधिमाझ सहानुभूतिको राम्रो माहोल हुँदाहुँदै सर्वसम्मत नेतृत्व छान्ने ओलीको अभियानमा साथ दिएर नेम्वाङले उपाध्यक्षमै चित्त बुझाए। पार्टीभित्र गुट निर्माण नगरे पनि कतिपय सवालमा नेम्वाङ ओलीको निर्णय र पार्टी सञ्चालनको कार्यशैलीलाई कूटनीतिक रूपमा असहमति जनाउँथे। निकटस्थहरूसँग संसद् विघटन गर्ने कदम बेठीक र असंवैधानिक भन्नुका साथै सार्वजनिक कार्यक्रममा कुटनीतिक रूपमा असहमति राखेकै कारण नेम्वाङसँग ओली भित्री रूपमा असन्तुष्ट थिए।

अघिल्लो महिना नेम्वाङले धुलिखेलमा आयोजित एक कार्यक्रममा लामो समय संसद् अवरुद्ध गर्ने पार्टी निर्णय संसदीय अभ्यासका हिसाबले बेठीक र राजनीतिक रूपले मात्रै ठीक रहेको धारणा सार्वजनिक गरेका थिए। नेतृत्वको निर्णय बेठीक भएकाले सहमति खोज्नुपर्ने नेम्वाङको धारणाले दबाब सिर्जना गरेका कारण सत्तापक्ष-प्रमुख प्रतिपक्ष सहमतिको बिन्दु पहिल्याउन बाध्य भएको राजनीतिक टिप्पणी गर्ने गरिन्छ।

पार्टीभित्र अलग्गै समूह निर्माण नगरे पनि नेम्वाङको पछिल्लो भूमिकाले सामूहिक रूपमा पार्टी सञ्चालन र पार्टी एकताका लागि अप्रत्यक्ष दबाब सिर्जनाको आभास भएको कतिपय पदाधिकारी अनौपचारिक रूपमा टिप्पणी गर्छन्। आफ्ना असहमति 'बोल्ड' रूपमा भन्दा पनि मृदुभाषी र कूटनीतिक शैलीमा अभिव्यक्त गर्ने स्वभावका कारण नेम्वाङले नेतृत्वलाई सीधा टक्कर भने कहिल्यै दिएनन्।

नेम्वाङको निधनको खबर पाएपछि राति नै एमाले अध्यक्ष केपी ओलीसहित नेता टिचिङ अस्पताल पुगेका थिए। यसैगरी प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, सभामुख देवराज घिमिरे, उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ अस्पताल पुगेर जानकारी लिएका थिए। उज्यालो हुँदै जाँदा नेम्वाङलाई श्रद्धाञ्जली दिन थुप्रै नेता-कार्यकर्ता टिचिङ पुगेका थिए। नेम्वाङको पार्थिव शरीरलाई ९ बजे श्रद्धाञ्जलीका लागि एमाले केन्द्रीय कार्यालय च्यासलको तुल्सीलाल स्मृति हलमा लगिएको थियो।

च्यासल पुगेर प्रधानमन्त्री प्रचण्ड, सभामुख घिमिरे, राष्ट्रिय सभा अध्यक्ष गणेश तिमिल्सिना, कांग्रेस सभापति शेरबहादुर देउवा, एकीकृत समाजवादीका अध्यक्ष माधव नेपाल, पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी, राप्रपा वरिष्ठ नेता पशुपतिशमशेर जबरा, पूर्वप्रधानमन्त्री झलनाथ खनाल, डा. बाबुराम भट्टराई, उपसभामुख इन्दिरा राना, राष्ट्रिय सभा उपाध्यक्ष उर्मिला अर्याल, सरकारका मन्त्रीहरू, विभिन्न पार्टीका नेताहरू, अधिवक्तालगायतले श्रद्धाञ्जली अर्पण गरेका थिए। नेम्वाङको पार्थिव शरीरमा पार्टी अध्यक्ष ओलीले कम्युनिस्ट पार्टीको झन्डा ओढाएका थिए।

नेम्वाङको पार्थिव शरीरलाई बुधबार १ बजेसम्म पार्टी कार्यालयमा राखिनेछ भने त्यसपछि बालुवाटारस्थित उनको निवास लगिनेछ। पारिवारिक तथा धार्मिक संस्कारका लागि पार्थिव शरीर बालुवाटारस्थित निवासमा राखिने एमाले प्रचार विभागले जनाएको छ। त्यहाँ नेम्वाङप्रति आफन्तजन, इष्टमित्र र परिवारका सदस्यबाट अन्तिम श्रद्धाञ्जली अर्पण गर्ने कार्यक्रम छ। नेम्वाङको पार्थिव शरीरलाई बिहीबार बिहान ११ बजे राजकीय सम्मानका साथ पशुपति आर्यघाटमा अन्त्येष्टि गरिनेछ।

संविधानसभा अध्यक्ष नेम्वाङको निधनमा दुःख व्यक्त गर्दै सरकारले राजकीय सम्मानका साथ अन्त्येष्टि गर्ने निर्णय गरेको छ। मंगलबार बिहान बसेको मन्त्रिपरिषद् बैठकले शोकमा बिहीबार सार्वजनिक बिदा दिने निर्णयसमेत गरेको छ।

नेम्वाङको निधनको शोकमा बुधबार तोकिएको प्रतिनिधिसभाको बैठक स्थगित भएको छ। नेम्वाङको निधनमा शोक प्रस्ताव पारित गर्न बिहीबार ३ बजेलाई अर्को बैठक तोकिएको छ।

> **विष्णु पौडेल,** एमाले उपाध्यक्ष
>
> शान्ति प्रक्रियाका बाँकी काम लोकतन्त्र र मानव अधिकारका सर्वमान्य सिद्धान्तका आधारमा टुंग्याउनुपर्छ भन्नेमा उहाँ (सुवास नेम्वाङ) अविचलित रूपमा लागिरहनुभएको थियो। उहाँ शान्ति प्रक्रियाको बाँकी काम टुंग्याउन जति समय लाग्छ, त्यसले देशलाई त्यति नै नोक्सान पुर्‍याउँछ भन्ने बुझाइमा हुनुहुन्थ्यो। त्यसकारण ठीक ढंगले छिटो सहमतिमा पुग्ने र शान्ति प्रक्रियाको बाँकी काम टुंग्याएर देशलाई अनिश्चय र अस्थिरताको चक्रव्यूहबाट बाहिर निकाल्नुपर्छ भन्नेमा उहाँको विशेष लगाव र प्रयत्न थियो। उहाँको अभावमा त्यस प्रयत्नलाई अगाडि बढाउनुपर्ने जिम्मेवारी अब हाम्रो काँधमा आएको छ।

कसले के भने ?

राजनीतिज्ञ, राष्ट्रसेवक, उद्योगी, व्यापारी, सञ्चारदेखि खेलसम्म समाजका सबै क्षेत्रले नेम्वाङको निधनप्रति दुःख व्यक्त गरेका छन्। खासगरी नेम्वाङले राजनीतिक परिवर्तन, संविधान निर्माणमा खेलेको समन्वयकारी र नेतृत्वदायी भूमिका, संविधानवाद र कानुनी शासनको वकालत गरेकोमा स्मरण गरिएको छ।

राष्ट्रपति रामचन्द्र पौडेलले नेम्वाङको अप्रत्याशित निधनले आफू मर्माहत र स्तब्ध भएको बताएका छन्। 'दुःखको यस घडीमा नेम्वाङप्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दै नेम्वाङ परिवार, गणतन्त्र पक्षधर तथा उहाँको पार्टीप्रति गहिरो समवेदना प्रकट गर्दछु,' पौडेलले भनेका छन्।

सभामुख घिमिरेले नेम्वाङप्रति श्रद्धाञ्जली र परिवारजनमा समवेदना प्रकट गर्दै भनेका छन्, 'उहाँको निधनले नेपालको संसद्ले एक अनुभवी र सिद्धहस्त राजनीतिज्ञ गुमाएको छ। प्रतिनिधिसभाले एक असल, लोकप्रिय र काबिल सदस्य गुमाएको महसुस गरेको छु। नेपालको न्याय क्षेत्रले कानुनका ज्ञाता गुमाएको छ। पाँच दशक लामो राजनीतिक यात्रामा असल राजनीतिज्ञ नेम्वाङसँग मैले लामो सहयात्रा गर्ने अवसर पाएको छु। राजनीतिक जटिलतालाई विभिन्न विकल्प र कोणबाट समाधान गर्ने उहाँको क्षमता बिरलै राजनीतिज्ञमा पाउन सकिन्छ। सभामुखमा निर्वाचित भएपछि मैले पनि संसदीय कामकारबाहीमा उहाँको अनुभव र सुझाव लिने गरेको स्मरण गर्दछु।'

राष्ट्रिय सभा अध्यक्ष गणेश तिमिल्सिनाले नेम्वाङको निधनप्रति दुःख व्यक्त गर्दै संसद्ले एक अनुभवी, असल र तथा राष्ट्रले एक सिद्धान्तनिष्ठ, देशभक्त इमानदार नेता गुमाएको उल्लेख गरेका छन्।

एकीकृत समाजवादीका अध्यक्ष नेपालले नेम्वाङको निधनबाट नेपालको कम्युनिस्ट आन्दोलन, लोकतान्त्रिक आन्दोलन र परिवर्तनले अपूरणीय क्षति व्यहोर्नुपरेको बताए। संविधान निर्माणमा मात्रै नभई दलहरूबीच सहमति र सहकार्यको माध्यमबाट मुलुकमा राजनीतिक परिवर्तनको हरेक मोडमा नेतृत्वदायी भूमिका निर्वाह गरेको उनले स्मरण गरे।

पूर्वसभामुख अग्नि सापकोटाले संविधानसभाबाट संविधान निर्माण गरी जारी गर्ने प्रक्रियामा नेम्वाङको अतुलनीय योगदान रहेको बताए। नेम्वाङले शालीन र समन्वयकारी भूमिकामार्फत सिंगो राजनीतिक वृत्तमा फरक छवि र पहिचान निर्माण गर्न सफल भएको उल्लेख गर्दै सापकोटाले नेपाली कम्युनिस्ट आन्दोलनको नेतृत्व तहमा रहेर लोकतन्त्र, सामाजिक न्याय र समतामूलक समाज निर्माणमा नेता नेम्वाङले पुर्‍याएको योगदान सधैँ स्मरणीय रहने बताएका छन्।

स्थानीय तह...

पृष्ठ १ बाट क्रमशः

विवरणका आधारमा सामाजिक सुरक्षा भत्ताको पैसा निकालेर हिनामिना गरेका हुन्।

विभागले ४८ वटा स्थानीय तहमा गत वर्षदेखि इलेक्ट्रोनिक्स फन्ड ट्रान्सफर (इएफटी) सुरु गरेको छ। जसअनुसार सरकारको खाताबाट सिधै लाभग्राहीको खातामा पैसा जान्छ। इएफटी लागू गरेयता ती स्थानीय तहका सामाजिक सुरक्षाको लागत एक्कासि घटेपछि हिनामिनाको आशंकामा विभागले छानबिन गरेको थियो। जसक्रममा विभिन्न स्थानीय तहमा हिनामिना हुँदै आएको पत्ता लागेको हो।

कतिपय स्थानीय तहमा सामाजिक सुरक्षा भत्ता हिनामिना भएको आशंकामा छानबिन भइरहेको विभागका निर्देशक नवराज जैसीले बताए। 'हामीले कतिपय स्थानीय तहमा एइफटी लागू गरेपछि लागत कम भएको छ, विगतमा हिनामिना भएको हो कि भन्ने आशंकामा छानबिन भइरहेको छ,' उनले भने। स्रोतका अनुसार केही स्थानीय तहको फाइलहरू अख्तियारमा बुझाइसकिएको छ। स्थानीय तह तथा बैंकका कर्मचारीलाई कारबाही गर्ने अधिकार नभएपछि विभागले अख्तियारलाई छानबिनका लागि पत्राचार गरेको थियो।

बैंकिङ प्रणाली लागू हुनुभन्दा पहिले मृत्यु भएका व्यक्तिको नाममा सामाजिक सुरक्षाभत्ताको हिनामिना हुँदै आएको थियो। बैंकिङ प्रणालीमा गएपछि पनि प्रणालीगत कमजोरीमा खेलेर हिनामिना हुने गरेको हो। चालू आर्थिक वर्षभित्र सबै स्थानीय तहमा इएफटी लागू गर्ने सरकारको तयारी छ। त्यसले यस्तो अनियमितता नियन्त्रण हुने विभागका कर्मचारी बताउँछन्।

दोहोरो सुविधा लिनेहरू पनि छानबिन

पेन्सनलगायत राज्यबाट अन्य सुविधा पनि लिने र सामाजिक सुरक्षा भत्ता पनि लिनेहरूमाथि पनि विभागले छानबिन थालेको छ। पेन्सन लिने र सामाजिक सुरक्षा भत्ता लिने करिब दुई हजार आठ सयजनाको नाम एउटै देखिएपछि त्यसबारे छानबिन गर्न विभागले प्रमुख जिल्ला अधिकारी र स्थानीय तहलाई पत्राचार गरेको छ।

सुदूरपश्चिमको...

पृष्ठ १ बाट क्रमशः

१२ असोज ०७५ मा प्रदेश सभाको दुईतिहाइभन्दा बढी मतले स्थायी राजधानी गोदावरी नगरपालिकाको वडा नम्बर २ र ४ पर्ने तेघरी र नाम सुदूरपश्चिम राख्ने प्रस्ताव पारित गरेको थियो। तर, राजधानीका लागि पूर्वाधार निर्माणको कुनै पनि काम सुरु नहुँदा प्रदेश सभाको निर्णय कागजमै सीमित बन्न पुगेको छ। जग्गाको भोगाधिकार नपाउँदा पहिलो प्रदेश सरकारको पाँचवर्षे कार्यकालमा राजधानी निर्माणको कुनै पनि काम हुन सकेन।

प्रदेश सरकारले स्थायी राजधानी तोकिएको क्षेत्रको नाप-नक्सांकनसहित चार सय ४४ बिघा जग्गाको भोगाधिकारका लागि २० माघ ०७५ मा प्रधानमन्त्री कार्यालयलाई पत्र पठाएको थियो। संघीय सरकारले भोगाधिकारबारे कुनै निर्णय गरेको छैन। 'त्यसवेला प्रधानमन्त्रीलाई पटक-पटक भेटेर जग्गाको भोगाधिकार दिन माग गरेका थियौँ, तर हुन्छ भन्ने आश्वासन मात्र पायौँ,' प्रदेश सभा सदस्य दीर्घ सोडारीले भने, 'संघले जग्गाको भोगाधिकार दिएको भए त्यतिवेलै पूर्वाधार निर्माणको काम सुरु भइसक्थ्यो।' जग्गाको भोगाधिकार को फाइल प्रधानमन्त्री कार्यालय र वन मन्त्रालयमै अड्किएको उनले बताए।

राजधानीको निर्णयविरुद्ध सर्वोच्च अदालतमा परेको मुद्दा पनि पाँच वर्षसम्म किनारा लागेको छैन। राजधानी तोकिएको ठाउँ वन क्षेत्रमा पर्छ। जंगल भएको ठाउँमा राजधानी तोकिएको भन्दै प्रदेश सभाको निर्णयविरुद्ध सर्वोच्च अदालतमा त्यतिवेला दुईवटा मुद्दा परेका थिए। जैविक मार्गमा राजधानी तोकिएको र सुदूरपश्चिमका सबै नागरिकलाई पायक पर्ने ठाउँमा नभएको भन्दै दिपायलमा राजधानी हुनुपर्ने मागसहित मनीषकुमार श्रेष्ठ र देवीकुमारी जोशीले रिट दायर गरेका थिए।

मुद्दा अहिले पनि विचाराधीन रहेको प्रदेश सरकारका मुख्य न्यायाधिवक्ता कुलानन्द उपाध्यायले बताए। तर, अदालतले निर्णय कार्यान्वयनमा रोकसहित अन्तिम आदेश नदिएकाले राजधानी निर्माणको काम अगाडि बढाउन सकिने उनको तर्क छ। मुद्दाभन्दा पनि भोगाधिकारका कारण निर्माण कार्य अगाडि बढ्न नसकेको उनले बताए। 'अदालतले 'स्टे अर्डर' दिएको छैन, त्यसैले संघीय सरकारले भोगाधिकार दिए पूर्वाधार निर्माणको काम अगाडि बढाउन सकिन्छ,' उपाध्यायले भने, 'मुद्दाका कारणभन्दा पनि प्रदेशबाट पहल हुन नसकेर राजधानीको काम अगाडि बढ्न नसकेका हो।'

पाँच वर्षसम्म राजधानीको पूर्वाधार निर्माण सुरु हुन नसक्नुमा प्रदेश सरकारको कमजोरी रहेको उनले बताए। उपाध्यायका अनुसार दुवै पक्षको प्रारम्भिक बहसपछि अदालतले निर्णय कार्यान्वयनमा रोक लगाउन नपर्ने अन्तरिम आदेश दिएको थियो। त्यसपछि भने यो मुद्दामा थप बहस हुन नसकेको बताइएको छ। यो मुद्दाको पेसी करिब २० पटक सरेको उपाध्यायले बताए। 'अदालतले स्टे अर्डर नदिएकाले निर्माणको काम सुरु गर्न सकिन्छ,' उनले भने।

प्रदेशले अदालतलाई राजधानी तोक्ने क्षेत्राधिकार संविधानतः प्रदेश सभालाई रहेको जवाफ पठाएको थियो। प्रदेश सरकारले भोगाधिकारका लागि संघलाई पठाएको पत्रमा चार सय ४४ बिघामध्ये आवश्यक जमिन मात्र उपभोग गर्ने र बाँकीको संरक्षण गर्ने भनेको छ। संघीय सरकारले भने वन क्षेत्र रहेको र मुद्दाको किनारा पनि नलागेकाले भोगाधिकार दिन नचाहेको बताइएको छ। राजधानीका लागि सुझाव दिन गठित संसदीय समितिले ठूला रूख नभएकाले गोदावरीको तेघरी क्षेत्र राजधानीका लागि उपयुक्त रहेको ठहरसहित सिफारिस गरेको थियो। राजधानी तोकिएपछि प्रदेश सरकारले हरेक वर्ष राजधानीको पूर्वाधार निर्माणका लागि बजेट विनियोजन गर्दै आएको छ। तर, काम नहुँदा बजेट खर्च हुँदैन। त्यसवेला सरकारले राजधानी पूर्वाधार विकास गठनादेशसमेत जारी गरेको थियो।

सिआइबीले...

पृष्ठ १ बाट क्रमशः

तिब्बती मूलका बेल्जियम नागरिक दावा छिरिङ र चिनियाँ नागरिक याओ पुचेङलाई मुख्य अभियुक्त बनाइएको छ। त्यस्तै, मुख्य बिचौलियाका रूपमा रहेका चिनियाँ नागरिक टियान मी, वेन तोङ, डिङ सेग्फा, ली नेङकाई, ली वेन सुङ, किशोर बस्नेत, सुमन खरेललाई खास अभियुक्त बनाइएको छ।

त्यसबाहेक पक्राउ परेका गणेश पौडेल, रामकुमार भुजेल, दिलीप भुजेल, हर्कराज राई, थाप्तेन छिरिङ, राजेन्द्र राई, अशोक लामा, जिक्वाङ लिन, राजन श्रेष्ठ, पुष्करराज भट्ट, कृष्ण श्रेष्ठ, यादव पराजुली, सुदर्शन गौतम, सन्तोष चन्द, कुमार ढकाल, सरोज श्रेष्ठ, सुरेन्द्र तामाङ, अधिकृत पुष्पा जोशी, नायब सुब्बाद्वय वीरेन्द्र नेपाली र कमल परियारलाई तस्करीका मुख्य मतियारका रूपमा खडा गरिएको छ।

सिआइबीले अभियुक्तविरुद्ध ६० किलो सात सय १६ ग्राम सुनको मूल्यबराबरको बिगो दाबी गरेको छ। बुधबारको बजार भाउअनुसार बिगो दाबी गरिएको सुनको मूल्य ५६ करोड ४४ लाख रुपैयाँ पर्छ। 'घटनामा ३० अभियुक्त पक्राउ परेका छन्। उनीहरूविरुद्ध बरामद भएको सुनको मूल्यबराबर बिगो दाबी माग गरिएको छ। यो भनेको करिब ५६ करोड ४४ लाख रुपैयाँ हुन आउँछ,' सिआइबी स्रोतले भन्यो। राजस्व अनुसन्धान विभागले गत ३ साउनमा विमानस्थलस्थित भन्सार कार्यालयबाट बाहिरिँदै गरेको मोटरसाइकल तथा स्कुटरको 'ब्रेकसु' बरामद गरेको थियो। सोही ब्रेकसुभित्र लुकाएर ६० किलो सुन तस्करी गरिएको थियो। उक्त सुन हङकङबाट विमान हुँदै काठमाडौं ल्याइएको थियो।

अपराध अन्तरदेशीय प्रकृतिको देखिएपछि अनुसन्धानका लागि सिआइबीले पहिलोपटक एसएसपी दिनेश आचार्यलाई गत १२ भदौमा हङकङ पठाएको थियो। अनुसन्धानपछि एसएसपी आचार्य नेपाल फर्किसकेका छन्। त्यस्तै, घटनाको अनुसन्धान गर्न सिआइबीले डिएसपी धर्म भण्डारीलाई भने भारत पठाएको छ। उनी पनि अनुसन्धान सकेर नेपाल फर्किसकेका छन्।

निकुञ्जभित्र...

पृष्ठ १ बाट क्रमशः

व्यवस्था अगाडि बढाइन लागिएको हो। यसअघि राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाबाहेकले निकुञ्ज र आरक्षको जग्गा उपभोग गर्न पाउँदैनथे। त्यसबाहेक सिँचाइ, खानेपानीसँगै व्यावसायिक प्रयोजनका लागि पनि निकुञ्ज र आरक्षभित्रको नदी, खोलाको पनि प्रयोगको बाटो खोलिँदै छ। निजी क्षेत्रले प्रतिस्पर्धामार्फत निकुञ्जभित्रको नदी, खोलाको पानी प्रयोग गर्न सक्ने गरी नियमावलीमा व्यवस्था गर्न लागिएको हो।

निकुञ्जभित्र केबलकार

शिवपुरी-नागार्जुन निकुञ्ज र अन्नपूर्ण संरक्षण क्षेत्रसहित संरक्षित क्षेत्रमा केबलकार चलाउने प्रयास गरिए पनि सफल हुन सकेको थिएन। निकुञ्ज ऐन, २०२९ को दफा ५ को 'निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्रको सर्वोपरि हितको निमित्त नेपाल सरकारले स्वयं वा तोकिएबमोजिमको कार्यविधि अपनाई कसैसित करार गरी होटेल, लज, सार्वजनिक यातायात वा यस्तै किसिमका अन्य सेवा वा सुविधाको व्यवस्था गर्न सक्नेछ' व्यवस्थालाई केबलकारमा पनि आकर्षित गर्न खोजे पनि सफल नभएका वेला अहिले नयाँ नियमावलीमार्फत केबलकारसँगै प्याराग्लाइडिङ, मोटर, क्यानोपी वाक, जिपलाइन, गल्फ सञ्चालनको बाटो खोल्न लागेको हो। नियमावलीको मस्यौदामा उल्लेख भएअनुसार धार्मिक वा पर्यटकीय हिसाबले प्रसिद्ध ठाउँमा आउजाउ गर्न केबलकार सञ्चालनको अनुमति दिन सकिनेछ। तर, केबलकारको सुरुवाती र अन्तिममध्ये एउटा स्टेसन भने निजी जग्गामा हुनुपर्ने व्यवस्था गर्न लागिएको छ।

तराईमा रहेका निकुञ्ज र आरक्षमा होटेल, लज, रिसोर्ट, टेन्डेड क्याम्प वा क्याम्पसाइट सञ्चालन गर्न दिइने भएको छ। तर, हिमाली र पहाडी क्षेत्रमा रहेका निकुञ्ज, आरक्षमा भने चिया, खाजापसल मात्र राख्न पाउने व्यवस्था गर्न लागिएको छ। खुला प्रतिस्पर्धाबाट सेवा सञ्चालन गरिने भनिएको छ। सरकारले तराई, चुरे क्षेत्रका निकुञ्ज वा आरक्ष तथा मध्यवर्ती वन क्षेत्रभित्र होटेल सञ्चालनका लागि गत वर्ष 'संरक्षित क्षेत्रभित्र पर्यटकीय सेवासम्बन्धी कार्यविधि' ल्याउन खोजेको थियो। अहिले नियमावलीमार्फत यो व्यवस्था गर्न लागिएको हो। चितवन राष्ट्रिय निकुञ्जमा सञ्चालित सात होटेलको लिज अवधि सकिएपछि ११ वर्षअघि बाहिरिएका थिए। तर, रारा निकुञ्जमा रहेको डाँफे होटेल भने पटके म्यादका आधारमा चलिरहेको छ।

ग्लोबल आइएमई बैंक लिमिटेडको एक भन्दा बढी डेबिट/क्रेडिट कार्ड एवं खाता भएका खातावाला ग्राहक महानुभावहरुलाई अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८०/०५/२७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

नेपाल राष्ट्र बैंकबाट जारी गरिएको एकीकृत निर्देशन २०७९ को इ.प्रा.निर्देशन नं. २१/०७९, बुँदा नं. ४४ बमोजिम बैंक तथा वित्तीय संस्थाले प्राकृतिक व्यक्तिको नाममा स्वदेशी मुद्रामा एउटै प्रकृतिको एक भन्दा बढी खाता (ने.रा. बैंकले तोके बाहेक) खोल्न नपाईने एवं एकजना व्यक्तिलाई एउटै प्रकारको एक भन्दा बढी कार्ड (डेबिट/क्रेडिट) जारी गर्न नपाईने व्यवस्था रहेको हुनाले यस बैंकमा स्वदेशी मुद्रामा एकै प्रकृतिको एक भन्दा बढी खाता खोलि र/वा एउटै प्रकारको एक भन्दा बढी कार्ड (डेबिट/क्रेडिट) प्राप्त गरी कारोबार गरिरहनुभएका ग्राहक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र पायक पर्ने नजिकको शाखा कार्यालयमा गई एक भन्दा बढी कायम रहेको कार्ड (डेबिट/क्रेडिट) तथा खाता बन्द गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौं। सो समय पश्चात त्यस्ता खाताहरु मध्ये एक मात्र खाता कायम गरी बाँकी रहेको अन्य खाताहरु बैंकको निर्णयअनुसार बन्द गरिने वा रोक्का राखिने छ। यसबाट भविष्यमा ग्राहक महानुभावहरुलाई पर्न जाने हानी नोक्सानी प्रति बैंक जिम्मेवार नरहने व्यहोरा समेत जानकारी गराउँदछौं।

साथै १० वर्ष देखि शुन्य मौज्दात रही कारोवार नभएका खाताहरु समेत बैंक आफैले बन्द गर्न सक्ने भएको हुंदा त्यस्तो खाता रहेका ग्राहक महानुभावहरुले पायक पर्ने नजिकको शाखा कार्यालयमा गई खाताको विवरण अद्यावधिक गरी खाता सञ्चालन गर्नुहुन समेत अनुरोध गर्दछौं।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

अस्वस्थ...

पृष्ठ १ बाट क्रमशः

केही तकलिफ छ कि भनेर सोध्दा उहाँले छैन भन्नुभयो। टाउको दुख्छ ? छाती दुख्ने छ भनेर सोधेँ, छैन भन्नुभयो। यसपछि मैले कतै अस्पताल जाने कि भनेर सोधेँ, पर्दैन भन्नुभयो। म यहाँ राति बस्नुपर्छ भन्दा उहाँले पर्दैन भन्नुभयो। भोलि बिहान तिमी ७ बजे आऊ, मलाई सुगर हेर, अनिखेरी मात्रै औषधि खाने, नखाने डिसिजन गर भन्नुभयो। मैले हुन्छ भनेर म साँझ ६ बजे त्यहाँबाट घर हिँडेँ।'

साँझ छुट्टिएका घिमिरेलाई राति नेम्वाङलाई अप्ठ्यारो भएको सूचना आयो। 'उनलाई राति एकैचोटि सवा १ बजे सुवास सरको फोनबाट कल आयो। ओहो, उहाँलाई अप्ठ्यारो नै भयो कि भनेर फोन उठाउँदा बहिनी (नेम्वाङको कान्छी छोरी)ले रुँदै अंकल बाबालाई अलिकति गाह्रो भयो, कहाँ लैजाने अस्पताल भनेपछि मैले टिचिङ नजिक पर्छ, त्यहाँ लैजाँदै गर्नुस्, म आउँछु भनेँ। म साढे १ मा पुगेँ,' उनले सुनाए, 'टिचिङबाट एम्बुलेन्स मगाएर त्यहाँबाट लगिसकिएको थियो। टिचिङ लैजाँदा बीचमा घटना के भएछ भन्दा खाटबाट तल लिएर आइसकेपछि ठूलो मान्छे बोकेर ल्याउँदा झमेला हुन्छ भन्छन्, प्रिपियर त कोही बसेको हुँदैन, अनि तल लिएर आउँदाखेरि ऐय्या ऐय्या भन्दै हुनुहुँदो रहेछ। अनि त्यही वेला हर्टअट्याक भएछ, चारवटै भल्ब गएछ। त्यो भएपछि एम्बुलेन्समा हालेर लगेर गएँ,' उनले घटना विवरण सुनाए।

टिचिङ लगेपछि डाक्टरहरूले कार्डियो गरिरहँदा पुगेका घिमिरेले चिकित्सकलाई के छ अवस्था भनेर सोध्दा जवाफ थियो, 'यहाँ आउँदा पल्स अलिअलि मात्रै भेटेको हो। रेसेसन ठ्याक्कै बन्द भइसकेको छ। प्रयासचाहिँ गरिरहेका छौँ।' इसिजीहरू मनिटरिङ गरेर चिकित्सकहरूले प्रयास गरे पनि दुर्भाग्यवश नेम्वाङलाई बचाउन नसकिएको घिमिरेले बताए।

टिचिङमा मंगलबार बिहान ६ बजेसम्म बसेका घिमिरेले नेम्वाङ शौचालयमा लडेको भन्ने आधिकारिक नसुनेको बताए। 'यो अहिले बाहिर आयो। तर, म ६ बजेसम्म बस्दा यस्तो कसैले केही भनेन। बरु बहिनीले मसँग रुँदै भनिन्- अंकल मैले बाबालाई १० बजे राति खाना खुवाएको, दुईजना सँगै खाना खाएर बुबा सुत्नुभयो। तर, बाथरुममा लडेको, उठाएको कसैले भन्दै भनेनन्। कहीं घाउ चोटपटक छैन,' उनले भने।

घिमिरेका अनुसार नेम्वाङको साथमा पत्नी र दुइटा छोरी थिए। उनीहरूले नै टिचिङ लगेका थिए। नेम्वाङका एक छोरा बेलायत र अर्का छोरा अस्ट्रेलिया छन्। पेसाले अधिवक्ता कान्छा छोरा सुहाङ केही दिनअघि अस्ट्रेलिया गएका थिए। सुहाङसँग उनकी आमाले कुरा गरेर घटनाबारे जानकारी गराएकी थिइन्।

त्यसपछि सुहाङले घिमिरेलाई फोन गरेका थिए, 'अंकल कस्तो छ ड्याडीलाई ?' जवाफमा घिमिरेले '९५ प्रतिशत आस छैन। पाँच प्रतिशतमा हेरौँ, एक प्रतिशतमा त मान्छे फर्किन सक्छ हाम्रो मेडिकल लाइनमा, यस्तै छ, जसरी हुन्छ चाँडो फर्किने प्रयास गर' भनेका थिए। सुहाङ नेपाल फर्किँदै छन्। उनी आइसकेपछि बिहीबार अन्त्येष्टि हुनेछ।

नेम्वाङलाई गाह्रो हुँदा ब्याकअपमा डा. पुष्प रिजालले हेर्थे। मंगलबार बिहान सिनियर अहेव रिजाल त्रिवि शिक्षण अस्पताल पुग्दा नेम्वाङलाई मृत घोषणा गरिसकिएको थियो। 'प्रदीपजीले १:३५ मा फोन गर्नुभएको थियो। २० मिनेटमा टिचिङ पुगेको थिएँ। त्यहाँ पुग्दा उहाँको एसिजीहरू सबै फ्लाट आइसकेको थियो। सिपिआर गर्दा पनि अनरेस्पोन्सिभ हुनुभयो। टिचिङका डाक्टरको सबै टिमले हेरिसके पछाडि फेरि रिभाइभ गर्न सकिन्छ कि भनेर पुनः प्रयास गर्दा रिभाइभ हुने सम्भावना देखिएन। त्यसपछाडि नो मोर भनेर डिक्लियर गरियो,' उनले सुनाए।

रिजालका अनुसार सडन कार्डियक अरेस्ट (एसिए) भएर नेम्वाङको निधन भएको हो। चिकित्सा विज्ञानमा यो भनेको अप्रत्याशित रूपमा मुटुको चाल बन्द हुनु हो। यसबाट हृदय र मस्तिष्कमा रक्त प्रवाह रोकिन्छ।

का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०
बुधबार २७ भदौ ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

एसियाडमा नेपालले मंगोलिया र माल्दिभ्ससँग खेल्ने

१९औँ एसियाडको टी-२० फर्म्याटमा नेपालले माल्दिभ्स र मंगोलियासँग खेल्नेछ। आइसिसी टी-२० वरीयतामा नेपाल १७औँ र माल्दिभ्स ८०औँ स्थानमा छन्। मंगोलियाको वरीयता छैन।



फाइल तस्बिर

नयाँ पत्रिका

चीनको हान्झाउमा आयोजना हुने १९औँ एसियाली खेलकुद प्रतियोगिता (एसियाड)मा नेपाली पुरुष क्रिकेट टोलीले समूह 'ए'मा माल्दिभ्स र मंगोलियाविरुद्ध खेल्ने भएको छ। यसअघि आयोजक र एससीले निकालेको ड्रमा नेपाल समूह 'बी'मा थियो। समूह बीको नेपालले जापान, कम्बोडिया र हङकङविरुद्ध खेल्नुपर्ने थियो। आयोजकले एक्कासि पुरुषतर्फको खेल र समूह परिवर्तन गरेको हो। एसियाडमा सन् २०१० देखि क्रिकेट समावेश गरेको थियो। नेपालले लगातार एसियाडमा सहभागिता जनाइरहेको छ। यसपटक रोहितकुमार पौडेलको कप्तानीमा नेपालले प्रतिस्पर्धा गर्नेछ।

नेपालले मंगोलियाविरुद्ध २७ सेप्टेम्बर मंगोलियाविरुद्ध खेल्नेछ। १ अक्टोबरमा नेपालको सामना माल्दिभ्ससँग हुनेछ। समूह विजेता क्वार्टरफाइनलमा पुग्नेछ। ३-४ अक्टोबरमा क्वार्टरफाइनल खेल सुरु हुनेछ। प्रतियोगिताको सेमिफाइनल ६ अक्टोबरमा हुनेछ। स्वर्ण र कांस्य पदकको खेल एकै दिन ७ अक्टोबरमा हुने आयोजकले जनाएको छ। नेपाल क्रिकेट संघ (क्यान) ले टी-२० फर्म्याटका लागि केही खेलाडी परिवर्तन गरेको छ। लामो समयपछि विकेटकिपर ब्याट्समयान विनोद भण्डारी टोलीमा फर्किसकेका छन्। उनी अहिले भारतमा विशेष प्रशिक्षणमा छन्।

■ नेपाल १७औँ स्थानमा

पुरुष एसियाडको समूह 'ए' मा नेपाल वरीयतामा शीर्ष स्थानमा छ। नेपाल आइसिसी टी-२० वरीयतामा १७औँ स्थानमा छ। मंगोलियाले वरीयता प्राप्त गरेको छैन। आइसिसीको पछिल्लो अन्तर्राष्ट्रिय टी-२० वरीयतामा माल्दिभ्स ८०औँ स्थानमा छ। मंगलबार पुनः डू निकालिँदा नेपाल तुलनात्मक रूपमा सहज समूहमा परेको छ। प्रतियोगितामा सहभागी टेस्ट खेल्ने राष्ट्रहरूले आफ्ना 'ए' टोली पठाएका छन्। सिनियर टोलीलाई भारतमै आयोजना हुने एकदिवसीय क्रिकेट प्रतियोगितामा सहभागी गराउनेछन्।

आइसिसीको पूर्णकालीन सदस्य भारत, पाकिस्तान, बंगलादेश र श्रीलंकाले एसियाडमा 'ए' टोली पठाएको आयोजकले जनाएको छ।

प्रतियोगितामा अफगानिस्तानले भाग लिएको छैन। प्रतियोगितामा भारत, पाकिस्तान, श्रीलंका र बंगलादेशले सीधै क्वार्टरफाइनल स्थान बनाएका छन्। प्रतियोगिताको समूह 'बी'मा जापान, कम्बोडिया र हङकङ छन्। समूह 'सी'मा सिंगापुर, थाइल्यान्ड र मलेसिया छन्।

■ टी-२० विश्वकप छनोटअघि तयारी

कात्तिकमा नेपालले त्रिभुवन अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा आइसिसी टी-२० विश्वकप एसिया क्षेत्रीय छनोटमा प्रतिस्पर्धा गर्दै छ। वेस्ट इन्डिज र अमेरिकाले संयुक्त रूपमा आयोजना गर्ने टी-२० विश्वकपमा पाँच राष्ट्र मात्र छनोट हुन बाँकी छन्।

यसपटक आइसिसीले विश्वकपमा सर्वाधिक २० राष्ट्रबीच खेल हुने जनाएको छ। अहिले नै १५ राष्ट्रले प्रतियोगितामा स्थान पक्का पारेका छन्। एसियाबाट दुई टोली छनोट हुनेछन्। त्रिवि मैदानमा ३० अक्टोबरदेखि ९ नोभेम्बरसम्म छनोट खेल हुनेछ।

आयोजक नेपालसँगै मलेसिया, युएई, हङकङ, ओमान, बहराइन, सिंगापुर र एसिया क्षेत्रीय छनोट 'ए'बाट आउने एक टोलीले भाग लिनेछन्। एसिया क्षेत्रीय छनोट 'ए' सेप्टेम्बरमा कतारमा हुनेछ। छनोट 'ए'मा कतार, कुवेत, माल्दिभ्स र साउदी अरेबिया छन्। विजेता टोलीले अन्तिम क्षेत्रीय छनोट खेल्नेछ। एसिया छनोटको शीर्ष दुई टोलीले विश्वकपमा स्थान बनाउनेछन्।

■ नेपाली टोली

रोहितकुमार पौडेल (कप्तान), कुशल भुर्तेल, दीपेन्द्रसिंह ऐरी, आसिफ शेख (विकेटकिपर), कुशल मल्ल, गुलसन झा, करण केसी, अभिनाश बोहरा, सन्दीप लामिछाने, ललितनारायण राजवंशी, विवेककुमार यादव, प्रतिश जिसी, सोमपाल कामी, सन्दीप जोरा र विनोद भण्डारी (विकेटकिपर)

■ घिसिङ सेफ दी मिसन

१९औँ एसियाडमा नेपाली टोलीको नेतृत्व राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले गर्ने भएका छन्। नेपाल ओलम्पिक कमिटी (एनओसी)को १६औँ कार्यकारी बैठकले एसियाडमा नेपालको सेफ दी मिसनमा घिसिङलाई नियुक्त गरेको हो। एनओसीका अध्यक्ष जीवनराम श्रेष्ठको अध्यक्षतामा बसेको बैठकले नेपालको डेपुटी सेफ दी मिसनमा कमिटीका उपाध्यक्ष तथा कार्यकारी निर्देशक चतुरानन्दराज वैद्य र परिषद्को बोर्ड सदस्य अञ्जन धमलालाई नियुक्त गरेको छ। बैठकले ओलम्पिक बडापत्रको धारा २७ र २८ को उपधारा ४ र ५ अनुसार निर्णय गरेको हो। एसियाडजस्तो अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपाली टोलीका सेफ दी मिसनको चयन एनओसीले गर्छ। प्रतियोगिताका क्रममा सेफ दी मिसन खेलाडी भिलेजमा बस्नुपर्नेछ। उनको पहुँच चिकित्सकीय, प्रशिक्षण तथा प्रतिस्पर्धा स्थल, मिडिया सेन्टर र एसियाली फेमिली होटेलमा पनि हुने गर्छ।



■ खेलाडी संख्या निश्चित

एनओसीको बैठकले प्रतियोगितामा सहभागी हुने खेल तथा त्यसमा सहभागी हुने खेलाडी संख्याको निर्णय गरेको छ। नेपालले आधिकारिक रूपमा २९ खेलमा दुई सय ५३ खेलाडीले भाग लिनेछन्। गत १२ भदौमा अनलाइन डेलिगेसन रजिस्ट्रेसन बैठक (डिआरएम) अनुसार यो निर्णय भएको एनओसीले जनाएको छ। बैठकमा उपाध्यक्ष वैद्य, कार्यालय सचिव सुजनलाल श्रेष्ठसँगै परिषद्को बोर्ड सदस्य धमलाले भाग लिएका थिए। ३० भदौमा हाङ्झाउमै भौतिक उपस्थितिमा अन्तिम डिआरएम बस्नेछ।

आर्चरीमा ४, एथलेटिक्समा ८, बास्केटबलमा ४, ब्याडमिन्टनमा ८, बक्सिङमा १३, ब्रेकिनमा १, क्यानोईमा १, क्रिकेटमा १५, साइक्लिङमा २, ई-स्पोर्टसमा २३, फेन्सिङमा ६, फुटबलमा २२, गल्फमा ६, ह्यान्डबलमा १६, जुडोमा ८, कपर्दीमा १२, कराँतेमा ८, रग्बीमा १२, सुटिङमा २, स्ववासमा ६, पौडीमा ४, टेबलटेनिसमा ६, तेक्वान्दोमा ११, टेनिसमा ६, ट्रायथलनमा ४, भलिबलमा २४, भारोत्तोलनमा ५, कुस्तीमा ४ तथा उसुमा १२ खेलाडीको सहभागिता रहनेछ।

संघले खेल्नबाट वञ्चित गराएको तेक्वान्दो खेलाडीको आरोप

२७ देखि ३१ असोजसम्म हुने ११औँ कोरियन एम्बेसडर अन्तर्राष्ट्रिय प्रतियोगितामा नाम दर्ता प्रक्रियामा नेपाल तेक्वान्दो संघले पहल नगरेको खेलाडीहरूको गुनासो



नयाँ पत्रिका

नेपाल तेक्वान्दो संघले ११औँ कोरियन एम्बेसडर खुला अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजनामा आफूहरूलाई खेल्नबाट वञ्चित गराएको आरोप लगाएका छन्। नेपालस्थित दक्षिण कोरियाली दूतावास र नेपाल तेक्वान्दो संघकै संयुक्त आयोजनामा २७ देखि ३१ भदौसम्म कोरियन एम्बेसडर तेक्वान्दो हुँदै छ। यसै प्रतियोगितामा संघका केही पदाधिकारी र खेलाडीले प्रतियोगितामा सहभागिता गराउन पहल नगरेको ४० जना पीडित खेलाडीले बताएका हुन्।

संघले ४ भदौमा खेलाडीको नाम दर्ताको सूचना निकालेको थियो। प्रतियोगितामा सहभागिताका लागि तयारी गरेका खेलाडीहरूले आफ्नो नाम दर्ता गर्न खोज्दा संघका पदाधिकारीले विभिन्न बहाना गरी नाम दर्ता गर्न नदिएको बताए। 'संघले हामी खेलाडीमाथि तेक्वान्दो संघले विभेद गरेको छ,' कोटेश्वर डोजाङका खेलाडी एलिस ठकुरीले भने, 'यदि हामीले खेल्न पाएनौं भने अधिकार प्राप्त गर्न कानुनी उपचारमा जान्छौं।' सो प्रतियोगितामा प्रतिस्पर्धा गर्न नेपालबाट पनि खेलाडीले आफ्नो नाम दर्ता गराएका थिए। तर, प्रकाशशमशेर राणा नेतृत्वको संघले आफूहरूको दर्ता अस्वीकृत गरेको खेलाडीहरूले दाबी गरेका छन्।

संघले स्वतन्त्रतापूर्वक खेल्न पाउने आफूहरूको अधिकारबाट वञ्चित गराएको उनीहरूले आरोप लगाएका छन्। संघभित्रको राजनीतिक खिचातानीका कारण आफूहरूको भविष्यमाथि समेत खेलबाड भइरहेको उनीहरूले निराशा पोखेका छन्। प्रतियोगितामा सहभागी हुन तयारी गरेका अधिकांश खेलाडीले संघबाट निरंकुशता लाद्न खोजेको जनाए। प्रतियोगितामा सहभागी हुनका लागि युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय खेलकुद परिषद्मा समेत निवेदन दिए पनि कुनै सुनुवाइ नभएको खेलाडी ठकुरीले बताए।

■ संघले तोकेकै शुल्क बुझाउँदा पनि भएन नाम दर्ता

इमेलमार्फत तेक्वान्दो संघलाई जानकारी गराउँदा सुनुवाइ नभएपछि आफूहरू बाध्य भएर अगाडि आएको खेलाडीले बताए। आबद्ध डोजाङमार्फत संघले तोकेको विभिन्न शुल्क बुझाएर तोकेको मापदण्ड पूरा गरी खेल्न योग्य हुँदा पनि प्रतियोगितामा भाग लिन नदिनु दुःखद भएको ठकुरीले बताएका छन्।

'संघका पदाधिकारीबीच आपसी कुरा नमिल्दा हामी अन्यायमा परेका छौं,' उनले भने, 'संघले खेलाडीलाई समान व्यवहार गर्नुपर्छ।' तेक्वान्दो संघमा आसीन केही पदाधिकारीको निरंकुशता हावी भएको उनको भनाइ छ। 'संघ सबैको साझा हो, सबैलाई एकै नजरमा हेरिनुपर्छ,' उनले भने, 'नाम दर्ता गराउन जाँदा हामीलाई विभिन्न बहाना गरी फर्काइएको थियो।'

नेपालस्थित दक्षिण कोरियाली दूतावासको पाँच लाख सहयोगमा हुँदै आएको तेक्वान्दो प्रतियोगितामा यसअघि खेलाडीले निःशुल्क खेल्दै आए पनि यसपटकदेखि एक हजार पाँच सय शुल्क लिएको र सोही शुल्क तिरेर पनि आफूहरूले खेल्न नपाएको तेक्वान्दो खेलाडीको भनाइ छ।

संघको गतिविधिविरुद्ध दूतावासमा समेत निवेदन दिएको खेलाडीहरूले जानकारी दिए। कोही खेलाडीले संघको विरुद्धमा बोल्दा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा खेल्नबाट वञ्चित गर्ने नियत भएको खेलाडीहरूले आरोप लगाएका छन्।

खेल संक्षेप

फुटसलको उपाधि बायोमेडिकललाई

काठमाडौं/ पूर्वाञ्चल विश्वविद्यालय कप फुटसल प्रतियोगिताको उपाधि कलेज अफ बायोमेडिकल इन्जिनियरिङ एन्ड एप्लाइड साइन्सेसले जितेको छ। प्रतियोगिताको मंगलबार भएको फाइनलमा काष्ठमण्डप कलेज अफ म्यानेजमेन्टलाई ६-५ गोलअन्तरले पराजित गर्दै बायोमेडिकलले उपाधि जितेको हो। दुई गोलले पछि परेको बायोमेडिकलले उत्कृष्ट कमब्याक गर्दै निर्धारित ६० मिनेटको खेलमा ६-५ ले जित्यो। च्याम्पियन कलेजका विप्लव थापाले सर्वाधिक चार गोल गरेका थिए। विजेताले एक लाख र उपविजेता काष्ठमण्डपले ५० हजार प्राप्त गरेका छन्। बायोमेडिकलका विप्लव थापा सर्वाधिक गोलकर्ता बने। उनले चार खेलमा १५ गोल गरे। उत्कृष्ट गोलरक्षक पनि बायोमेडिकलकै प्रज्वल प्याकुरेल भए। उत्कृष्ट खेलाडीको अवार्ड पनि बायोमेडिकलका कृष्ण दुलाल घोषित भए।

ज्ञानेन्द्र उपाध्यक्षमा मनोनीत

काठमाडौं/ नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघले राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तान ज्ञानेन्द्र मल्ललाई उपाध्यक्षमा मनोनयन गरेको छ। खेलाडी संघले ज्ञानेन्द्रसहित तीन सदस्य पनि मनोनयन गरेको अध्यक्ष दीपक श्रेष्ठले बताएका छन्। बास्केटबलकी सदिना श्रेष्ठ, एथलेटिक्सकी सन्तोषी श्रेष्ठ र भलिबलकी सरस्वती चौधरी सदस्यमा मनोनीत भए। मनोनयनसँगै खेलाडी संघको केन्द्रीय कार्यसमितिले पूर्णता पाएको छ। १९ भदौमा सम्पन्न खेलाडी संघको साधारणसभा तथा निर्वाचनले श्रेष्ठको अध्यक्षतामा १५ सदस्यीय केन्द्रीय कार्यसमिति निर्विरोध चयन गरेको थियो।

एलए पौडी शनिबार

काठमाडौं/ लिटिल एन्जल्स (एलए) स्कुलको आयोजनामा १९औँ अन्तरविद्यालय पौडी प्रतियोगिता शनिबार हुने भएको छ। प्रतियोगितामा विभिन्न ७२ विद्यालयका चार सय खेलाडीको सहभागिता रहने एलएका प्रिन्सिपल मुकुन्दराज शर्माले जनाएका छन्। प्रतियोगितामा दुई सय ३० पुरुष र एक सय ७० महिलाले भाग लिनेछन्। दुईदिने प्रतियोगितामा ५३ स्पर्धामा प्रतिस्पर्धा हुने एलएका पौडी प्रशिक्षक वैकुण्ठ प्रधानले जानकारी गराए। खेल हात्तीवनस्थित एलएकै पौडी पोखरीमा हुनेछ।

तेम्रो पुष्पसदन बास्केटबल हुने

काठमाडौं/ तेम्रो पुष्पसदन कप काठमाडौं उपत्यकाव्यापी अन्तरविद्यालय बास्केटबल प्रतियोगिता आगामी शुक्रबारदेखि हुने भएको छ। ८ भदौसम्म चल्ने प्रतियोगिता लिगकम नकआउटका आधारमा हुनेछ। प्रतियोगितामा सिनियर पुरुषमा १६ र जुनियर पुरुषमा आठ टोलीले भाग लिने आयोजकले जनाएको छ। यसैगरी, महिला र पुरुषतर्फ श्री बाई श्री इभेन्ट पनि रहेको छ। प्रतियोगिताका खेल पुष्पसदन स्कुलको बास्केटबल कोर्टमा हुनेछ। यसैबीच, मंगलबार प्रतियोगिताको ड्रू निकालिएको छ। पहिलो तथा दोस्रो हुने टोलीले ट्रफी प्राप्त गर्नेछन्। उत्कृष्ट खेलाडी, इमर्जिङ प्लेयर र फेयर प्लेका लागि पनि विशेष पुरस्कार राखिएको छ।

वडा २३ ले महानगरलाई हरायो



काठमाडौं/ प्रयागराज सिंह सुवाल स्मृति अन्तरवडा फुटसल प्रतियोगितामा मंगलबार आयोजक वडा २३ ले जित निकालेको छ। काठमाडौं महानगरपालिकाका वडाबीच लैनचौर फुटसल मैदानमा भइरहेको प्रतियोगिताको उद्घाटन खेलमा वडा २३ ले काठमाडौं महानगरपालिकालाई ५-३ को अन्तरले पराजित गरेको छ। उद्घाटन खेलमा वडा २३ लाई जित दिलाउने क्रममा विशाल श्रेष्ठले ह्याट्रिक गरेका थिए। यसैगरी, शिरीष महर्जन र सुमिन मानन्धरले काठमाडौं महानगरविरुद्ध गोल गरे। महानगरपालिकाका विनय शाक्य र गौरवले एक-एक गोल फर्काए।

लैनचौर फुटबल मैदानमा भएको अर्को खेलमा वडा १४ ले वडा ३० लाई ३-१ ले हरायो। वडा २२ ले वडा १६ माथि ३-० को जित निकालेको छ। वडा २२ को जितमा सुशील खड्गीले ह्याट्रिक गरेका थिए। प्रतियोगिताको पहिलो दिन विजयी भएका वडा प्रिक्वार्टरफाइनलमा प्रवेश गरेका छन्।

प्रतियोगिताको बुधबार वडा ५ ले वडा २६ को सामना गर्नेछ। वडा २८ ले वडा २४ विरुद्ध खेल्नेछ। वडा २१ ले वडा १३ र वडा १२ ले वडा १८ सँग खेल्नेछन्। यसअघि काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाहले प्रतियोगिताको उद्घाटन गरेका थिए।

३ असोजसम्म हुने सो प्रतियोगितामा काठमाडौं महानगरपालिका केन्द्रसहित ३० वडाको सहभागिता रहेको वडा २३ का अध्यक्ष मचाराजा महर्जनले बताएका छन्। नकआउटका आधारमा भइरहेको प्रतियोगितामा विजेताले दुई लाख र उपविजेताले एक लाख प्राप्त गर्ने उनले बताए। यसैगरी, विधागततर्फ उत्कृष्ट हुने सर्वश्रेष्ठ खेलाडी, सर्वाधिक गोलकर्ता र सर्वश्रेष्ठ गोलरक्षकलाई जनही दश हजार रुपैयाँले पुरस्कृत गरिनेछ।

साउदी प्रो लिगको प्रस्ताव लिभरपुलद्वारा अस्वीकार



लन्डन/ साउदी प्रो लिगमा आबद्ध अल इतिहादले मोहमद सलाह भित्र्याउन प्रस्तुत गरेको एक सय ५० मिलियन डलर पाउन्ड प्रस्ताव लिभरपुलले अस्वीकार गरेको छ। इतिहादले साउदी प्रो लिगमा अहिलेसम्मकै कीर्तिमानी प्रस्ताव लिभरपुलसमक्ष राखेको थियो। तर, इंग्लिस प्रिमियर लिगको क्लब लिभरपुलले आफ्ना महत्त्वपूर्ण खेलाडी बिक्रीमा नरहेको जनाएको छ। इतिहादले आफ्नो टोली बलियो बनाउन सलाहलाई भित्र्याउन एक महिनादेखि पछि लागेको थियो। लिभरपुलले उनलाई बेच्न नचाहेको बिबिसीले जनाएको छ।

सलाह भित्र्याउन असफल भएपछि इतिहादले अब इंग्लिस क्लबका खेलाडीमाथि आँखा लगाएको छ। डिफेन्डर लुइस फिलिपे तथा डेमारी गायमाथि प्रस्ताव पठाउने तयारी गरेको छ। यस सिजनमा आक्रामक शैलीमा खेलाडी अनुबन्ध गरेको इतिहादले स्पेनिस क्लब रियल म्याड्रिडबाट करिम बेन्जिमा र चेल्सीका एंगोलो कान्टेलाई अनुबन्ध गरेको थियो। साथसाथै, फाविन्हो र जोटासमेत इतिहादले भित्र्याएको छ।

साउदी प्रो लिगका निर्देशक माइकल इमेनालोले सलाहलाई अनुबन्ध गर्ने बाटो बन्द नभएको जनाएका छन्। 'वर्तमान समयमै हामीले उत्कृष्ट खेलाडी अनुबन्ध प्रयास गर्‍यौं, यद्यपि पहिलो चरणमा असफल भए पनि उनलाई ल्याउने बाटो पूरै बन्द भएको छैन,' इमेनालोले भने। गत सिजनमा इजिप्टका खेलाडी सलाहले लिभरपुलसँग तीन वर्षको सम्झौता गरेका थिए। इमेनालोले निकै गोप्य रूपमा इजिप्टका खेलाडीसँग वार्ता चलिरहेको जनाए।

भारत एसिया कपको फाइनलमा

कोलम्बो/ भारत एसिया कप क्रिकेट प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ। प्रतियोगिताअन्तर्गत सुपर फोरमा भारतले आयोजक श्रीलंकालाई ४१ रनले हराउँदै अन्तिम दुईको स्थान सुरक्षित गरेको हो। भारतले दुई खेलबाट चार अंक बटुलेको छ। अब श्रीलंका र पाकिस्तानबीचको विजेताविरुद्ध उपाधिका लागि प्रतिस्पर्धा गर्नेछ। श्रीलंका र पाकिस्तानले दुई खेलबाट समान दुई अंक बटुलेका छन्। सुपर फोरको चौथो टोली बंगलादेश अंकविहीन छ।

भारतले अब बंगलादेशको सामना गर्नेछ। भारतलाई हराउँदा पनि बंगलादेशको अन्तिम दुई पुग्ने सम्भावना छैन। पाकिस्तान र श्रीलंकाबीचको खेल सेमिफाइनलसरह नै हुनेछ। प्रतियोगिताको मंगलबार भारतले पहिलो ब्याटिङ गरी ४९.१ ओभरमा सबै विकेट गुमाएर दुई सय १३ रन बनाएको थियो। प्रत्युत्तरमा श्रीलंका ४१.३ ओभरमा एक सय ७२ रनमै समेटियो। भारतलाई जित दिलाउन कुलदीप यादवले ४३ रन खर्चेर चार विकेट लिए।
श्रीलंकाका लागि दुनिथ वालालागेले सर्वाधिक ४२ र धनञ्जय डी सिल्भाले ४१ रन बनाए।

■ दुनिथको घातक बलिङ



स्पिनर दुनिथ वालालागेले घातक बलिङ गरेपछि फर्ममा रहेको भारतीय ब्याट्समयानले श्रीलंकाविरुद्ध सोचेजस्तो योगफल खडा गर्न सकेनन्। स्पिनर दुनिथले १० ओभरमा एक मेडन राखी सर्वाधिक पाँच विकेट लिएका थिए। उनले आफ्नो स्पेलमा ४० रन खर्चे। उनलाई साथ दिन चरिथ आसालांकाले चार विकेट हात पारे। उनले नौ ओभरमा एक मेडनसहित १८ रन खर्चेका थिए। भारतविरुद्धको १० विकेट स्पिनरले लिएका हुन्। पहिलो ब्याटिङ गरेको भारतले सुरुवात उत्कृष्ट गर्‍यो।

लगातार तीन खेल प्रतिस्पर्धा गरेका भारतीय ओपनर रोहित शर्मा र शुभमन गिलले पहिलो विकेटका लागि ११.१ ओभरमा ८० रनको साझेदारी गरेका थिए। गिलले २५ बलमा दुई चौकाको सहयोगमा १९ रन जोडे। दुनिथले आफ्नो पहिलो बलमै शुभमन गिललाई बोल्ड गरे। उनले भारतका शीर्ष चार विकेट लिए।

खेलमा पूरै स्पिनर हावी भए पनि भारत इनिङ्सको एक समय २९.५ ओभरमा १५४-३ को अवस्थामा थियो। तर, दुनिथ र आसालांकाले मध्यक्रम र तल्लोक्रम ब्याटिङ ध्वस्त पारेपछि भारत मध्यम योगफलमै समेटियो। भारतले सोमबार पाकिस्तानविरुद्ध ३ सय ५६ रन बनाएको थियो। भारतले एसिया कपमा पाकिस्तानमाथि पहिलोपटक दुई सय २८ रनको विशाल अन्तरले हराएको थियो।

■ एकदिवसीयमा रोहितको १० हजार रन पूरा

भारतीय कप्तान रोहित शर्माले एकदिवसीय खेलमा १० हजार रन पूरा गरेका छन्। एकदिवसीय फर्म्याटमा यो सफलता प्राप्त गर्ने उनी विश्वकै १५औँ खेलाडी हुन्। श्रीलंका र पाकिस्तानले संयुक्त रूपमा आयोजना गरिरहेको एसिया कपअन्तर्गत मंगलबार श्रीलंकाविरुद्ध २२ रन बटुल्दै रोहितले १० हजार रन पूरा गरेका थिए। सन् २००७ मा उनले आयरल्यान्डविरुद्ध एकदिवसीय खेलमा डेब्यु गरेका थिए। उनले दुई सय ४८ खेलमा ३० शतक र ५१ अर्धशतकीय इनिङ्स खेलेका छन्।

एकदिवसीय खेलमा उनको नाममा दुर्लभ कीर्तिमान छ। उनले तीनपटक दोहोरो शतकीय इनिङ्स खेलेका छन्। एकदिवसीय खेलमै उनले श्रीलंकाविरुद्ध सन् २०१४ मा दुई सय ६४ रनको व्यक्तिगत रन जोडेका थिए। भारतबाट ५० ओभरको खेलमा १० हजार रन बनाउने उनी छैटौं खेलाडी हुन्। यस फर्म्याटमा भारतकै सचिन तेन्दुलकरको नाममा विश्व रेकर्ड रूपमा १८ हजार चार सय २६ रन छ। सचिनले ४९ शतक लगाएका छन्। भारतका लागि विराट कोहलीले दोस्रो सर्वाधिक रनका रूपमा १३ हजार २४ रन जोडेका छन्।



कोहलीले सोमबार पाकिस्तानविरुद्ध शतकीय इनिङ्स खेल्दै १३ हजार रन पूरा गरेका थिए। उनले एकदिवसीय खेलमा ४७औँ शतक पनि पूरा गरे। अब सचिनको विश्व रेकर्ड बराबरी गर्न उनलाई दुई शतकीय इनिङ्स आवश्यक छ। भारतका पूर्वकप्तान सौरभ गांगुली ११ हजार तीन सय ६३ र राहुल द्रविडले १० हजार ६ सय ८९ रन बनाएका छन्। सन् २०११ मा भारतलाई एकदिवसीय विश्वकप विजेता बनाएका कप्तान महेन्द्रसिंह धोनीले १० हजार सात सय ७३ रन बनाएका छन्।

लक्जम्बर्गको पोस्टमा पोर्चुगलको नौ गोल



लन्डन/ युरोकप २०२४ को छनोटअन्तर्गत पोर्चुगलले मंगलबार राति लक्जम्बर्गमाथि ९-० को सानदार जित निकालेको छ। कप्तान क्रिस्टियानो रोनाल्डोविना मैदानमा उत्रेको पोर्चुगलले पहिलो हाफमा चार र दोस्रो हाफमा पाँच गोल गरेको थियो। अन्तर्राष्ट्रिय खेलमा प्रतिबन्धका कारण रोनाल्डोले छनोट खेल गुमाएका हुन्। अन्तर्राष्ट्रिय खेलमा रोनाल्डोले लक्जम्बर्गविरुद्ध ११ गोल गरेका छन्। पोर्चुगलले युरोकप छनोटमा लक्जमबर्गमाथि ठूलो अन्तरको जित निकालेको हो। लक्जम्बर्गविरुद्ध पोर्चुगलले पछिल्ला ६ खेलमा २१ गोल गरेको छ।

पोर्चुगलको इस्ताडियो अलगार्भेमा भएको खेलमा रामोस, डिफेन्डर गोन्कालो इनासियो र डिएगो जोटाले समान दुई गोल गरेका थिए। यसैगरी, जोआओ फेलिक्स, डिएगो होर्टा र ब्रुनो फर्नान्डेजले समान एक गोल गरे। रामोसले पोर्चुगललाई सुरुवाती अग्रता दिलाए। समूह 'जे' मा पोर्चुगलले ६ खेलमा १८ अंक जोडेको छ। लिक्टेन्स्टाइनलाई ३-० ले हराएको स्लोभाकियाको १३ अंक छ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com